# प्रारम्भिक सिकाइ तथा विकास


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०८२

# विषय सूची


| क्र. स. | विषय | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | सामाजिक संवेगात्मक विकास र सिकाइ | सम्झना बस्नेत | १ |
| २. | प्रारम्भिक बालविकासमा भाषिक विकास | डा. गणेशप्रसाद भट्टराई | ८ |
| ३. | नेपालमा बालविकास केन्द्रः समस्या, चुनौती तथा समाधान | पदमराज जोशी | १५ |
| ४. | सानो खर्च, अधिकतम सिकाइ | पवनकुमार अधिकारी | २० |
| ५. | प्रारम्भिक बालविकास क्षेत्रमा भएका राम्रा अभ्यास | डा. दिपु शाक्य | ३० |
| ६. | सफल र सिर्जनात्मक सिकाइका लागि सानै उमेरमा सिक्नपने सिप | देविना प्रधानाङ्ग | ३७ |
| ७. | सामाजिक, सांस्कृतिक, नैतिक सिप विकास र सिकाइ क्षेत्र | डा. मीनाक्षी दाहाल | ४० |
| ८. | प्रारम्भिक बालविकासका क्षेत्रमा देखा परेका चुनौती र सम्भाव्य समाधान | गोल्डेन कम्युनिटी | ४३ |
| ९. | शिक्षामा मानव मूल्य | अनिता निरौला | ५० |
| १०. | प्रारम्भिक बालविकास तथा शिक्षामा लगानीः औचित्य र अवस्था | हरि खनाल | ५४ |
| ११. | शिक्षाको साँचो | जसबहादुर कार्की | ६३ |
| १२. | Physical development of young children: Its meaning, scope and factors influencing physical development | Prof . Kishor Shrestha, | ६८ |
| १३. | Assistive Technology and Its Impact on Children with Disabilities in Nepal: Opportunities, Challenges, and Future Prospects | Dr . Laxman Prasad Gnawali | ७५ |
| १४. | प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्था | युवराज अधिकारी | ७९ |
| १५. | सेतो गुराँस रास्टि्रय बालविकास सेवा र ECD Harmony को सानो सहयोग, ठूलो परिवर्तन (सफलताको कथा) | शशी बिसी | ९१ |
| १६. | प्रारम्भिक बाल्यावस्थामा बौद्धिक क्षमता विकास र खेलको भूमिका | उमा घिमिरे | ९३ |

# सामाजिक संवेगात्मक विकास र सिकाइ

**सम्झना बस्नेत**

**काठमाण्डौ विश्वविद्यालय**

## १. लेखसार

सामाजिक तथा संवेगात्मक विकास अन्तरगत बालबालिकाको सौहार्दपूर्ण तथा सकारात्मक सम्बन्ध बनाउने क्षमतालाई समेट्छ । यो लेख विशेषगरी सामाजिक तथा संवेगात्मक सिप विकास सुनिश्चित गर्न गरिने सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning – SEL)मा केन्द्रित छ। सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning – SEL) लाई अहिले विश्वभर प्रारम्भिक बाल शिक्षाको मूल आधार का रूपमा स्वीकार गरिएको छ (CASEL, २०२०) । नेपालको ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा सामाजिक तथा संवेगात्मक विकास अन्तरगत हासिल गर्नुपर्ने मापदण्ड र सूचक सँगसँगै सिकाइ वातावरण र क्रियाकलाप पनि समेटेको हुँदा यसमा सामाजिक संवेगात्मक सिकाइ पनि समेटिएको छ। नेपालको प्रारम्भिक बाल शिक्षा प्रणालीले नीतिगत स्तरमा सामाजिक संवेगात्मक विकासलाई महत्त्व दिएको भए पनि व्यवहारिक कार्यान्वयनमा अझै चुनौतीहरू देखिन्छन्। प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) र राष्ट्रिय प्रारम्भिक शिक्षा तथा विकास पाठ्यक्रम (२०७७)ले समग्र बाल विकासलाई प्राथमिकता दिएको छ । तर धेरै कक्षाहरूमा पाठ्यक्रम र भीम्क को कार्यान्वयन कमजोर तथा शिक्षण अभ्यास अझै पनि शैक्षिक तयारी र पठन लेखन मै केन्द्रित रहेको पाइन्छ (ERO २०२४) । यस्ता अभ्यासको प्रभाव प्रत्यक्ष रुपमा बालबालिकाको विकासात्मक अवस्थामा देखिन्छ। समग्र रुपमा सामाजिक संवेगात्मक विकास अन्य विकासात्मक क्षेत्रभन्दा सबभन्दा कमजोर पाईएको छ।

सामाजिक संवेगात्मक सिकाइलाई पाठ्यक्रममा समावेश गर्नु मात्र पर्याप्त हुँदैन। यसको प्रभावकारी कार्यान्वयन कक्षाकोठाको दैनिक अभ्यास, शिक्षक बालबालिका सम्बन्ध र विद्यालय संस्कृतिमा निर्भर गर्छ । खेलमा आधारित सिकाइ, संवादात्मक गतिविधि र सहकार्यात्मक अभ्यासले बालबालिकालाई जीवन्त अनुभवमार्फत भावनात्मक सीप सिक्ने अवसर दिन्छ। नेपाल सन्दर्भमा नीतिगत ढाँचाले सामाजिक संवेगात्मक विकासलाई स्वीकार गरेको भए पनि व्यवहारिक कार्यान्वयन अझै सुदृढ गर्नुपर्ने अवस्था देखिन्छ । शिक्षक तालिम, मूल्याङ्कन प्रणाली र अभिभावक सहभागिता क्षेत्रमा संरचनात्मक सुधार आवश्यक छ।

## २. विषय प्रवेश

प्रारम्भिक बाल्यावस्था मानव विकासको सबैभन्दा संवेदनशील र आधारभूत चरण हो । यस अवधिमा बालबालिकाले शारीरिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक सीपहरू विकास गर्छन्, जसले उनीहरूको भविष्यको सिकाइ र जीवन व्यवहारलाई निर्धारण गर्छ।

सामाजिक तथा संवेगात्मक विकास अन्तरगत बालबालिकाको सौहार्दपूर्ण तथा सकारात्मक सम्बन्ध बनाउने क्षमतालाई समेट्छ। यसले गर्दा बालबालिका घरपरिवार, विद्यालय र समुदायमा राम्ररी घुलमिल हुन सक्ने हुन्छन्। साथै सामाजिक तथा संवेगात्मक विकासले बालबालिकाको संवेगात्मक सन्तुलन कायम गरी सिकाइ

तथा ज्ञान हासिल गर्ने कार्यमा संलग्न हुने क्षमता समेत बढाँउछ (शिक्षा विभाग, २०६९)।

यो लेख विशेषगरी सामाजिक तथा संवेगात्मक सिप विकास सुनिश्चित गर्न गरिने सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning – SEL)मा केन्द्रित छ । सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning – SEL) लाई अहिले विश्वभर प्रारम्भिक बाल शिक्षाको मूल आधारका रूपमा स्वीकार गरिएको छ (CASEL, २०२०) । Daniel Goleman (१९९५) का अनुसार सामाजिक संवेगात्मक सिकाइबाट विकास हुने भावनात्मक बुद्धिमत्ता (Emotional Intelligence) शैक्षिक उपलब्धिभन्दा पनि दीर्घकालीन सफलताको मुख्य आधार हो। न्यफ्भिबल को भावनात्मक बुद्धिमत्ता सिद्धान्तले पाँच प्रमुख तत्वहरूः आत्मचे तना, आत्मनियन्त्रण, प्रेरणा, सहानुभूति र सामाजिक सीपमा जोड दिन्छ। CASEL ढाँचाले पनि सामाजिक संवे गात्मक सिकाइलाई आत्मचेतना, आत्मव्यवस्थापन, सामाजिक चेतना, सम्बन्ध सीप, र जिम्मेवार निर्णयको पाँच क्षमतामा विभाजन गरेको छ (CASEL, २०२०) ।

सामाजिक संवेगात्मक सिकाइ (Social Emotional Learning – SEL) समावेश गरिएको पाठ्यक्रमले बालबालिकाको समग्र विकासमा दीर्घकालीन प्रभाव पार्छ। SEL अभ्यासले आत्मविश्वास, आत्मनियन्त्रण, सहकार्य क्षमता र समस्या समाधान सीप विकास गर्छ, जुन शैक्षिक उपलब्धि र सामाजिक अनुकूलन दुवैका लागि अत्यावश्यक छन् (Ferreira et al., २०२१) । SEL प्राप्त गरेका बालबालिकाले आफ्नो भावना पहिचान गर्न, नियमन गर्न र सामाजिक सम्बन्ध सुदृढ बनाउन सक्षम हुन्छन्। यी क्षमताहरूले विद्यालय जीवनमा मात्र होइन, भविष्यको सामाजिक र व्यावसायिक जीवनमा पनि सकारात्मक प्रभाव पार्छन्। यस सन्दर्भमा SEL लाई अलग विषयको रूपमा नभई शिक्षणसिकाइ प्रक्रियाको अभिन्न अंगका रूपमा बुझ्न आवश्यक छ।

नेपालको ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा सामाजिक तथा संवेगात्मक विकास अन्तरगत हासिल गर्नुपर्ने मापदण्ड र सूचक सँगसँगै सिकाइ वातावरण र क्रियाकलाप पनि समेटेको हुँदा यसमा सामाजिक संवेगात्मक सिकाइ पनि समेटिएको छ। यस मापदण्ड अन्तरगत निम्म विशिष्ट पक्षहरू समेटिएका छन्।

| **उपक्षेत्रः सामाजिक विकास** | **उपक्षेत्रः संवेगात्मक विकास** |
|---|---|
| वयस्क तथा साथीहरू बीच सम्बन्ध | स्व-अवधारणा |
| जीवनपयोगी सीप | संवेग प्रकट |
| सहयोग/सहकार्यता | संवेगात्मक सुरक्षा तथा आत्मविश्वास |
| सामाजिक व्यवहार | संवेगहरूको सन्तुलन |

यी पक्षहरू हेर्दा विश्वव्यापी ढाँचाहरूसँग मिल्दोजुल्दो पाईन्छ। यस मापदण्ड अन्तरगतका सिकाइ वातावरण तथा क्रियाकलाप हेर्दा दैनिक क्रियाकलापमा विभिन्न अन्तरक्रिया तथा अभ्यास गराउने, खेल, कथा, चित्र, गीत, नृत्य, अभिनय आदि मार्फत सामाजिक तथा संवेगात्मक सिकाइ सुनिश्चित गर्ने कुराहरू समेटिएको छ।

## ३. विद्यमान अवस्था

नेपालको प्रारम्भिक बाल शिक्षा प्रणालीले नीतिगत स्तरमा सामाजिक संवेगात्मक विकासलाई महत्त्व दिएको

भए पनि व्यवहारिक कार्यान्वयनमा अझै चुनौतीहरू देखिन्छन् । प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) र राष्ट्रिय प्रारम्भिक शिक्षा तथा विकास पाठ्यक्रम (२०७७)ले समग्र बाल विकासलाई प्राथमिकता दिएको छ। तर धेरै कक्षाहरूमा पाठ्यक्रम र भीम्व को कार्यान्वयन कमजोर तथा शिक्षण अभ्यास अझै पनि शैक्षिक तयारी र पठन लेखन मै केन्द्रित रहेको पाइन्छ (ERO २०२४)। देशव्यापी रुपमा गरिएको यस अध्ययनमा चित्र १ र २ मा देखाइएअनुसार ९० प्रतिशत भन्दा बढी बालविकास केन्द्रमा दैनिक गृहकार्य दिने प्रवृत्तिलाई उजागर गरेको छ। गृहकार्य पनि हस्तलेखन तथा अक्षर, शब्द तथा संख्या याद गर्ने जस्ता शैक्षिक तयारीमा नै बढी केन्द्रित पाईन्छ।

**चित्र १**

*Type of ECED centers and Frequency of homework given*




**चित्र २**

*Types of homework given by the ECED centers*




यस्ता अभ्यासको प्रभाव प्रत्यक्ष रुपमा बालबालिकाको विकासात्मक अवस्थामा देखिन्छ । समग्र रुपमा

सामाजिक संवेगात्मक विकास अन्य विकासात्मक क्षेत्रभन्दा सबभन्दा कमजोर पाईएको छ (चित्र ३) । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको देशव्यापी अध्ययन (ERO २०२४)अनुसार, औसतमा ४९.१ प्रतिशत बालबालिका मात्र समग्र रुपमा कक्षा १ को लागि तयार भएतापनि विकासात्मक पक्षगत रुपमा हेर्दा सबभन्दा बढी तयारी शारीरिक रुपमा (६९.९ प्रतिशत) र सबभन्दा कम सामाजिक संवेगात्मक पक्षमा (३४.२ प्रतिशत) मात्र थिए ।

## ४.सुझाव

### ४.१. सामाजिक संवेगात्मक विकास र सिकाइको सम्बन्ध

सामाजिक संवेगात्मक रूपमा सुरक्षित सिकाइ वातावरण प्रारम्भिक बाल शिक्षाको गुणस्तर निर्धारण गर्ने प्रमुख आधार मानिन्छ । प्रारम्भिक बाल्यावस्थामा बालबालिकाको भावनात्मक अनुभव र सिकाइ प्रक्रियाबीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । जब बालबालिकाले आफूलाई सुरक्षित, स्वीकार गरिएको र सम्मानित महसुस गर्छन्, उनीहरूको बौद्धिक सक्रियता, जिज्ञासा र अन्वेषण क्षमतामा उल्लेखनीय वृद्धि हुन्छ । भावनात्मक सुरक्षाले सिकाइमा संलग्नता मात्र बढाउँदैन, यसले बालबालिकालाई जोखिम लिन, प्रश्न सोध्न र नयाँ अनुभव स्वीकार गर्न प्रेरित गर्छ । शिक्षक बालबालिका सम्बन्ध सकारात्मक हुँदा समस्या युक्त व्यवहार घट्ने र कक्षाकोठामा सहभागिता बढ्ने कुरा विभिन्न अनुसन्धानहरूले पुष्टि गरेका छन् (Kelley, २०२२) । सिकाइ केवल बौद्धिक प्रक्रिया नभई भावनात्मक सम्बन्धमा आधारित सामाजिक प्रक्रिया पनि हो ।

संवेगात्मक विकासलाई कक्षाकोठाको दैनिक अभ्याससँग एकीकृत गर्नुपर्ने आवश्यकता अनुसन्धानले बारम्बार औंल्याएको छ । खेलमा आधारित सिकाइ, कथा वाचन, भूमिका अभिनय, समूह कार्य र संवादात्मक गतिविधिहरू SEL कार्यान्वयनका प्रभावकारी माध्यम मानिन्छन् । उदाहरणका लागि, कथा पात्रका भावनाबारे छलफल गर्दा बालबालिकाले भावनात्मक शब्दावली विकास गर्छन् । समूह गतिविधिबाट सहकार्य र साझा जिम्मेवारीको अभ्यास हुन्छ । भूमिका अभिनयले सामाजिक परिस्थिति बुझ्न सहयोग गर्छ । यस्तो अनुभवात्मक सिकाइले बालबालिकालाई जीवन्त सन्दर्भमा भावना र व्यवहार बुझ्न मद्दत गर्छ । Ferreira et al. (२०२१) का अनुसार दैनिक कक्षाकोठा अभ्यासमा समावेश गरिएको SEL रणनीतिले बालबालिकाको सामाजिक सहभागिता र आत्मविश्वासमा उल्लेखनीय सुधार ल्याउँछ ।

शिक्षक तयारी र व्यावसायिक विकास SEL कार्यान्वयनको प्रमुख निर्धारक तत्व हो । SEL को सैद्धान्तिक ज्ञान भए पनि व्यवहारिक रणनीतिको अभावले यसको प्रभावकारिता घटाउँछ भन्ने कुरा अनुसन्धानहरूबाट बुझ्न सकिन्छ (Ferreira et al., २०२१) । स्पष्ट मार्गनिर्देशन, मूल्याङ्कन प्रणालीमा संवेगात्मक सूचकको अभाव, र स्रोत सीमितताले SEL अभ्यासलाई कमजोर बनाएको छ । Kelley (२०२२) का अनुसार शिक्षक बालबालिका सकारात्मक सम्बन्ध र संरचित SEL रणनीतिले कक्षाकोठाको व्यवहार व्यवस्थापनलाई प्रभावकारी बनाउँछ, जसले सिकाइ वातावरणलाई स्थिर र सहयोगी बनाउँछ ।

समुदायमा आधारित सिकाइ, अभिभावक सहभागिता र विद्यालय स्तरमा भावनात्मक रूपमा सहयोगी वातावरण निर्माणमार्फत SEL सुदृढ गर्न सकिन्छ । दीर्घकालीन अनुसन्धानहरूले प्रारम्भिक सामाजिक संवे

गात्मक शिक्षाले भविष्यमा शैक्षिक उपलब्धि, मानसिक स्वास्थ्य र सामाजिक अनुकूलनमा सकारात्मक प्रभाव पार्ने देखाएका छन् (Durlak et al., २०११) । यस आधारमा हेर्दा सामाजिक संवेगात्मक विकासलाई प्रारम्भिक बाल शिक्षाको केन्द्रमा राख्नु केवल शैक्षिक आवश्यकता नभई सामाजिक लगानी पनि हो । सामाजिक संवेगात्मक रूपमा सक्षम बालबालिका नै भविष्यका जिम्मेवार, सहकार्यशील र रचनात्मक नागरिक बन्ने आधार तयार गर्छन् ।

### ४.२. कक्षाकोठामा संवेगात्मक सिकाइ कार्यान्वयनका रणनीतिहरू

संवेगात्मक विकासलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्न कक्षाकोठा अभ्यास निर्णायक तत्व हो । प्रारम्भिक बाल शिक्षामा सामाजिक संवेगात्मक सिकाइ (SEL) सफल हुन शिक्षकले योजनाबद्ध र सचेत रणनीति प्रयोग गर्न आवश्यक हुन्छ । SEL केवल सैद्धान्तिक अवधारणा होइन । यो दैनिक अन्तरक्रिया, कक्षाकोठा संस्कृतिको निर्माण, र शिक्षण पद्धतिसँग गहिरो रूपमा जोडिएको प्रक्रिया हो । संरचित SEL अभ्यास लागू गरिएको कक्षाकोठामा बालबालिकाको आत्मनियन्त्रण, सहकार्य र भावनात्मक अभिव्यक्ति उल्लेखनीय रूपमा सुधार हुन्छ (Durlak et al., २०११) ।

सबैभन्दा प्रभावकारी रणनीतिहरूमध्ये एक भनेको भावनात्मक भाषा विकास हो । बालबालिकाले आफ्नो भावना पहिचान गर्न र व्यक्त गर्न सक्नु SEL को आधार हो । शिक्षकले कथा, चित्र, गीत वा दैनिक घटनाबाट भावना पहिचान गराउने अभ्यास गराउँदा बालबालिकाले भावनात्मक शब्दावली विकास गर्छन् । Ferreira et al. (२०२१) का अनुसार भावना पहिचान र नामकरण अभ्यासले बालबालिकामा आत्मचेतना र सामाजिक बुझाइ बढाउँछ । यस्तो अभ्यासले आक्रोश, निराशा वा डरलाई व्यवहारमा रूपान्तरण हुनु अघि भाषामार्फत व्यक्त गर्न मद्दत गर्छ ।

अर्को महत्त्वपूर्ण रणनीति भनेको सुरक्षित र संरचित कक्षाकोठा वातावरण निर्माण हो । स्पष्ट नियम, पूर्वानुमान गर्न सकिने दिनचर्या र सहयोगी शिक्षक व्यवहारले बालबालिकालाई स्थिरता प्रदान गर्छ । प्मीभिथ (२०२२) का अनुसार स्थिर संरचना भएको कक्षाकोठामा समस्यायुक्त व्यवहार कम देखिन्छ, किनभने बालबालिकाले अपेक्षा र सीमाहरू स्पष्ट रूपमा बुझ्छन् । “शान्त कुना” (calm corner) जस्ता स्थानले बालबालिकालाई आत्मनियन्त्रण अभ्यास गर्ने अवसर दिन्छ, जहाँ उनीहरू भावनात्मक रूपमा शान्त हुन सक्छन् ।

सहकार्यात्मक सिकाइ पनि SEL कार्यान्वयनको केन्द्रिय रणनीति हो । समूह गतिविधि, साझा समस्या समाधान र भूमिका अभिनयले बालबालिकालाई सामाजिक अन्तरक्रिया अभ्यास गर्ने अवसर दिन्छ । यस्ता गतिविधिहरूले नेतृत्व, सहकार्य र सहानुभूति विकास गर्छ । Vygotsky को सामाजिक विकास दृष्टिकोणसँग मेल खाने गरी, सिकाइ सामाजिक सम्बन्धमार्फत निर्माण हुन्छ । जब बालबालिकाले मिलेर काम गर्छन्, उनीहरू केवल शैक्षिक सीप मात्र होइन, सामाजिक जिम्मेवारी पनि सिक्छन् ।

कक्षाकोठामा SEL कार्यान्वयनका लागि शिक्षकको आत्म-प्रतिबिम्ब पनि उत्तिकै आवश्यक छ । शिक्षक आफैं भावनात्मक रूपमा सचेत र नियन्त्रित हुनुपर्छ । शिक्षकको व्यवहार नै बालबालिकाको लागि मोडेल हुन्छ । Ferreira et al. (२०२१) का अनुसार SEL प्रभावकारी हुन शिक्षकले आफ्नै भावनात्मक सीप विकास गर्नु

अनिवार्य हुन्छ। शिक्षक बालबालिका अन्तरक्रिया सम्मानजनक, धैर्यपूर्ण र सहयोगी हुँदा बालबालिकाले सुरक्षित सम्बन्ध अनुभव गर्छन् ।

नेपालको सन्दर्भमा यी रणनीतिहरू लागू गर्दा स्थानीय संस्कृति र समुदायलाई समेट्न आवश्यक छ । खेलमा आधारित शिक्षण, लोककथा, समूह गीत र समुदाय आधारित गतिविधि SEL समावेश गर्ने प्रभावकारी माध्यम हुन सक्छन् । प्रारम्भिक बाल शिक्षा तथा विकास पाठ्यक्रम (२०७७) ले पनि बालमैत्री वातावरण र अनुभवात्मक सिकाइलाई प्राथमिकता दिएको छ। तर व्यवहारिक कार्यान्वयनका लागि शिक्षक तालिम, स्रोत सामग्री र निरन्तर पेशागत विकास आवश्यक देखिन्छ।

दीर्घकालीन रूपमा हेर्दा कक्षाकोठामा योजनाबद्ध SEL कार्यान्वयनले बालबालिकाको शैक्षिक उपलब्धि मात्र होइन, मानसिक स्वास्थ्य र सामाजिक अनुकूलनमा पनि सकारात्मक प्रभाव पार्छ (Durlak et al., २०११) । त्यसैले कक्षाकोठालाई भावनात्मक रूपमा सुरक्षित, सहभागितामूलक र सहयोगी बनाउनु प्रारम्भिक बाल शिक्षाको केन्द्रीय उद्देश्य हुनुपर्छ।

## ५.निष्कर्ष

सामाजिक संवेगात्मक विकास प्रारम्भिक बाल शिक्षाको सहायक पक्ष मात्र होइन, सिकाइको आधारभूत स्तम्भ हो। प्रारम्भिक बाल्यावस्थामा विकसित हुने सामाजिक संवेगात्मक सीपहरूले बालबालिकाको आत्मविश्वास, आत्मनियन्त्रण, सहकार्य क्षमता र समस्या समाधान सीपलाई दीर्घकालीन रूपमा प्रभावित गर्छ। भावनात्मक रूपमा सुरक्षित वातावरणमा सिक्ने बालबालिकाले उच्च शैक्षिक संलग्नता, सकारात्मक व्यवहार र राम्रो सामाजिक सम्बन्ध प्रदर्शन गर्छन् (Durlak et al., २०११; Kelley, २०२२) । यसले सामाजिक संवेगात्मक विकास र सिकाइ क्षेत्रबीचको सम्बन्धलाई अविभाज्य बनाउँछ।

सामाजिक संवेगात्मक सिकाइलाई पाठ्यक्रममा समावेश गर्नु मात्र पर्याप्त हुँदैन। यसको प्रभावकारी कार्यान्वयन कक्षाकोठाको दैनिक अभ्यास, शिक्षक बालबालिका सम्बन्ध र विद्यालय संस्कृतिमा निर्भर गर्छ । खेलमा आधारित सिकाइ, संवादात्मक गतिविधि र सहकार्यात्मक अभ्यासले बालबालिकालाई जीवन्त अनुभवमार्फत भावनात्मक सीप सिक्ने अवसर दिन्छ। Ferreira et al. (२०२१) ले देखाएझैं SEL रणनीति नियमित रूपमा प्रयोग गरिएको वातावरणमा बालबालिकाको सामाजिक सहभागिता र आत्मनियन्त्रण उल्लेखनीय रूपमा सुधार हुन्छ।

नेपाल सन्दर्भमा नीतिगत ढाँचाले सामाजिक संवेगात्मक विकासलाई स्वीकार गरेको भए पनि व्यवहारिक कार्यान्वयन अझै सुदृढ गर्नुपर्ने अवस्था देखिन्छ। शिक्षक तालिम, मूल्याङ्कन प्रणाली र अभिभावक सहभागिता क्षेत्रमा संरचनात्मक सुधार आवश्यक छ। यदि सामाजिक संवेगात्मक सिकाइलाई प्रारम्भिक बाल शिक्षाको केन्द्रमा राखियो भने विद्यालयहरूले केवल शैक्षिक उपलब्धि मात्र होइन, जीवनपयोगी सामाजिक क्षमता विकास गर्ने वातावरण निर्माण गर्न सक्छन् ।

दीर्घकालीन दृष्टिकोणबाट हेर्दा संवेगात्मक रूपमा सक्षम बालबालिका भविष्यका आत्मनिर्भर, सहकार्यशील र जिम्मेवार नागरिक बन्ने आधार तयार गर्छन् । त्यसैले संवेगात्मक विकासलाई लगानीको रूपमा हेर्नुपर्छ।

यो व्यक्तिगत विकास मात्र होइन, सामाजिक प्रगतिसँग जोडिएको विषय हो । प्रारम्भिक बाल शिक्षामा SEL को संरचनात्मक समावेशीकरणले बालबालिकालाई भावनात्मक रूपमा सुदृढ, सामाजिक रूपमा उत्तरदायी र शैक्षिक रूपमा सक्षम नागरिक बन्न मद्दत गर्छ । यही समग्र विकास नै गुणस्तरीय शिक्षाको अन्तिम लक्ष्य हो ।

## सन्दर्भ सामग्री


शिक्षा विभाग, (२०६९)।, ४८ देखि ६० महिनाका बालबालिकाहरूको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, सानोठिमी, भक्तपुर

CASEL . (2020) . CASEL framework for systemic social and emotional learning . Collaborative for Academic, Social, and Emotional Learning . https://casel . org

Durlak, J . A . , Weissberg, R . P . , Dymnicki, A . B . , Taylor, R . D . , & Schellinger, K . B . (2011) .

The impact of enhancing students' social and emotional learning: A meta-analysis of school-based universal interventions . Child Development, 82(1), 405–432 . https://doi . org/10 . 1111/j . 1467-8624 . 2010 . 01564 . x

Education Review Office . (2024) . School Readiness Report 2080 BS (2023/24 AD), Ministry of Education, Science and Technology, Nepal .

Ferreira, M . , Reis-Jorge, J . , & Batalha, S . (2021) . Social and emotional learning in preschool education: A qualitative study with preschool teachers . International Journal of Emotional Education, 13(1), 51–66 .

Goleman, D . (1995) . Emotional intelligence: Why it can matter more than IQ . Bantam Books .

Kelley, D . (2022) . Best practices for social-emotional learning in early childhood and elementary classrooms (Master's thesis, Concordia University, St . Paul) . DigitalCommons@CSP . https://digitalcommons . csp . edu

Ministry of Education, Science and Technology (MoEST) . (2019) . Early childhood development curriculum . Government of Nepal .

National Planning Commission (NPC) . (2020) . National strategy for early childhood development (2077–2088) . Government of Nepal .

Parvin, A . (2025) . Integrating social-emotional learning (SEL) into early childhood curriculum . American Journal of Pediatric Medicine and Health Sciences, 3(5), 37–40 .

# प्रारम्भिक बालविकासमा भाषिक विकास

डा. गणेशप्रसाद भट्टराई

**लेखसार**

यस लेखले प्रारम्भिक बालविकासमा भाषिक सिप विकासको महत्त्व, सैद्धान्तिक आधार, व्यावहारिक अभ्यास र नेपालको बहुभाषिक सन्दर्भलाई समग्र रूपमा प्रस्तुत गरेको छ। प्रारम्भिक उमेर बालबालिकाको शारीरिक, संज्ञानात्मक, सामाजिक, भावनात्मक र भाषिक विकासको आधारभूत चरण भएकाले यही समयमा भाषा सिकाइ सुदृढ हुनु अत्यावश्यक हुन्छ। भाषिक सिपले बालबालिकाको सुन्ने, बोल्ने, पढ्ने र लेख्ने क्षमता मात्र होइन, आत्मविश्वास, सिर्जनात्मक सोच र सामाजिक अन्तरक्रियालाई पनि मजबुत बनाउँछ। लेखमा स्किनर को व्यवहारवादी सिद्धान्त, चोम्स्कीको जन्मजात सिद्धान्त, पियाजेको संज्ञानात्मक सिद्धान्त र भाइगोट्स्कीको सामाजिक सांस्कृतिक सिद्धान्तमार्फत भाषा विकासलाई व्याख्या गरिएको छ। यी सिद्धान्तहरूले भाषा सिकाइ अनुकरण, अभ्यास, जैविक क्षमता, बौद्धिक विकास र सामाजिक अन्तरक्रियाको संयुक्त परिणाम भएको दे खाउँछन् । प्रारम्भिक चरणमा सुन्ने र बोल्ने सिपलाई प्राथमिकता दिँदै क्रमशः पढ्ने र लेख्ने सिप विकास गरिनुपर्छ भन्ने निष्कर्ष निकालिएको छ । लेखले आधारभूत अन्तरवैयक्तिक सञ्चार सिप र संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणताको भूमिकालाई स्पष्ट गर्दै मातृभाषामा आधारित सिकाइले बालबालिकाको बोध, शब्दभण्डार र सिकाइ क्षमतामा दीर्घकालीन प्रभाव पार्ने कुरा औंल्याएको छ। घर, विद्यालय र समुदायमा समृद्ध भाषिक वातावरण सिर्जना गर्नु, नियमित अभ्यास गराउनु र बालकेन्द्री तथा सहभागितामूलक विधि अपनाउनु आवश्यक देखिएको छ। नेपालको बहुभाषिक सन्दर्भमा प्रारम्भिक बालविकासले अवसर र चुनौती दुवै प्रस्तुत गरेको छ। एकातिर बालबालिकाको मस्तिष्कको लचिलोपन, मातृभाषिक वातावरण, गीत,कथा, खेलबाट सहज सिकाइ र बहुभाषिक सिप विकासका सम्भावना सबल पक्षका रूपमा देखिन्छन् । अको तर्फ अभिभावकको व्यस्तता, डिजिटल निर्भरता, ग्रामीण क्षेत्रमा स्रोतको कमी, प्रशिक्षित शिक्षक अभाव र मातृभाषाबाहेक आत्मविश्वासको कमी कमजोरीका रूपमा रहेका छन् । सरकारी तथा गैरसरकारी कार्यक्रम विस्तार, अभिभावक सचेतना, प्रविधिको सकारात्मक प्रयोग र मातृभाषामा सिकाइ सामग्री विकास अवसर हुन् भने मातृभाषा विस्थापन, वैदेशिक रोजगारीका कारण मार्गदर्शकको अभाव र अभ्यासको कमी प्रमुख चुनौती बनेका छन्। लेखले प्रारम्भिक बालविकासमा भाषिक सिप विकास बालबालिकाको समग्र विकासको मेरुदण्ड भएको निष्कर्ष निकालेको छ। यसमा लेखकको भाषा र सिकाइको सम्बन्ध शीर्षको केही अंशको अनुकूलन गरिएको छ। उचित भाषिक वातावरण, अभिभावक शिक्षकको सक्रिय सहभागिता, मातृभाषामा आधारित, खे लमुखी र सहभागितामूलक सिकाइ तथा नीतिगत समर्थनमार्फत बालबालिकालाई आत्मविश्वासी, सिर्जनशील र सक्षम नागरिकका रूपमा विकास गर्न सकिने स्पष्ट सन्देश यस लेखले दिएको छ।

**शब्दकुञ्जीः** बालविकास, बहुभाषिक सन्दर्भ, भाषिक प्रवीणता, भाषिक वातावरण, अभिभावक सचेतना,मातृभाषा विस्थापन

## परिचय

प्रारम्भिक बालविकास मानव विकासको अत्यन्त महत्त्वपूर्ण चरण हो । यस अवधिमा बालबालिकाको शारीरिक, संज्ञानात्मक, सामाजिक, भावनात्मक तथा भाषिक सिप तीव्र रूपमा विकास हुन्छन् । भाषा बालबालिकाको सोच्ने तरिका, भावना अभिव्यक्ति, सामाजिक अन्तरक्रिया र औपचारिक शिक्षाको भाषिक सिप विकासले बालबालिकालाई सुन्ने, बोल्ने, पढ्ने र लेख्ने क्षमतामा दक्ष बनाउँछ । यसले उनीहरूको आत्मविश्वास, समस्या समाधान क्षमता र सिर्जनात्मक सोचलाई समेत बलियो बनाउँछ। विशेषतः बहुभाषिक र बहुसांस्कृतिक देश नेपालमा प्रारम्भिक बालविकासमा भाषिक सिपको महत्त्व विशेष देखिन्छ।

## भाषिक सिप विकासका सैद्धान्तिक पक्ष

प्रारम्भिक बालविकासमा भाषिक सिप विकासलाई विभिन्न शैक्षिक, मनोवैज्ञानिक र सामाजिक सिद्धान्तहरूले स्पष्ट रूपमा व्याख्या गरेका छन् । यी सिद्धान्तले बालबालिकाले भाषा कसरी सिक्छन्, कुन वातावरण प्रभावकारी हुन्छ र शिक्षक तथा अभिभावकको भूमिका कस्तो हुनुपर्छ भन्ने कुरा बुझ्न सहयोग गर्छन् ।

बी. एफ. स्किनरको व्यवहारवादी सिद्धान्तअनुसार भाषा सिकाइ मुख्यतः अनुकरण (Imitation), अभ्यास (Practice) र प्रोत्साहन/पुरस्कार (Reinforcement) बाट हुन्छ। बालबालिकाले घर, विद्यालय र समाजमा सुनेका शब्द, वाक्य र ध्वनिको नक्कल गर्छन् । जब उनीहरूले सही उच्चारण, शब्द प्रयोग वा वाक्य संरचना प्रयोग गर्छन्, तब अभिभावक वा शिक्षकबाट प्रशंसा, मुस्कान, माया वा पुरस्कार प्राप्त हुन्छ। यही प्रोत्साहनले बालबालिकालाई पुनः त्यही भाषिक व्यवहार दोहोर्याउन प्रेरित गर्छ। प्रारम्भिक बालविकासको सन्दर्भमा यो सिद्धान्त अत्यन्त उपयोगी छ। यस उमेरमा बालबालिका वातावरणप्रति धेरै संवेदनशील हुन्छन् । अभिभावक र शिक्षकले सकारात्मक प्रतिक्रिया, धैर्यपूर्ण सुधार र निरन्तर अभ्यासको अवसर उपलब्ध गराएमा भाषिक सिप छिटो र प्रभावकारी रूपमा विकास हुन्छ।

नोम चोम्स्कीको जन्मजात सिद्धान्तअनुसार भाषा सिक्ने क्षमता बालबालिकामा जन्मजात रूपमा हुन्छ। उनका अनुसार बालबालिकाको मस्तिष्कमा Language Acquisition Device (LAD) नामक जैविक संरचना हुन्छ, जसले न्यून भाषिक इनपुटबाट पनि भाषा सिक्न मद्दत गर्छ। बालबालिकाले सुनेका सीमित शब्द र वाक्यबाट नै भाषाका नियमहरू आफैँ निर्माण गर्न सक्छन् ।

यस सिद्धान्तअनुसार भाषा सिकाइ केवल अभ्यास र पुरस्कारको परिणाम मात्र होइन, बरु जैविक र मानसिक क्षमताको परिणाम पनि हो। प्रारम्भिक बालविकासमा यदि समृद्ध भाषिक वातावरण (कथा, गीत, संवाद, खे ल) उपलब्ध भयो भने यो जन्मजात क्षमता पूर्ण रूपमा विकसित हुन सक्छ।

जिन पियाजेको संज्ञानात्मक सिद्धान्तअनुसार भाषिक विकास बालबालिकाको बौद्धिक विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । बालबालिकाले संसारलाई बुझ्ने, सोच्ने, वर्गीकरण गर्ने र अवधारणा निर्माण गर्ने क्षमताको विकाससँगै भाषा पनि क्रमशः विकसित हुन्छ। पियाजेका अनुसार प्रारम्भिक उमेरमा बालबालिका सेन्सोरी मोटर र प्रिअपरेसनल चरणमा हुन्छन्। यहाँ उनीहरूले अनुभव, खेल र प्रत्यक्ष क्रियाकलापबाट सिक्छन् । त्यसैले खेल, अन्वेषण, प्रयोग र अनुभवमूलक सिकाइले भाषिक सिप विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ।

लेभ भाइगोट्स्कीको सामाजिक सांस्कृतिक सिद्धान्तले भाषिक विकासमा सामाजिक अन्तरक्रिया र सांस्कृतिक सन्दर्भलाई केन्द्रमा राख्छ । बालबालिकाले भाषा एक्लै होइन, अभिभावक, शिक्षक, साथी र समुदायसँगको संवादबाट सिक्छन् । उनको Zone of Proximal Development (ZPD) अवधारणाले बालबालिकाले आफू एक्लै गर्न नसक्ने तर मार्गदर्शनसहित गर्न सक्ने सिकाइलाई जोड दिन्छ। शिक्षक र अभिभावकले उचित सहयोग, संकेत र मार्गदर्शन (Scaffolding) प्रदान गर्दा भाषिक सिप छिटो विकास हुन्छ।

## प्रारम्भिक बालविकासमा भाषिक सिपका आयाम

प्रारम्भिक बालविकासमा भाषिक सिप विकास बहुआयामिक हुन्छ । श्रवण सिपअन्तर्गत ध्वनि, शब्द र अर्थ बुझ्ने क्षमता विकास हुन्छ। कथा सुन्ने, गीत सुन्ने र संवाद सुन्ने अभ्यासले यो सिप बलियो बनाउँछ । वाचन/बोल्ने सिपअन्तर्गत आफ्ना विचार, भावना र आवश्यकता अभिव्यक्त गर्ने क्षमता विकास हुन्छ । संवाद, भूमिका खेल (Role play) र सामूहिक गतिविधिले बोल्ने आत्मविश्वास बढाउँछ। पठन सिअन्तर्गत अक्षर, शब्द र वाक्य चिन्ने तथा बुझ्ने क्षमता क्रमशः विकास हुन्छ। चित्रसहितका पुस्तक, अक्षर खेल र कथा पुस्तकले यसमा सहयोग गर्छ। लेखन सिपअन्तर्गत अक्षर, शब्द र वाक्य लेख्ने आधार तयार हुन्छ। सुरुमा चित्र, रेखा र आकृतिबाट लेखन सिपको विकास सुरु हुन्छ। यसैले प्रारम्भिक चरणमा सुन्ने र बोल्ने सिपलाई प्राथमिकता दिनु अत्यावश्यक हुन्छ किनकि यही सिपले पछि पढ्ने र लेख्ने सिपको बलियो आधार तयार गर्छ।

प्रारम्भिक बालविकासमा भाषिक सिप विकास जैविक क्षमता, संज्ञानात्मक विकास, सामाजिक अन्तरक्रिया र वातावरणको संयुक्त परिणाम हो । विभिन्न सिद्धान्तहरूको समन्वयात्मक प्रयोग गर्दै अभिभावक, शिक्षक र समाजले समृद्ध भाषिक वातावरण सिर्जना गरेमा बालबालिकाको भाषिक, बौद्धिक र सामाजिक विकास सन्तुलित रूपमा अघि बढ्न सक्छ।

## भाषा सिकाइको प्रभाव क्षेत्र

भाषा सिकाइमा वातावरण, अभ्यास, रुचि, क्षमता, आवश्यकता, सारस्वतता आदि पक्षले प्रभाव पारेका हुन्छन् । भाषा सिकाइमा आधारभूत अन्तरवैयक्तिक सञ्चार सिप र संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणता मुख्य मानिन्छ।

आधारभूत अन्तरवैयक्तिक सञ्चार सिप सामाजिक परिवेशमा आवश्यक पर्ने सिप हो। अरुसँग बोल्न र अरुसँग सञ्चार गर्न यो सिप चाहिन्छ। यस सिपको अभावमा भाषा सिकाइको बोध हुँदैन। अरुले बोलेका कुरा नै नबुझे पछि बोल्न पनि सकिँदैन। सिकारुलाई बोल्ने अवसर दिन अग्रज, साथी र स्रोत व्यक्तिसँगको संवाद र पुस्तक पठन तथा संस्कृतिलाई उपयोग गर्न सकिन्छ। यसको अभावमा प्रारम्भिक बालविकासका बालबालिकाले भाषाको राम्रो विकास गर्न सक्दैनन् ।

आधारभूत अन्तरवैयक्तिक सञ्चार सिपको अभावमा शब्दभण्डारको कमी हुन्छ । शब्दभण्डारको अभावमा सिकाइमा असर पार्छ। सिकारुले कुनै कुरा सिक्न चाहँदैनन् र सिक्न सक्दैनन्। भाषिक बोधको अभावका कारण विषय वस्तु बोधमा समेत समस्या सिर्जना हुन्छ । यसर्थ विशेषतः प्रारम्भिक कक्षामा सिकारुको मातृभाषाकै

माध्यमबाट सिकाउनु आवश्यक हुन्छ । मातृभाषाका स्तरययुक्त सामग्रीबाट सिकाउन सके सिकाइ दीर्घकालीन र स्थायी हुन्छ । यसका लागि नियमित अभ्यास पनि आवश्यक पर्छ । बालबालिकालाई नियमित रूपमा आफ्नो भाषा प्रयोग गर्ने अवसर दिनुपर्छ । सन्दर्भसामग्री र परिवेशबाट भाषिक विविधताको बोध गराई संज्ञानात्मक स्मरण विकास गर्नुपर्छ । परिवेश भनेको भाषा प्रयोग गर्न पाउने अवस्था हो । यस अवस्तामा चित्र, भिडियो आदिको प्रयो ग बढाउनुपर्छ । बालबालिकालाई भाषिक वातावरण बनाइदिन घर, बजार, पसल, खेलमैदान जस्ता ठाउँमा अन्तर क्रिया गर्ने अवसर दिनुपर्छ । घरमा सामान्यत मातृभाषाको नै प्रयोग हुन्छ । भाषा प्रयोग गर्ने यस्तो वातावरणले आधारभूत अन्तरवैयक्तिक सञ्चार सिप विकास हुन्छ । विद्यालयभित्र र बाहिर भाषा प्रयोगको यस्तो परिवेश भयो भने बालबालिकामा सम्बन्धित भाषाको शब्दभण्डार र आन्तरिक भाषिक संरचना बोध हुन्छ । मस्तिष्कमा यस्तो क्षमता विकास भएपछि सिकारुको सिकाइमा क्रमशः सुधार आउँछ ।

सिकाइमा प्रभाव पार्ने अर्को भाषिक पक्ष संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणता हो । संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणता भनेको भाषिक दक्षतासहितको औपचारिक सिकाइ हो । यसमा सम्बन्धित भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चार सिपको विकास गरिन्छ । कुनै विषय सिक्न बालबालिकाले अरुले भने का कुरा राम्ररी सुन्नुपर्छ, राम्ररी बुझ्नुपर्छ र लेखिएका कुरा बुझेर पढ्न सक्नुपर्छ । आफ्ना अनुभूतिको लिखित प्रकटीकरण गर्न सक्नुपर्छ । यी चार पक्षको एकीकृत शिल्पबाट सिकारुमा भाषिक सामर्थ्य विकास हुन्छ । भाषिक सामर्थ्यको विकासबाट मात्र भाषिक सम्पादन क्षमता विकास हुने भएकाले बालबालिकालाई क्रमशः यी पक्षमा अभ्यास गराउनुपर्छ ।

बालबालिकाको भाषा सिकाइमा आफ्ना घरपरिवारमा प्रयोग हुने शब्दभण्डार सबैभन्दा बढी हुन्छ । यसलाई पहिलो तहका शब्द भनिन्छ । विद्यालयमा गएपछि बालबालिकाले सामाजिक परिवेशका शब्द वा दोस्रो तहका शब्द सिक्छन् । पारिभाषिक प्राविधिक शब्द चाहिँ तेस्रो तहका शब्द हुन् । यस्ता शब्दको सिकाइ केही कठिन हुन्छ । बालबालिकाका सिक्ने सामग्रीमा यस प्रकारका शब्दभण्डारको समुचित प्रयोग हुनुपर्छ । पहिलो तहका शब्द सिकारुका घरपरिवारसँग सम्बन्धित हुन्छन् । यस्ता शब्दसँग सिकारु पारिवारिक रूपमै परिचित भएका हुन्छन् । त्यसैले बुझ्न त्यति गारो हुँदैन । तर उनीहरूका सामग्रीमा दोस्रो र तेस्रो तहका शब्द बढी प्रयोग भए भने सिकारुलाई सिक्न गारो पर्छ । उनीहरू सिक्न मान्दैनन् । यहीँनेर सिकाइमा समस्या हुन्छ ।

बालबालिकामा संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणता विकास भयो भने यसले सिकाइमा देखिने कठिनाइलाई क्रमशः घटाउँदै लैजान्छ । प्रवीणता भनेको शब्दभण्डार बुझ्नु मात्र होइन, भाषिक संरचना बुझ्नु पनि हो । सिकारुले आफूले सिकेका कुराको तुलना, वर्गीकरण, संश्लेषण, मूल्याङ्कन र सूचना ग्रहण गर्न पनि सक्नुपर्छ । भाषाको अभ्यास गर्ने वातावरणले भाषिक पुनरुत्पादन र भाषिक सिर्जनालाई सधाउँछ । भाषा प्रकार्यका आधारमा सिकाउने विषय पनि हो । यो कुनै विशेष सन्दर्भमा आधारित नभई सामान्य प्रकृतिको हुन्छ । बालबालिकाले सामान्य परिवेशमा भाषिक सञ्चार गर्न सके वा अन्य कोहीसँग नलजाई दोहोरो गफ गर्न सके भने उनीहरूमा संज्ञानात्मक समस्या छैन भन्ने बुझिन्छ । भाषिक प्रवीणता भाषाको स्वाभाविक प्रक्रिया हो । संज्ञानात्मक प्राज्ञिक भाषिक प्रवीणता विकास गर्न क्षमताअनुसार अनुसन्धान गर्ने, परियोजना कार्य गने

ॅ, प्रस्तुतीकरण गर्ने, नोट बनाउने, पढी बुझेर सम्झने कार्यमा सिकारुलाई सहभागी गराउनुपर्छ। यसका लागि सहजकर्ताले भाषिक वातावरण सिर्जना गरी बोलाइ र लेखाइका कुरामा बढी जोड दिनुपर्छ। भाषा सिकाइका सहजकर्ताकेन्द्री, सिकारुकेन्द्री र अन्तरक्रियात्मक विधि हुन्छन्। भाषा सिकाउँदा सिकारुकेन्द्री र बालकेन्द्री विधि अपनाउनुपर्छ।

सिकारुले आफ्नो घरसमाजमा आफ्नै स्वरूपको भाषा प्रयोग गर्छन्। उदाहरणका लागि नेवार, तामाङ, मगर जस्ता भाषामा पुलिङ्गी र स्त्रीलिङ्गी प्रयोगमा क्रियामा विभेद हुँदैन। यसले गर्दा उनीहरूले मिस आयो भन्न सक्छन्। त्यस्तै नेपालीको भात शब्दलाई नेवारमा जा, तामाङमा कान र मगरमा छो भनिन्छ। नेपाली र अन्य भाषामा शाब्दिक तुलना गर्दा यिनले बोधमा समस्या पार्छन्। यस्ता पक्षको सम्बोधनका लागि सबै बालबालिकासँग बसेर बहु स्वर नियम बनाउनुपर्छ। बालबालिकाले प्रयोग गरेको भाषामा प्रदान स्वर, उसले ग्रहण गर्ने भाषामा आदान स्वर र दुवैले प्रयोग गर्ने साझा नियमलाई बहुस्वर भनिन्छ। भाषा सिकाइमा बहुस्वरको पालना गर्नुपर्छ। यसो गर्दा सबैका भाषिक विशेषतालाई सम्बोधन गर्न सकिन्छ र सिकाइमा सहजीकरण हुन्छ। कक्षामा सिकाउँदा पनि मातृभाषाको प्रयोग गर्ने, श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने र विभिन्न भाषाको तुलनात्मक सूची विकास गरेर कक्षाकोठामै प्रस्तुत गर्ने जस्ता कार्यकलाप गराउन सकिन्छ। बहुभाषिक शब्दकोशको प्रयोग, सन्दर्भ सामग्री र सानातिना सान्दर्भिक डकुमेन्ट्रीको उपयोग पनि यसका लागि उपयोगी हुन सक्छ।

## नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास र भाषिक सिप विकास

नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय देश हो। यहाँ धेरै भाषा बोलिन्छन्। यस्तो परिवेशमा प्रारम्भिक बालविकासमा भाषिक सिप विकासले चुनौती र अवसर दुवै सिर्जना गरेको छ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षा (ECDE) कार्यक्रमलाई राष्ट्रिय प्राथमिकतामा राखेको छ। सामुदायिक तथा संस्थागत बालविकास केन्द्रहरूको सङ्ख्या बढ्दो क्रममा छ। मातृभाषामा आधारित प्रारम्भिक शिक्षाको अवधारणा विस्तार हुँदै छ। बालकथा, गीत, कविता, चित्रपुस्तक जस्ता सामग्रीको उपलब्धता बढ्दै गएको छ र यसबाट बालबालिकाले सिक्ने अवसर पाएका छन्। यति भएर पनि ग्रामीण तथा दुर्गम क्षेत्रमा गुणस्तरीय बालविकास केन्द्रको अभाव छ। प्रशिक्षित शिक्षक र मार्तभाषामैत्री सिकाइ सामग्रीको कमी छ। अभिभावकमा प्रारम्भिक भाषिक विकासप्रतिको पर्याप्त सचेतना विकास भइसकेको छैन। अङ्ग्रेजी माध्यमको अत्यधिक मोहले मातृभाषा उपेक्षित बनेको अवस्था पनि देखिन्छ। आर्थिक तथा सामाजिक असमानताले बालबालिकाको भाषिक विकासमा असर परिरहेको छ।

### सबल पक्ष

प्रारम्भिक उमेरमा बालबालिकाको मस्तिष्क अत्यन्त लचिलो, संवेदनशील र ग्रहणशील हुन्छ। यसले उनीहरूलाई नयाँ भाषा, व्यवहार र सामाजिक सिप सिक्न सहज बनाउँछ। घरपरिवारमा मातृभाषा सिक्ने वातावरण स्वाभाविक रूपमा सिर्जना हुन्छ। यसले सांस्कृतिक पहिचान र आत्मसम्मान विकास गर्न मद्दत गर्छ। गीत, कथा, खेलकुद, संवाद र नाटक जस्ता गतिविधिहरूबाट बालबालिकाले सहजै सिक्ने अवसर पाउँछन्। यसले उनीहरूको

सिर्जनात्मकता र समस्या समाधान गर्ने क्षमता बढाउँछ। बहुभाषिक समाजमा जन्मिएका बालबालिकाहरू विभिन्न भाषासँग परिचित भएर बहुभाषिक सिप विकास गर्न सक्षम हुन्छन्। यसले भविष्यमा सामाजिक, शैक्षिक र पेशागत अवसरहरूको दायरालाई विस्तार गर्दछ। यसैगरी बालबालिकामा सामाजिक अन्तरक्रिया र सहकार्य क्षमताको प्रारम्भिक विकास हुने भएकाले उनीहरूको भावनात्मक र सामाजिक बुद्धिमत्ता पनि वृद्धि हुन्छ। बहुभाषिक समाजका कारण बहुभाषिक सिप विकासको सम्भावना बढेको छ।

### कमजोरी

अभिभावकहरूको व्यस्तता र समयको अभावका कारण बालबालिकासँग सीमित संवाद मात्र हुने हुँदा पूर्ण भाषिक विकासमा बाधा आउँछ। बालबालिका डिजिटल उपकरणमा अत्यधिक निर्भर हुने हुँदा उनीहरूको सिर्जनात्मक खेल, सामाजिक अन्तरक्रिया र वास्तविक जीवनका अनुभव सीमित हुन्छन्। ग्रामीण क्षेत्रहरूमा शैक्षिक स्रोत र सामग्रीको कमी छ। यसले गुणस्तरीय प्रारम्भिक शिक्षा प्राप्त गर्न चुनौती सिर्जना गर्छ। मातृभाषाबाहेक अन्य भाषामा आत्मविश्वासको कमीका कारण बालबालिकामा अभिव्यक्तिमा हिचकिचाहट देखिन्छ। यसैगरी प्रारम्भिक शिक्षामा गुणस्तरीय शिक्षक र प्रशिक्षित कर्मचारीको अभावले बालबालिकाको समग्र विकासमा प्रभाव पार्छ।

### अवसर

सरकारी तथा गैरसरकारी संस्थामार्फत प्रारम्भिक बालविकासका कार्यक्रमहरू विस्तार हुँदै गएका छन्। यसले बालबालिकाको समग्र विकासमा सकारात्मक योगदान पुऱ्याउँछ। अभिभावक शिक्षा र सचेतना कार्यक्रमहरूले बालबालिकासँगको संवाद र सहयोगलाई मजबुत बनाउँछ। अडियो भिडियो सामग्री र प्रविधिको सकारात्मक प्रयोगले भाषिक सिकाइ, गणितीय सिप र सामाजिक अभ्यासलाई सहज बनाउँछ। मातृभाषामा पाठ्यक्रम, खेलकुद र सिकाइ सामग्री विकास गर्न सकिने अवसरहरू अझै व्यापक छन्। यसले भाषिक पहिचान र सांस्कृतिक अभ्यासलाई बलियो बनाउँछ। यसैगरी बालबालिकालाई सामूहिक गतिविधि, पुस्तकालय र सामाजिक केन्द्रसँग जोड्नाले सिकाइ अनुभव विविध र रोचक बन्न सक्छ।

### चुनौती

अन्य विषयहरूको पाठ्यक्रमले विद्यालयमा मातृभाषाको प्रयोग घटाएर विस्थापनको जोखिम बढाउँछ। एकल परिवार र वैदेशिक रोजगारीका कारण बालबालिकालाई भाषा सिकाउने व्यक्तिको अभाव हुन सक्छ। भाषा अभ्यासको कमिले त्रुटिहरू समयमै सुधार गर्न कठिन बनाउँछ। यसले दीर्घकालीन भाषिक विकासमा असर पार्छ। थप रूपमा, डिजिटल प्रविधिको अत्यधिक प्रयोगले वास्तविक सामाजिक अनुभव र संवाद सीमित हुन्छ। यसले बालबालिकाको सामाजिक सिप र भावनात्मक बुद्धिमत्तामा असर पुर्याउन सक्छ। यस प्रकार प्रारम्भिक बालिविकास तथा शिक्षा क्षेत्रमा सुधार र नवप्रवर्तनका अवसर धेरै भए पनि समयमै रणनीति, स्रोत र अभिभावक सहभागिताको अभावले चुनौतीहरूको सामना गर्न आवश्यक बनाउँछ। यथासम्भव गुणस्तरीय वातावरण सिर्जना गर्नु र मातृभाषा तथा बहुभाषिक सिपलाई सन्तुलित विकास गर्न ध्यान दिनु अत्यावश्यक

छ ।

## सुझाव

(क) **मातृभाषामा आधारित र बहुभाषिक सिकाइः** प्रारम्भिक कक्षामा बालबालिकाको मातृभाषालाई सिकाइको मुख्य माध्यम बनाउन आवश्यक छ । मातृभाषामा सिक्दा बालबालिकाले सहज रूपमा बुझ्ने, बोल्ने र सिकाइमा सहभागी हुने अवसर पाउँछन् । त्यससँगै क्रमशः दोस्रो भाषा थप्दै बहुभाषिक सिप विकास गरिनुपर्छ । यसका लागि मातृभाषामा पाठ्यक्रम, बालकथा, गीत, कविता, चित्रपुस्तक तथा श्रव्यदृश्य सामग्री विकास गरी विद्यालय र बालविकास केन्द्रमा नियमित प्रयोग गर्नुपर्छ ।

(ख) **अभिभावक सचेतना र सहभागिता कार्यक्रमः** बालबालिकाको भाषिक विकासमा अभिभावकको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने भएकाले अभिभावकलाई प्रारम्भिक भाषिक सिप विकासबारे सचेत गराउन आवश्यक छ । घरमै कथा सुनाउने, संवाद गर्ने, गीत गाउने र बालबालिकालाई बोल्ने अवसर दिने संस्कृतिको विकास गरिनुपर्छ । अभिभावक शिक्षा कार्यक्रम, समुदायस्तरीय छलफल र अभिमुखीकरणमार्फत अभिभावकलाई सक्रिय सहभागी बनाउनु आवश्यक छ ।

(ग) **शिक्षकको क्षमता अभिवृद्धि र बालकेन्द्री शिक्षणः** प्रारम्भिक बालविकासका शिक्षकहरूलाई भाषिक सिप विकासका सिद्धान्त, बालमनोविज्ञान, बहुभाषिक कक्षा व्यवस्थापन र खेलमुखी शिक्षण विधिमा नियमित तालिम दिनुपर्छ । कक्षामा बालकेन्द्री, सिकारुकेन्द्री र अन्तरक्रियात्मक विधि अपनाउँदै भूमिका खेल, समूहकार्य, संवाद र अनुभवमूलक सिकाइलाई प्राथमिकता दिनुपर्छ । प्रशिक्षित र प्रेरित शिक्षकले मात्र बालबालिकाको भाषिक क्षमता पूर्ण रूपमा विकास गर्न सक्छन् ।

(घ) **समृद्ध भाषिक वातावरण सिर्जनाः** भाषा सिकाइ कक्षाकोठामा मात्र सीमित नहुने भएकाले घर, विद्यालय र समुदायलाई जोड्ने भाषिक वातावरण निर्माण गर्नुपर्छ । बालबालिकालाई घर, बजार, पसल, खेलमैदान, पुस्तकालय र सामाजिक कार्यक्रममा सहभागी गराई संवाद र अन्तरक्रिया गर्ने अवसर दिनुपर्छ । चित्र, भिडियो, पोस्टर, खेलौना र स्थानीय सामग्रीको प्रयोग बढाई बालबालिकालाई निरन्तर भाषा प्रयोग गने र्अवस्था सिर्जना गर्नुपर्छ ।

(ङ) **डिजिटल प्रविधिको सन्तुलित र उद्देश्यपूर्ण प्रयोगः** डिजिटल उपकरणको अत्यधिक प्रयोगले नकारात्मक असर पार्न सक्ने भएकाले यसको सन्तुलित प्रयोगमा ध्यान दिनुपर्छ । बालमैत्री, मातृभाषामैत्री र शैक्षिक अडियोभिडियो सामग्रीलाई शिक्षक र अभिभावकको मार्गदर्शनमा प्रयोग गरिनुपर्छ । प्रविधिलाई संवाद, कथा, गीत र सिकाइ सामग्रीको पूरकका रूपमा प्रयोग गरी प्रत्यक्ष सामाजिक अन्तरक्रिया र खेलमुखी सिकाइलाई प्राथमिकता दिनुपर्छ ।

## निष्कर्ष

भाषा विषयवस्तु विस्तार तथा सञ्चारको माध्यम हो । भाषाबिना सञ्चार गर्न नसकिने हुँदा यसलाई सिकाइको आधार मानिन्छ । भाषा सिकाउँदा मौखिक सञ्चारका अतिरिक्त सिकाइ सामग्रीको पनि प्रयोग गर्नुपर्छ । सिकाउने

विषयवस्तुको विस्तारका लागि स्थानीय सामग्रीको प्रयोग गर्नुपर्छ । यसले पनि भाषाको सिकाइमा सहयोग गर्न सक्छ । स्थानीय सामग्री सिकारुको परिवेशसँग सम्बन्धित हुन्छन् । यस्ता सामग्रीको प्रयोग गर्दा उनीहरूको बोधमा सहजता आउँछ । सिकाइमा टाढापन हटी स्थानीयता वा नजिकपनको विकास हुन्छ । यसले भाषिक विविधताको सम्बोधन गर्न पनि सघाउँछ । यस्ता कार्यकलापले भाषिक अधिकार, भाषिक पहिचान, समानता, अपनत्व जस्ता पक्षलाई पनि सम्बोधन गर्छ ।

प्रारम्भिक बालविकासमा भाषिक सिप विकास बालबालिकाको समग्र विकासको मेरुदण्ड हो । उचित वातावरण, अभिभावक-शिक्षकको सक्रिय भूमिका र नीतिगत समर्थन भएमा भाषिक सिप विकास प्रभावकारी बनाउन सकिन्छ । मातृभाषामा आधारित, खेलमुखी र सहभागितामूलक सिकाइले बालबालिकालाई आत्मविश्वासी, सिर्जनशील र सक्षम नागरिकका रूपमा विकास गर्न सहयोग पुऱ्याउँछ ।

**सन्दर्भ स्रोत**


UNESCO. (2017). Early Childhood Care and Education.

Berk, L. E. (2013) . Child Development. Pearson Education.

Vygotsky, L. S. (1978). Mind in Society. Harvard University Press.

Piaget, J. (1952). The Origins of Intelligence in Children.

Ministry of Education, Nepal. Early Childhood Development Curriculum Guidelines.

Snow, C. E. (2006). Language Development in Early Childhood

http://www. everythingesl. net/inservices/bics_calp. php

Dr. Cummins, http://vimeo. com/56112120

http://www. teachers. ab. ca

# नेपालमा बालविकास केन्द्रः समस्या, चुनौती तथा समाधान

**पदमराज जोशी**
**निवृत्त उपसचिव**

## सारांश

नेपालमा गर्भावस्थादेखि आठ वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास (Early Childhood Development ECD) तथा पूर्वप्राथमिक शिक्षा (Pre–Primary Education PPE) केन्द्र सञ्चालित छन् । यी केन्द्र भौतिक पूर्वाधारको अभाव, प्रशिक्षित जनशक्तिको कमी, शैक्षिक सामग्रीको न्यून उपलब्धता, कमजोर अनुगमन प्रणाली तथा स्रोतसाधनको सीमितताजस्ता विविध समस्याबाट ग्रसित छन् । यस लेखको उद्देश्य नेपालका बालविकास केन्द्रले भोगिरहेका समस्या र चुनौतीको विश्लेषण गर्नु तथा तिनको समाधानका लागि व्यावहारिक सुझाव प्रस्तुत गर्नु हो । बालविकास कार्यक्रमको गुणस्तर र पहुँच सुधार गर्न शिक्षक तालिम सुदृढीकरण, स्रोतसाधनको सुनिश्चितता, अभिभावक तथा समुदायको सहभागिता अभिवृद्धि र प्रभावकारी अनुगमन प्रणालीको आवश्यकता छ ।

## परिचय

बाल्यावस्था मानव विकासको अत्यन्त संवेदनशील र महत्त्वपूर्ण चरण हो । गर्भावस्थादेखि ८ उमेरमा हुने सर्वाङ्गीण विकासलाई प्रारम्भिक बालविकासको रूपमा लिने गरिन्छ । यस अवधिमा बालबालिकाको शार ीरिक वृद्धि, बौद्धिक विकास, भाषा विकास, सामाजिक व्यवहार तथा भावनात्मक सन्तुलन तीव्र गतिमा विकास हुन्छ । यस चरणमा प्राप्त अनुभवले बालबालिकाको भविष्यको सिकाइ क्षमता, सामाजिक अनुकूलन र व्यक्तित्व निर्माणमा दीर्घकालीन प्रभाव पार्छन् । त्यसैले प्रारम्भिक बालविकासलाई आधुनिक शिक्षा प्रणालीको आधारशिला मानिन्छ । प्रारम्भिक बालविकासलाई विद्यालयका लागि पूर्वतयारी र जीवनकै जग निर्माण हुने कुरा सर्वत्र स्वीकार गरिएको विषय भएकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत विशेष गरी ३६ देखि ४८ महिनाका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

विश्वव्यापी रूपमा बालविकासको अवधारणा समयक्रमसँगै विकसित भएको छ । प्रारम्भिक कालमा बाल्यावस्थालाई वयस्कताको तयारी चरणको रूपमा मात्र लिइन्थ्यो तर आधुनिक दृष्टिकोणले बालबालिकालाई स्वतन्त्र अस्तित्व, अधिकार र क्षमता भएका व्यक्तिका रूपमा स्वीकार गरेको छ । यस परिवर्तनले बालकेन्द्रित शिक्षण, खेलमा आधारित सिकाइ तथा समग्र विकासको अवधारणालाई प्रोत्साहन गरेको छ ।

नेपालमा पनि बालविकासको अवधारणा सामाजिक, सांस्कृतिक तथा नीतिगत परिवर्तनसँगै क्रमशः विकास हुँदै आएको छ । परम्परागत रूपमा बालहेरचाह परिवार र समुदायको जिम्मेवारी थियो । हाल संस्थागत बालविकास केन्द्र औपचारिक विद्यालय शिक्षाको तयारीका प्रमुख माध्यम बनेका छन् तथापि गुणस्तर, पहुँच र प्रभावकारिताका दृष्टिले अझै धेरै चुनौती विद्यमान छन् ।

### बालविकासको ऐतिहासिक पृष्ठभूमि

प्रारम्भिक कालमा बालबालिकालाई साना वयस्कका रूपमा बुझिने गर्थ्यो र उनीहरूको शिक्षामा अनुशासन तथा आज्ञापालनलाई मुख्य जोड दिइन्थ्यो । १८ औँ शताब्दीमा प्रबोधनकालीन चिन्तक जाँ जाक रुसोले बाल्यावस्थालाई स्वतन्त्र विकासात्मक चरणका रूपमा व्याख्या गर्दै बालकेन्द्रित शिक्षाको पक्षपोषण गरे । २०औँ शताब्दीमा जिन पियाजे, लेभ भाइगोत्स्की र एरिक एरिक्सनजस्ता मनोवैज्ञानिकहरूले बालविकासका बहुआयामिक सिद्धान्त प्रतिपादन गरे ।

नेपालमा औपचारिक बालविकास कार्यक्रमको सुरुआत काठमाडौँमा सन् १९५० मा मान्टेसरी स्कुलको स्थापनासँगै भएको हो । त्यसपछि सन् १९६० को दशकमा नेपाल बाल सङ्गठनको स्थापना भएदेखि सामुदायिक पहलका रूपमा यो कार्यक्रम सुरु भएको थियो । विसं २०४६ मा प्रजातन्त्रको पुर्नस्थापना भएसँगै बालविकास कार्यक्रमलाई महत्त्व दिन थालियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भएपछि बालविकास केन्द्र शिशु कक्षामार्फत यो कार्यक्रम निरन्तररूपमा सञ्चालन हुँदै आएको हो । यसरी सन् १९९० पछि सरकारद्वारा शिक्षा नीतिमा बालविकासलाई समावेश गर्दै विद्यालय तयारी र समग्र विकासको आधारका रूपमा स्वीकार गरी सञ्चालन हुदैं आएको देखिन्छ ।

### सैद्धान्तिक ढाँचा

हाल नेपालमा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रमले निम्नलिखित सैद्धान्तिक आधार अवलम्वन गरेको देखिन्छ ः

(क) **पियाजेको संज्ञानात्मक विकास सिद्धान्त (Piaget's Cognitive Development Theory)**

पियाजेले बालबालिकाको संज्ञानात्मक विकासलाई चार चरणमा विभाजन गर्दै बालबालिकाले आफै ँ ज्ञान निर्माण गर्ने प्रक्रियामा जोड दिएका छन् । उमेरअनुसार उपयुक्त सिकाइ अनुभव आवश्यक हुने कुरा यस सिद्धान्तले स्पष्ट गर्छ ।

(ख) **भाइगोत्स्कीको सामाजिक सांस्कृतिक सिद्धान्त (Vygotsky's Social–Cultural Theory)**

भाइगोत्स्कीले सामाजिक अन्तरक्रिया र सांस्कृतिक परिवेशलाई सिकाइको केन्द्रमा राख्दै 'निकट विकास क्षेत्र (Zone of Proximal Development ZPD) को अवधारणा प्रस्तुत गरेका छन् ।

(ग) **ब्रोनफेनब्रेनरको पारिस्थितिक प्रणाली सिद्धान्त (Bronfenbrenner's Ecological Systems Theory)**

यस सिद्धान्तले बालविकासमा परिवार, विद्यालय, समुदाय र नीतिगत वातावरणको संयुक्त प्रभावलाई स्पष्ट गर्छ ।

यी सिद्धान्तले नेपालका बालविकास केन्द्रको समस्या र समाधान विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गर्छन् ।

### नेपालमा बालविकाससम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षाको ऐन, २०७५ मा प्रारम्भिक बालविकास तथा शिक्षालाई "चार वर्ष उमेर पूरा भएका

बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनुपर्छ ।" भनेर परिभाषा गरिएको छ । बालबालिकाको सिकाइ र विकासलाई टेवा पुऱ्याउन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि कानुनी आधार प्रदान गर्दै अनुदान तथा प्राविधिक सहायताको प्रबन्ध गरेको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले पनि ४ वर्षका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने र ४ वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख गरेको छ। त्यस्तै प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ ले चार वर्ष उमेर भन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहार क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ले ४ वर्षमुनिका बालबालिकालाई प्रारम्भिक बालस्याहार तथा विकास कार्यक्रम आवश्यक मान्दै यसका लागि विशेष कार्यक्रमको दिशानिर्देश गरेको छ। नेपाल सरकारले पनि बालविकास प्रवर्द्धनका लागि विभिन्न नीति तथा कानुनी व्यवस्था गरेको छ। जसमध्ये निम्नलिखित कानुनी र नीतिगत व्यवस्था प्रमुख छन् :

- राष्ट्रिय प्रारम्भिक बालविकास रणनीति (२०७७-२०८८)
- विद्यालय शिक्षा क्षेत्र योजना (SESP २०७८-२०८७)
- शिक्षा ऐन तथा स्थानीय सरकार सञ्चालन ऐन
- राष्ट्रिय शिक्षा नीति २०७६
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६
- प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षाको ऐन, २०७५
- विभिन्न सहयोगी पुस्तिका तालिम र शिक्षक निर्देशिका

यी नीति एवम् कानुनी व्यवस्थाले सेवा विस्तार, गुणस्तर सुधार र पहुँच सुनिश्चित गर्ने लक्ष्य राखे तापनि कार्यान्वयनमा चुनौती देखिन्छन् ।

## नेपालमा बालविकास केन्द्रको अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०८१ को शैक्षिक तथ्याङ्कअनुसार हाल नेपालमा करिब ४१२८४ बालविकास तथा पूर्वप्राथमिक शिक्षा केन्द्र सञ्चालनमा रहेका छन् । जसमध्ये सामुदायिक ३३४७० र संस्थागत ७८१४ रहेका छन् । हाल सञ्चालनमा रहेका बालविकास केन्द्रमा सहरी क्षेत्रमा तुलनात्मक रूपमा राम्रो अवस्था भए तापनि ग्रामीण तथा दुर्गम क्षेत्रमा भौतिक पूर्वाधार, जनशक्ति र सामग्रीको अभाव रहेको दे खिन्छ। सीमान्तकृत समुदायका बालबालिकाको पहुँच अझै सीमित रहेको छ।

## बालविकास केन्द्रका समस्या तथा चुनौती

हाल सञ्चालित वालविकास केन्द्रले विभिन्न समस्या र चुनौतीको सामना गर्नु परेको छ। प्रमुख समस्या तथा चुनौतीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**(क) भौतिक पूर्वाधारको अभाव**

अधिकांश बालविकास केन्द्रमा सुरक्षित र छुट्टै भवनको व्यवस्था छैन । उमेर अनुसारका उचित फर्निचर को व्यवस्थापन गर्न सकिएको छैन । त्यस्तै खेलमैदान, खानेपानी र सरसफाइ सुविधाको पनि उचित प्रबन्ध मिलाउन सकिएको छैन ।

**(ख) प्रशिक्षित शिक्षकको कमी**

बाल विकास केन्द्रका शिक्षकले ज्यादै न्यून पारिश्रमिकमा काम गरि रहेका छन् । बालमनोविज्ञानमा आधारित उचित तालिम सबैले पाउन सकेका छैनन् । शिक्षकको शैक्षिक योग्यता, अस्थायी नियुक्ति र सीमित तालिमका कारण बालविकासमा पढाउने शिक्षकको गुणस्तर प्रभावित छ ।

**(ग) शैक्षिक सामग्रीको कमी**

बाल विकास केन्द्रमा खेल सामग्री खेलौना, पुस्तक तथा सिकाइ सामग्रीको न्यूनताले बालकेन्द्रित शिक्षण कमजोर बनाएको छ । कलिला बालबालिकालाई उनीहरूको स्तरभन्दा माथिका सिकाइ तथा विकासात्मक क्रियाकलापको बोझ परिरहेको वा आवश्यक विकासमा आधारित सिकाइ क्रियाकलापको अवसर दिन सकिएको देखिँदैन ।

**(घ) अभिभावक चेतनाको कमी**

बालविकासको महत्त्वबारे अभिभावकमा पर्याप्त जागरूकता र चेतना नहुँदा बालवालिकाको नियमिता र उपस्थितिमा समस्या देखिन्छ ।

**(ङ) कमजोर अनुगमन प्रणाली**

बाल विकास केन्द्रको नियमित अनुगमन र मूल्याङ्कनको अभावले गुणस्तर सुनिश्चित हुन सकेको छैन । स्थानीय तह, प्रदेश र सङ्घवाट समन्वयात्मक साझा अनुगमन प्रणालीको विकास गर्न सकिएको छैन भने भएका कानुनी र नीतिगत व्यवस्थाको पनि प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन ।

**(च) पहुँच र समताको समस्या**

बाल विकास केन्द्रमा सबै क्षेत्र र वर्गका बालबालिकाहरूलाई समेटन सकिएको छैन । दुर्गम तथा गरिब समुदायका बालबालिका अझै पछाडि परेका छन् ।

## निष्कर्ष

नेपालका बालविकास केन्द्रका समस्या बहुआयामिक र परस्पर सम्बन्धित छन् । अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्दा नेपालमा अझै पाठ्यक्रम केन्द्रित दृष्टिकोण हावी देखिन्छ । गुणस्तरीय बालविकासका लागि शिक्षक तालिम, स्रोतसाधनको प्रबन्ध, नियमित एवं प्रभावकारी अनुगमन र समुदायको सुदृढ सहभागिता आवश्यक छ ।

## समाधान तथा नीतिगत सुझाव

बालविकास केन्द्रमा सबै बालबालिकाको पहुँच बढाउन र प्रभावकारी गुणस्तरीय सेवा प्रदान गर्न देहायका व्यवस्था गरिनु आवश्यक देखिन्छ :

- बालविकासलाई कानुनी रूपमा शिक्षा प्रणालीको अनिवार्य अङ्ग बनाउने
- न्यूनतम शिक्षक योग्यता र नियमित तालिम सुनिश्चित गर्ने
- स्थानीय सरकारलाई पर्याप्त बजेट र प्राविधिक सहयोग प्रदान गर्ने
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने
- अभिभावक तथा समुदायको सक्रिय सहभागिता प्रवर्द्धन गर्ने

## सन्दर्भ सूची


Ministry of Education, Science and Technology . (2018) . National early childhood development strategy. Government of Nepal.

Ministry of Education. (2016). School sector development plan (2016–2023). Government of Nepal.

National Planning Commission. (2020). Fifteenth plan (2019/20–2023/24). Government of Nepal.

UNICEF Nepal. (2019). Early childhood development: Situation analysis of Nepal. UNICEF.

Koirala, B. N. (2015). Status of early childhood development in Nepal. Tribhuvan University Journal, 29(1), 1–14.

Bronfenbrenner, U. (1979). The ecology of human development: Experiments by nature and design . Harvard University Press.

Piaget, J. (1970). The science of education and the psychology of the child. Orion Press.

Vygotsky, L. S. (1978). Mind in society: The development of higher psychological processes. Harvard University Press.

Gurung, H. , & Thapa, R. (2018). Challenges of early childhood education in rural Nepal. Nepalese Journal of Educational Studies, 12(1), 25–40.

Bhattarai, S. , & Shrestha, P. (2019). Policy implementation gaps in early childhood development centers in Nepal. Journal of Educational Policy, 15(2), 55–70.

UNICEF. (2018). Situation analysis of children in Nepal. UNICEF.

Ministry of Education. (2017). *Early childhood education monitoring framework.

# सानो खर्च, अधिकतम सिकाइ

**– पवनकुमार अधिकारी**

## विषय प्रवेश

फ्लास प्रतिवदेन २०२४ अनुसार नेपालमा ४१ हजार २ सय ८४ प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्र छन् जसमध्ये ८१.१ प्रतिशत केन्द्र सामुदायिक विद्यालय र समुदायमा आधारित छन् । सामुदायिक तथा संस्थागत गरी करिब ११ लाख बालबालिका प्रारम्भिक बाल कक्षामा अध्ययनरत रहेको तथ्याङ्कले देखाउँछ। प्रारम्भिक बालविकास बालकको जीवनको सबैभन्दा संवेदनशील र आधारभूत चरण हो । जन्मदेखि ५ वर्षसम्मको अवधिमा बालबालिकाको मस्तिष्क विकास तीव्र गतिमा भइरहेको हुन्छ । यस समयमा प्राप्त अनुभवहरूले बालकको भविष्यको सिकाइ, सामाजिक व्यवहार, भावनात्मक विकास र व्यक्तित्वमा दीर्घकालीन प्रभाव पार्छ । यस चरणमा बालबालिकाले खेल खेलेर, अनुभव गरेर, भौतिक रूपमा अभ्यास गरेर, अन्तरक्रिया र वातावरण प्रत्यक्षीकरण सिक्ने क्षमता अत्यधिक हुन्छ ।

यसैले प्रारम्भिक बालशिक्षा तथा विकास केन्द्रमा प्रयोग गर्न सकिने निःशुल्क वा कम लागतका स्थानीय सिकाइ सामग्रीको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस्ता सामग्रीले बालबालिकाको संज्ञानात्मक क्षमता, भाषा विकास, सामाजिक तथा भावनात्मक कौशल र सिर्जनात्मक सोचलाई प्रोत्साहित गर्छ, उत्प्रेरणा जगाउँछ । स्थानीय रूपमा यत्रतत्र उपलब्ध प्रयोग भइसकेका बट्टाबट्टी, कपडाका टुक्रा, बोत्तल, कागज, ढुङ्गा, माटो, पात, सिन्का जस्ता सामग्री र अन्य घरायसी प्रयोगमा आइसकेका अन्य वस्तुलाई विभिन्न स्वरूप दिएर साधारण खेलौना, सिकाइका सामग्रीका रूपमा प्रयोग गर्दा बालबालिकाको आँखा र हातको समन्वय, गन्ती गर्न, भाषिक सञ्चार गर्न र सिर्जनात्मक क्षमता विकास गर्न मद्दत गरिरहेको हुन्छ ।

आर्थिक स्रोतको अभावले शिक्षाका लागि बजेटको विनियोजनको अनुपात न्यून हुने गरिरहेको परिवेशमा निःशुल्क वा कम लागतको स्थानीय सामग्रीको प्रयोग अपरिहार्य हुन्छ । हामीमा बजारबाट खरिद गरिएका महँगा महँगा खेल र सिकाइ सामग्रीले मात्र प्रभावकारी सिकाइ हुन सक्छ भन्ने यदा कदा भ्रम छ। विद्यालयहरू पनि खरिद गरेर ल्याउन पाउँदा खुसी हुन्छन् । शिक्षकहरूले स्थानीय सामग्री सङ्कलन गरी सिकाइमा जोड्ने गरे को बिरलै पाइन्छ । बालबालिकाले नयाँ खेलौना वा सामग्री केही समयसम्म त रमाइलो मानेर नै खेल्छन् । उनीहरूको स्वभावैले त्यस्ता सामग्री केही समयपछि उफारेर, फ्याँलेर, च्यातेर, फुटाएर, भत्काएर, जोडेर सिक्न चाहन्छन् । जुन व्यवहार शिक्षक र अभिभावकको अगाडि वर्जित हुन्छन् । बढी मूल्य तिरे मुस्किलले जोगाड गरिएका सामग्री बालबालिकाले भत्काउँछन्, बिगार्छन् भनेर स्कुलको बाकस र घरको दराजमा थन्कन पुग्छन् । यी सबै कुरा आर्थिक स्रोतको अभावसँग जोडिएका पक्ष हुन् । त्यसैले हामीले सधैँ सहजै पाइन सकिने स्थानीय निःशुल्क वा कम लागतमा तयार गर्न सकिने सामग्रीको विकास र प्रयोगमा जोड दिन आवश्यक छ।

स्थानीय रूपमा सहजै उपलब्ध स्रोत प्रयोग गरी विकास गर्न सकिने ल्य ऋयकत / ीयध ऋयकत (निःशुल्क वा कम लागत) का यस्ता सामग्रीले बालबालिको उमेर, रुचि, आवश्यकता, विकासक्रम र विशेषताअनुसार

वृद्धि र विकासमा सहयोग गर्छ। यस्ता सामग्री सिकाइका लागि भरपर्दा, प्रभावकारी, पहुँचयोग्य र व्यावहारिक विकल्प पनि हुन्। विद्यालय र घरमा नै सङ्कलन गरी तयार गर्न सकिने स्थानीय सामग्रीले शिक्षक, अभिभावक र समुदायलाई ठुलो राहत दिन्छ। हामीसँग भएको सीमित स्रोत र साधनको अधिकतम प्रयोग गर्दै बालबालिकालाई गुणस्तरीय र सक्रिय सिकाइका लागि सुनिश्चित गर्न सकिन्छ। यस्ता सामग्रीको प्रयोगबाट बालबालिकाले खेल, कथा, प्रयोगात्मक गतिविधि र सिर्जनात्मक अभ्यास गर्दै सिक्छन्। यसले उनीहरूको अनुभवलाई निखार्न, नवप्रवर्तन गर्न, सिर्जनात्मक बन्न, रचनात्मक हुन, सकारात्मक बन्न, अनुकरण गर्दै सिक्नका लागि प्रशस्तै अवसर दिन्छ। यस लेखको आशय नै हाम्रा सबै प्रारम्भिक बालविकास केन्द्रहमा निःशुल्क वा कम लागतका सामग्रीको विकास, प्रयोग र विस्तार हुन सकोस भन्ने रहेको छ। यसका लागि केही वस्तुपरक अवधारणा, सन्दर्भ र उपयोगका पक्ष केलाउँदै हाम्रा बालशिक्षका सहजकर्ता, बालबालिका र अभिभावकका लागि गुण लगाउने प्रयास गरिएको छ।

## अवधारणागत आधारशिला



निःशुल्क वा कम लागत (No Cost/ Low Cost) का स्थानीय सिकाइ सामग्री भन्नाले कुनै खर्च नगरी वा अत्यन्त न्यून खर्चमा तयार गर्न सकिने आफ्नै परिवेशमा सवत्र उपलब्ध वस्तुलाई सिकाइ सामग्रीका रूपमा प्रयोग हो । स्थानीय रूपमा सहजै उपलब्ध हुने यस्ता सिकाइ सामग्रीलाई बालबालिकाको सिकाइ अनुभवलाई जीवन्त र सक्रिय बनाउनका लागि प्रयोग गर्न सकिन्छ। हाम्रै घर परिवेश, विद्यालय वा समुदाय वरपर सजिलै पाउन सकिने प्राकृतिक वस्तु जस्तै पात, ढुङ्गा, बालुवा, माटो, सिन्का, काठ आदि यस्तै हामीले प्रयोगपश्चात् खासै प्रयोग नगरिरहेका तर सिकाइ सामग्रीका रूपमा विकास गर्न र प्रयोग गर्न मिल्ने सामग्री जस्तै प्लास्टिकको बोतल, पत्रिका, डिब्बा, कपडा, काठका टुक्रा, बिर्को, खोल, खबटा, फलफूलका दिउल, टायर, चक्का, मकैका खोया, धागो, डोरी आदि कैयन वस्तुलाईलाई खास आकृति, सजावट, रङरोगन गरेर सिकाइकालाई बहुउपयोगी सामग्री सहजै बनाउन सकिन्छ।

यसै गरी अन्न, गेडागुडी, मकैको खोस्टा, पराल आदि सङ्कलन गरेर सिकाइका सामग्री बनाउन सकिन्छ। यसरी गाउँघरमा नै सहजै पाउन सकिने वस्तु सिकाइका लागि बहुउपयोगी हुनुको साथै अधिकांश निःशुल्क र किनिहाल्नुपरे पनि कमै खर्च गरे पुग्छ। यस्ता सामग्रीलाई बालबालिकाको सिकाइ प्रक्रियामा जोड्न सक्दा अनावश्यक आर्थिक भार कम हुन गई वैकल्पिक लागतमा उपयोग गर्न सकिन्छ। यस किसिमका स्थानीय

वस्तुलाई सिकाइ सामग्रीको रूपमा प्रयोग गर्नाले बालबालिकाहरूले समेत आफैँ खेलौना बनाएर खेल्ने, सिकाइमा प्रयोग गर्ने, नयाँ सामग्री विकास गर्ने जस्ता सिर्जनात्मक क्षमताको विकास गराउँछ। यस्ता सामग्रीलाई उनीहरूले प्रत्यक्ष छुँदै, खेल्दै, बिगार्दै, बनाउँदै र निरीक्षण गर्दै सिक्ने हुँदा सिकाइ प्रक्रिया दीर्घकालीन, र चनात्मक र अनुभवमूलक हुन्छ। यसले शिक्षक र अभिभावकलाई पनि सिर्जनशील र नवप्रवर्तनात्मक सिकाइ गराउने अवसर प्रदान गर्छ। खेर फालिएका कुनै पनि वस्तु देख्ने बित्तिकै शिक्षक, विद्यार्थी र अभिभावकको आँखाले सिकाइ सामग्रीको रूपमा देख्न थाल्छ। यसको परिणाम त्यस्ता वस्तु सङ्कलन गरेर सामग्री बनाइहाल्ने संस्कार विकास हुन्छ।

**आवश्यकता र महत्त्व**

प्रारम्भिक बालविकास कक्षामा बालबालिकालाई प्रत्यक्षीकरण गरेर सिक्न आवश्यक हुन्छ। यसका लागि प्रयाप्त सिकाइ सामग्रीको आवश्यकता हुन्छ। यो आवश्यकता पूरा गर्न पनि स्थानीय परिवेशमा उपलब्ध निःशुल्क वा कम लागतका सामग्रीको अत्याधिक प्रयोग गर्न आवश्यक हुन्छ। सामग्रीसँग चलेर सिकेका बालबालिका सहकार्य गर्न, खेल्दै सिक्न, रमाउन, सिर्जनात्मक हुन, सिकाइमा स्वस्फूर्त सक्रिय बन्न र अनुभव गरेर सिक्न, रचनात्मक हुन, सोध खोज गर्दै सिक्न, स्वनिर्देशित हुन, सामग्रीको जतन गर्न जस्ता कैयन गुणको विकास भइरहेको हुन्छ। उनीहरूले हेरेर, सुनेर, छामेर, चाखेर, सुँघेर जस्ता पाँचै इन्द्रियको प्रयोग गरेर सिक्न पाउँछन्। जुन उनीहरूका लागि सिकाइ आवश्यकता पनि हो। सिकाइ क्षेत्रका आधारमा यस्ता सामग्रीको प्रयो गले देहाएका पक्ष विकास गर्न पनि सहयोग गरिरहेको हुन्छ।

(क) **शारीरिक विकास** (**Physical Development**): बालबालिकाको आँखा र हातको समन्वय र साना मांसपेशीको विकासमा मद्दत गर्छ। जस्तै कागज काट्ने, च्यात्ने, धागो बटार्ने, बोतल वा टुप्पोमा वस्तु र ाख्ने, कपडाको बल बनाएर पास गर्ने आदि गतिविधिले साना हातको मांसपेशीलाई मजबुत बनाउँछ।

(ख) **बौद्धिक विकास** (**Cognitive Development**): सोच्ने, तुलना गर्ने, क्रम मिलाउने र समस्या समाधान गर्ने क्षमता विकास हुन्छ। रङ्गीन काठका टुक्रा, फलफूलका बियाँ, ढुङ्गा, दाना, गेडागुडी आदिको प्रयो ग गरी गन्ती गर्ने, आकार छुट्याउने खेलहरू खेल्न सकिन्छ।

(ग) **भाषिक विकास** (**Language Development**): सामग्रीसँग खेल्ने क्रममा शब्द भण्डार, संवाद र अभिव्यक्ति क्षमता वृद्धि हुन्छ। कथाका पात्र बनाएर कथा भन्ने, उनीहरूसँग संवाद गर्ने, खेल, कविता, गीत र कुराकानी गर्दा भाषिक सिप सिकाइ भइरहेको हुन्छ।

(घ) **सामाजिक विकास** (**Social Development**): सहकार्य गर्ने, पालो पर्खने, नियम पालन गर्ने, साझा जिम्मेवारी बुझ्ने जस्ता क्षमता विकास हुन्छ। समूहमा खेल्ने, खेलका नियम पालना गर्ने, सामूहिक कार्य गर्ने, जिम्मेवारी वहन गर्दै सामाजिक गुणको विकास गर्दै जान्छन्।

(ङ) **भावनात्मक विकास** (**Emotional Development**): आत्मविश्वास, आत्म नियन्त्रण, धैर्य र अभिप्रेरणा, माया, खुसीसहित सकारात्मक भावनाको विकास हुन्छ। आफ्नै सिर्जना प्रस्तुत गर्दा

बालबालिकामा सकारात्मक आत्ममूल्याङ्कन र हौसला अभिवृद्धि हुन्छ। रिस, डर, दुख, पीडा जस्ता नकारात्मक भावहरूलाई विस्तारै नियन्त्रण र सहन गर्दै जाने सिपको विकास हुँदै जान्छ।

## सैद्धान्तिक आधार

प्रारम्भिक बालविकासका लागि निःशुल्क वा कम लागतका स्थानीय सामग्री विकास र सिकाइमा प्रयोग गर्दा बालबालिकाको सिकाइ अनुभवलाई सक्रिय गराउने, सुरक्षित भएर प्रयोग गर्ने र सिकाइलाई उपलब्धिमूलक कसरी बनाउन सकिन्छ भनेर विचार गर्न आवश्यक हुन्छ। यसका लागि देहायका सिद्धान्तलाई स्थानीय सामग्री विकास गर्दा आत्मसाथ गर्दै अवलम्बन गर्नुपर्छः

(क) **बालकेन्द्रितता** (**Child–Centeredness**) स्थानीय सिकाइ सामग्री विकास गर्दा बालबालिकाको उमेर, रुचि, आवश्यकता र सिकाइ स्तरअनुसार ख्याल गरेर तयार गर्नुपर्छ। यसरी तयार गरिएका सामग्रीलाई बालबालिकाले सहजै पाउन सक्ने, अभ्यास गर्न सक्ने, अनुभव गर्दै सिक्न सक्ने, खेल्दै सिक्दै र सिर्जना गर्नका लागि प्रेरित गर्ने उपयुक्त वातावरण तयार गरिदिनुपर्छ।

(ख) **सुरक्षा र स्वच्छता** (**Safety and Hygiene**) स्थानीय रूपमा विकास गरिएका सिकाइ सामग्रीलाई सुरक्षित बनाउन आवश्यक हुन्छ। यसका लागि सामग्री बनाउनका लागि प्रयोग हुने वस्तुमा रहेको धारिलो, विषाणु, फोहोर वा जोखिमयुक्त कुराबाट सुरक्षित गर्नुपर्छ। कुनै पनि सामग्री बालबालिकाले स्वतन्त्र रूपमा प्रयोग गर्न सक्ने गरी सुरक्षित र स्वच्छ हुनुपर्छ। प्लास्टिकको बोतल, कपडा वा कागज प्रयोग गर्दा छेउछाउका धारिलो भाग मुठार्नुपर्छ। यसै गरी सामग्रीलाई नियमित रूपमा सफा राख्ने, विषाणुरहित गर्ने र प्रयोगपछि सुरक्षित भण्डारण गर्ने अभ्यास गर्नुपर्छ।

(ग) **स्थानीयता र सान्दर्भिकता** (**Locality and Relevance**) यसरी विकास गरिने सिकाइ सामग्री स्थानीय भाषा, संस्कृति, जीवनशैली र परिवेशसँग मेल खाने हुनुपर्छ। यसले बालबालिकामा साँस्कृतिक पहिचान र अनुभवात्मक सिकाइ विकास गर्न सहयोग गर्छ। जस्तै स्थानीय खेलका नियम, समुदायमा उपलब्ध प्राकृतिक वस्तु, अन्न गेडागुडी, मौसमअनुसारको फलफूल, तरकारीको प्रयोग गर्न सकिन्छ। कथाका पात्र वा कहानीमा स्थानीय नाम र परिवेश समावेश गरेर अभ्यास गर्दा मौलिक र सान्दर्भिक हुन्छ।

(घ) **बहुउपयोगिता** (**Multi–Purpose Use**) एउटै सामग्री विभिन्न सिकाइ उद्देश्यका लागि प्रयोग गर्न मिल्ने हुनुपर्छ। यसले स्रोतको अधिकतम उपयोग र नवप्रवर्तन गर्न सिकाउँछ। जस्तै रङ्गीन बिर्कोलाई गणितमा गन्ती गर्न, क्रम मिलाउन, रङ छुट्याउन, आकार पहिचान गर्न, बिर्को लगाउने अभ्यास आदि बहुप्रयोग गर्न सकिन्छ। पुराना पत्रिका, कपडा टुक्रा वा बोतललाई कला, गणित, भाषा र विज्ञान गतिविधिमा बहुउपयोगी बनाउन सकिन्छ।

(ङ) **सहभागीमूलक विकास** (**Participatory Development**) शिक्षक, विद्यार्थी, अभिभावक र

समुदायको सहभागिता तथा सहकार्यमा सिकाइ सामग्रीको विकास गर्दा यसको सङ्कलन, प्रयोग, संरक्षण, सुरक्षा, सिर्जनशीलता र बहुप्रयोग गर्ने संस्कारको विकास हुन्छ। यसका लागि बालबालिका र अभिभावकलाई सामग्री सङ्कलन गर्न, संरक्षण र सुरक्षा प्रदान गर्न, शिक्षकले सामग्रीलाई डिजाइन दिन र नयाँ नयाँ र सिर्जनात्मक भएर सामग्री बनाउनका लागि बालबालिका र अभिभावकसँग सहकार्य गर्न सकिन्छ। सामग्रीको बहुप्रयोग गर्ने समुदायको साझा जिम्मेवारी बोध गराउने जस्ता कार्य गर्न सकिन्छ।

## ५. सामग्रीका प्रकार

प्रारम्भिक बालसिकाइका लागि निःशुल्क वा कम लागतका स्थानीय सामग्री सजिलै उपलब्ध र बहुउपयोगी हुने भएकाले शिक्षक, विद्यार्थी, अभिभावक र समुदायले सजिलै निर्माण गर्न सक्छन्।

(क) **प्राकृतिक सामग्री (Natural Materials)** प्राकृतिक रूपमा निःशुल्क वा कम लागतका वस्तु कक्षा वा घरको सिकाइमा प्रयोग गरेर बालबालिकालाई प्रकृतिसँग प्रत्यक्ष अनुभव गर्ने, महसुस गर्ने, अन्तरक्रिया गरेर सिक्ने प्रशस्तै अवसर सिर्जना गर्न सकिन्छ। यस्ता स्रोतको उपयोग गर्ने सिलसिलामा मितव्ययिता, वातावरणप्रतिको संवेदनशीलता बढाउन समेत सहयोग गरिरहेको हुन्छ। ढुङ्गा, माटो, बालुवा, पात, फूल, बिउ, फलको दिउल, सिन्का, ससाना काठका टुक्रा, ब्लक, माटो आदि यसका केही उदाहरणका रूपमा लिन सकिन्छ।



**सिकाइ कार्यकलापका केही उदाहरण**

- **गन्ती खेलः** दाना, बिउ, ढुङ्गा, सिन्का आदि प्रयोग गरेर गन्ती गर्ने अभ्यास गराउन सकिन्छ।
- **आकार मिलाउने खेलः** पात, बिउ, ढुङ्गा आदिलाई विभिन्न आकारमा मिलाउन, छुट्याउन लगाउन सकिन्छ।
- **रङ चिनाउनेः** फूल, पात प्रयोग गरेर रङ चिनाउने, रङ बनाउने, छाप्ने अभ्यास गराउन सकिन्छ।
- **बनावट (Texture) अनुभवः** बालुवा, माटो, पात, काठ, कपडा आदि स्पर्श गर्न लगाएर नरम, कडा, खस्रो, चिल्लो अनुभव गराउन सकिन्छ।
- **अङ्कुरण र बिरुवाको अनुभवः** गमला वा वट्टामा माटो राखेर बिउ रोप्ने, सिचाइ गर्ने, अङ्कुरण तथा बिरुवाका विभिन्न चरण हेर्नका साथै विज्ञान, पर्यावरण र जीवनोपयोगी ज्ञान दिन सकिन्छ।
- **मोडल निर्माणः** माटो, पिठो मुसेर विभिन्न भाँडाकुँडा, खानेकुरा, फलफूल, जनवार, चराचुरुङ्गी

आदिको मोडल बनाउने र ती सामग्री प्रयोग गरेर अभिनय, नक्कल गर्न सकिन्छ।

- **इन्द्रिय स्पर्शः** चिनी, नुन, प्याज, अदुवा आदि चाख्ने; जोखिम नहुने गरी खोर्सानी छुने; फूलको वास्नासुंघ्ने; बट्टाबट्टीमा विभिन्न वस्तु राखेर हल्लाउँदा निस्कने आवाज सुन्ने जस्ता गतिविधिमार्फत पाँचै इन्द्रिय प्रयोग हुने सिकाइ अनुभव गराउन सकिन्छ।

(ख) **पुनः प्रयोगयोग्य सामग्री** (**Reusable Materials**)



बजारबाट किनेर ल्याइएका विभिन्न वस्तु तथा सामग्रीको प्याकिङ गरिएका, फालिएका वा खेर जाने वस्तुको पुनः प्रयोग गरी विभिन्न सिर्जनात्मक सामग्री बनाउन सकिन्छ। जसले स्रोतको बचत, पुनर्प्रयोग र सिर्जनशीलता बढाउन सहयोग गर्छ। खाली बोतल, डिब्बा, कार्टुन, पुराना कपडा, ढक्कन, प्लास्टिकका वस्तु, कपडा टुक्रा, बट्टाबट्टी, चक्लेट, बिस्कुट, चाउचाउ आदिका खोल आदि हुन सक्छन्।

## सिकाइ कार्यकलापका केही उदाहरण



- **सङ्गीत सामग्रीः** फरक फरक बोतलमा थोरै बालुवा, विभिन्न अन्न वा गेडागुडी, मसिना ढुङ्गा राखेर हल्लाउँदा निस्कने विभिन्न आवाज र बाजा बनाउन सकिन्छ।
- **मिलान खेल** (**Sorting / Matching**)ः बोतल वा ढक्कनको रङ वा आकार मिलाउने, बोतलको बिर्को लगाउने, खोल्ने जस्ता खेल खेलाउन सकिन्छ।
- **कल्पनात्मक खेल** (**Pretend Play**)ः कार्टुन वा कपडाका टुक्राबाट गुडीया बनाउने, भाँडाकुटी खेल्ने, घर बनाउने, खाना वा गाडी बनाएर खेल्ने जस्ता कल्पशील तथा मनोवाद बढाउने खेल खेलाउन सकिन्छ।
- **गणित र विज्ञान अभ्यासः** बोतल वा डिब्बा प्रयोग गरी गन्ती, वजन, मापन र सन्तुलन जस्ता धेरै अभ्यास गर्न सकिन्छ।

(ग) **कागजजन्य सामग्री** (**Paper–Based Materials**)

स्थानीय रूपमा सहजै उपलब्ध हुन सक्ने कागजजन्य सामग्री प्रयोग गरेर भाषा, लेखन र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न सकिन्छ । सामान्यतया यस्ता सामग्री स्थानीय रूपमा सहजै र कमै मूल्यमा उपलब्ध हुन सक्छ। पत्रिका, सादा तथा धर्के पाना, कागजका टुक्रा, रङ्गीन कागज, कार्डबोर्ड पेपर, कापी, किताबका पाना, चित्र, कभर र पत्रपत्रिका आदि यस्ता सामग्री हुन सक्छन् ।

**सिकाइ कार्यकलापका केही उदाहरण**

- **चित्र कार्ड** (**Picture Cards**)ः पुराना पुस्तक, पत्रिकामा भएका चित्रहरू सङ्कलन गरेर विभिन्न वस्तु, जनावर, रङ, आकार चिनाउन, शब्द सिकाउन सकिन्छ।
- **कथा कार्ड** (**Story Cards**)ः घटनाक्रम र पात्र तयार गरेर कथाकथन गर्न सकिन्छ।
- **अक्षर र सङख्या सामग्री**ः कागज, कार्टुन काटेर अक्षर र अङ्कका फ्लास कार्ड, ब्लक बनाएर खेलाउन सकिन्छ।
- **कलात्मक अभ्यास**ः पुराना पत्रिका, कार्टुन, कार्डबोर्ड प्रयोग गरेर म्यास्क, कोलाज, मोजाक, चित्र बनाउने अभ्यास र खेलाउन सकिन्छ।

(घ) **मिश्रित र बहुउपयोगी गतिविधि** (**Combination & Multi–Purpose Use**)

स्थानीय परिवेशअनुसार प्राकृतिक तथा खेर जाने वा फालिकएका वस्तुलाई मिलाएर विभिन्न बहुउपयोगी कार्यकलाप गराउन सकिन्छ।

- पात, ढुङ्गा र रङ्गीन कागज मिलाएर सङ्ख्या गन्ती, रङ छुट्याउने खेल खेलाउन सकिन्छ।
- बोतल र माटाको प्रयोग गरेर विज्ञान र कलाका सामग्री बनाउन सकिन्छ।
- पुराना कपडा, पत्रिका र प्लास्टिक मिलाएर गुडिया, भाँडाकुटी जस्ता कल्पनात्मक खेल र सामाजिक गतिविधिको नक्कल गर्न सकिन्छ।

**स्थानीय सामग्री विकासका चरणबद्ध प्रक्रिया र उपयोग**

स्थानीय सामग्री विकाससँगै सिकाइ प्रक्रिया कसरी जोड्ने, कस्ता सिकाइका लागि कस्तो सिकाइ सामग्री आवश्यक हुन्छ ? सामग्री विकास र त्यसपछिको प्रयोका सम्बन्धमा शिक्षक स्पष्ट हुन आवश्यक हुन्छ। यसका लागि अपनाउनुपर्ने चरण यसप्रकार छनः

(क) **सिकाइ उद्देश्य निर्धारण** (**Defining Learning Objectives**) स्थानीय सामग्रीको प्रयोग गरेर बालबालिकाले के सिक्नुपर्ने हो भन्ने स्पष्ट उद्देश्य निर्धारण गर्नुपर्छ । यसका लागि बालविकासको पाठ्यक्रमले तोकेका विषयक्षेत्र र सिकाइ उपलब्धिलाई आधार बनाउनुपर्छ । उद्देश्य स्पष्ट भएपछि त्यसैअनुसारका स्थानीय सामग्री विकास गर्न, सिकाइका लागि विधि र तरिकासहितको योजना

बनाउन सहज हुन्छ ।

(ख) **स्रोत पहिचान** (**Identifying Resources**) यस चरणमा स्थानीय रूपमा निःशुल्क वा कम लागतमा उपलब्ध वस्तु तथा सामग्रीको सूची तयार पार्नु आवश्यक हुन्छ । ती वस्तु वा सामग्री कहाँ, कोसँग छन् भनेर पनि सूची तयार गर्नुपर्छ । यसरी बनाएको सूचीअनुसार उक्त वस्तु वा सामग्री को कोबाट कसरी जुटाउने वा सङ्कलन गर्ने भनेर योजना बनाउनुपर्छ । यसरी सङ्कलन गरिएका वस्तु तथा सामग्री कहाँ र कसरी भन्डारण गर्ने, सरसफाइ र सुरक्षित प्रयोग गर्न योग्य बनाउने जस्ता योजना बनाउन पनि आवश्यक हुन्छ ।

(ग) **डिजाइन र निर्माण** (**Design and Construction**) स्रोत पहिचान गरेर सङ्कलन गरेपछि सरल, आकर्षक, बहुउपयोगी, सुरक्षित र बालमैत्री सिकाइ सामग्रीको डिजाइन र निर्माण गर्नुपर्छ । सामग्री विकास गर्दा उल्लिखित सिकाइको विषयक्षेत्र र सिकाइ उपलब्धिलाई आधार बनाउनुपर्छ । सामग्री विकास गर्दा सिकाइकै क्रममा बालबालिकासँगै बसेर सहकार्य गर्दै सामग्री विकास गर्ने शैली अपनाउनु बढी उपयोगी हुन्छ । यसो गर्दा बालबालिकामा सामग्री विकास गर्ने सिप र त्यसबाट सिकाइ दुवै विकास हुन्छ । उनीहरूले आफैँ अभ्यास गर्दै नयाँ सिर्जना गर्न सक्छन् । यसै गरी सामग्री विकासमा अभिभावक र समुदायको संलग्नताले बजारबाट किनेर ल्याइने महँगा सामग्रीले भन्दा स्थानीय सामग्रीले बालबालिकाको सिकाइमा महत्त्वपूर्ण प्रभाव पार्न सक्ने रहेछ भनेर महसुस गर्न, उहाँहरूसँग रहेको मौलिक तथा परम्परागत सिप पुस्तान्तरण गर्नसमेत प्रशस्तै अवसर प्रदान गर्छ ।

(घ) **कक्षामा प्रयोग** (**Classroom Implementation**) यसरी तयार गरिएका स्थानीय सामग्रीलाई खेल तथा सिकाइ कार्यकलाप गराउँदै कक्षामा बालबालिकालाई प्रयोग गर्नुपर्छ । सिकाइ उद्देश्य, विषयगत सिकाइ क्षेत्र र क्रमअनुसार सिकाइ कार्यकलापमा प्रयोग गर्नुपर्छ । सामग्री सुरक्षित तरिकाले प्रयोग गने तरिका, जतन गर्ने तरिका र प्रयोग पश्चात व्यवस्थापन गर्ने सिप पनि सँगसँगै सिकाउन आवश्यक हुन्छ । सिकाइको उद्देश्यअनुसार बालबालिकालाई प्रशस्त अवसर र अभ्यासको मौका दिन व्यक्तिगत, जोडी,ससाना समूह वा पूर्ण समूह कुन विधि र तरिका उपयुक्त हुन्छ छनोट गरी त्यसैअनुसार सामग्री उपलब्ध गराई सबैलाई कार्यकलापमा सहभागिता हुने गरी सुनिश्चितता गर्नुपर्छ । यसको अर्थ जति धेरै सामग्री, त्यति नै धेरै अभ्यास र सिकाइ धारण गर्ने अवसर हुन्छ भन्ने पक्षलाई ख्याल गर्न आवश्यक हुन्छ ।

(ङ) **मूल्याङ्कन र सुधार** (**Evaluation and Improvement**) कक्षामा सिकाइ कार्यकलापसँगै अभ्यास गर इएका सामग्रीको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्छ । बालबालिकाको सिकाइलाई सहज गराएका, सिकाइ उपलब्धि स्तर बढाउन सहयोग गरेका सामग्रीलाई निरन्तरता दिन आवश्यक हुन्छ । यसै गरी सिकाइ कार्यकलापमा खासै सहयोग नगरेका सिकाइ सामग्रीलाई आवश्यक सुधार र परिमार्जन गर्दै सिकाइ उपयो गी बनाउनुपर्छ । यसका लागि हरेक सामग्रीको प्रयोगसँगै मूल्याङ्कन गर्दै सुधार आवश्यक छ छैन भनेर पहिचान गर्नुपर्छ । यसका लागि बालबालिका र अभिभावकसँग प्रतिक्रिया लिन पनि सकिन्छ ।

## शिक्षक, अभिभावक र समुदायको भूमिका

प्रारम्भिक बालसिकाइमा निःशुल्क वा कम लागतका स्थानीय सामग्रीको प्रभावकारी प्रयोगका लागि शिक्षक, विद्यार्थी, अभिभावक र समुदायको पारस्परिक सहयोग र सहकार्य अपरिहार्य हुन्छ । यसका लागि शिक्षकले मात्र चाहेर हुँदैन । शिक्षकको अगुवाइमा विद्यार्थी, अभिभावक र समुदायको परिचालन गर्न आवश्यक हुन्छ । सबैले आआफ्नो जिम्मेवारी वहन गर्न सक्दा कक्षाकेठामा स्थानीय सिकाइ सामग्रीले भरिपूर्ण बनाउन सकिन्छ । यहाँ तीनै पक्षको भूमिकालाई सविस्तार वर्णन गरिएको छ ।

(क) **शिक्षकको भूमिका** (**Role of Teachers**) शिक्षकले खासगरी स्थानीय सिकाइ सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापनमा नेतृत्व लिनुपर्छ । यसै गरी सामग्री निर्माणका लागि स्थानीय स्रोत पहिचान र सिर्जनात्मक डिजाइन जस्ता कार्यमा अगुवाई गर्नुपर्छ । सिकाइ प्रक्रियामा नै बालबालिकाले सक्ने सामग्री विकास गर्ने अवसर प्रदान गर्ने, सामग्री प्रयोग गरेर सिकाइ कार्यकलाप गर्ने, बालबालिकालाई सक्रिय सहभागी गराउने र सिर्जनात्मक हुने अवसर प्रदान गर्नुपर्छ । यसै गरी हरेक सामग्रीको प्रयोगसँगै मूल्याङ्कन गर्दै आवश्यक परिमार्जन गर्ने, सामग्रीको जतन गर्न, सुरक्षित भएर प्रयोग गर्न र उचित व्यवस्थापन गर्न सिकाउनुपर्छ । स्थानीय परिवेशमा उपलब्ध कुनै पनि वस्तुलाई सिकाइ सामग्रीको आँखाले हेरेर सङ्कलन गरिहाल्ने स्वनिर्देशित व्यवहार अवलम्बन गर्नुपर्छ ।

(ख) **अभिभावकको भूमिका** (**Role of Parents**) अभिभावकले सामग्री सङ्कलन, निर्माण र प्रयोगमा बालबालिकालाई अभिप्रेरित गर्ने मुख्य भूमिका निर्वाह गर्नुपर्छ । यस्तै बजारबाट खरिद गरिएका खेलौनाभन्दा पनि आफ्नै गाउँघरमा उपलब्ध स्रोतबाट बनाउन सकिन सामग्री तयार गर्ने, आफूले तयार गरिदिएका सामग्री प्रयोग गराएर बालबालिकासँगै मिलेर खेल्ने, खेलाउने, सिर्जनात्मक गतिविधि गर्न प्रोत्साहन गर्ने जस्ता व्यवाहार गर्नुपर्छ । समय समयमा विद्यालय अवलोकन गर्दै आफूले जानेको सामग्री बनाउने सिप शिक्षक र विद्यार्थीमा हस्तान्तरण, घरमा फुर्सदको समय उपयोग गरेर खेर फालिने वस्तुबाट विभिन्न सामग्री तयार गरी विद्यालयलाई हस्तान्तरण गर्ने जस्ता अनुकरणीय कार्य गर्नुपर्छ । यसले अभिभावक स्वयम्लाई व्यस्थ, सिर्जनात्मक र सकारात्मक भावको सञ्चार गर्दै जिम्मेवार बन्न सहयोग गर्छ ।

(ग) **समुदायको भूमिका** (**Role of Community**) समुदायले निःशुल्क र कम लागतमा तयार गर्न सकिने स्थानीय सामग्रीको व्यापक प्रयोग, जनमानसमा जकडिएको महँगा र बजारबाट किनेका सामग्रीले मात्र सिकाइ गराउन सक्छ भन्ने विश्वासलाई रूपान्तरण गर्न सक्छ । यसका लागि स्थानीय स्तरमा सामग्री मेला, प्रदर्शनी वा सामूहिक सिकाइ कार्यक्रममा सहभागी हुने, विद्यालय वा सिकाइ केन्द्रमा साझा स्रोत व्यवस्थापन र सामग्री निर्माणमा सहयोग गर्ने तथा अनुभव र स्रोत आदान प्रदान गरेर शिक्षक र अभिभावकलाई मार्गदर्शन दिने जस्ता अनुकरणीय कार्य गर्न सक्छ । यस्तै परिवारका सदस्य लगायतको जन्म दिन मनाउने संस्कार भएर स्थानीय सामग्री बनाएर विद्यालयलाई हस्तान्तरण गर्ने संस्कार विकास गर्न सक्छ । यसले समुदाय रूपान्तरणसहित संस्कृति निर्माणमा योगदान गर्छ ।

**चुनौती र समाधान(Challenges & Solution)**

प्रारम्भिक बालसिकाइमा निःशुल्क वा कम लागतका स्थानीय सामग्री प्रयोग गरेर बालबालिकाको सिकाइ अत्याधिध गराउन सकिने कुरामा कसैको विमती रहदैन । यद्यपि यसप्रतिका केही मित्थ्या, भ्रमलाई चिदै शिक्षकको क्षमता र तत्परतासँग जोडिएका चुनौतीहरूमा सहजीकरण आवश्यक हुन्छ । यहाँ केही चुनौती र समाधानका उपाय सुझाइएको छ ।

(क) **समय र सिपको अभाव** (**Lack of Time and Skills**)ः स्थानीय सामग्री विकास गर्न शिक्षक र अभिभावकसँग पर्याप्त समय नहुन सक्छ । सिर्जनात्मक र बालमैत्री सिकाइ सामग्री विकास गर्ने आवश्यक सिपको कमी हुन सक्छ । यसका लागि समय समयमा तालिम र अवलोकन भ्रमण गराउँदै प्रत्यक्षीकरण सहितको अनुभव प्रदान गर्न आवश्यक हुन्छ ।

(ख) **सामग्रीको दिगो प्रयोग** (**Sustainability of Materials**)ः स्थानीय सामग्री सामान्यतया छोटो अवधिमा बिग्रने वा नष्ट हुन सक्ने हुन्छ । यसका लागि नियमित मर्मत र व्यवस्थापनको अभावमा सामग्री प्रयोग दिगो र स्थायित्व नहुन सक्छ । सामग्री बनाइरहनुपर्ने झन्झट मान्ने अवस्था आइरहन सक्छ । यसका लागि सामग्री सुरक्षित र टिकाउ गराउने उपायसहितका सिप सिकाउन आवश्यक हुन्छ ।

(ग) **नवप्रवर्तनको कमी** (**Lack of Innovation**)ः स्थानीय वस्तु प्रयोग गरेर शिक्षक, अभिभावकसँग नयाँ नयाँ सामग्री विकास गर्न सक्ने सिप र क्षमताको कमी हुन सक्छ । त्यसैले बालबालिकाको रुचि र सिकाइ स्तरअनुसार सामग्री परिमार्जन नहुन सक्छ । यसका लागि पनि क्षमता विकासका अवसरहरू प्रदान गर्न आवश्यक हुन्छ ।

**निष्कर्ष** (**Conclusion**)

निःशुल्क वा कम लागतका स्थानीय सामग्रीको विकास र प्रयोगले प्रारम्भिक बालविकासमा गुणस्तरीय सिकाइको सुनिश्चितता गर्न सकिन्छ । कक्षाकोठामा सामग्रीले भरिपूर्ण, बालमैत्री र प्रभावकारी सिकाइ गराउन सकिन्छ । बालबालिकाले अभ्यास गर्दै सिक्ने, उनीहरूको रुचि, क्षमता, आवश्यकता र परिवेशअनुसार सिक्ने वातावरण तयार हुन्छ । यस्ता सामग्रीले बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, सामाजिक र भावनात्मक विकासमा सहयोग गरिरहेको हुन्छ । सिकाइकै क्रममा सामग्री विकास गर्न सकिने, शिक्षक, अभिभावक र समुदायसँगको सहकार्य, समन्वय र सहयोगमा सबै जिम्मेवार र सिर्जनात्मक भएर बालबालिकाको सिकाइमा लाग्ने वातावरण सिर्जना हुन्छ ।

स्थानीय स्तरमा निःशुल्क वा कम लागतमा पाइने सामग्रीको सङ्कलन, सिकाइका लागि प्रयोग, खेर फालिएका वा त्यतिकै राखिएका वस्तुलाई सिकाइमा कसरी प्रयोग गर्न सकिन्छ भनेर शिक्षक, विद्यार्थी र अभिभावकको आँखाले हेर्न थाल्छ । बजारबाट किनेर ल्याइने खेलौना र सिकाइ सामग्रीले मात्र सिकाइ हुन्छ भन्ने यदाकदा रहेको भ्रम चिर्न सक्छ । अभिभावक र शिक्षकले स्थानीय वस्तुबाट सामग्री बनाएको, खेलाएको र प्रयोग गरेको देखेर बालबालिका स्वयम्ले पनि सामग्री बनाउन सिक्छन् । उनीहरूमा सिर्जनात्मक हुने वातावरण सिर्जना गर्छ

। स्थानीय सामग्रीको प्रयोगले प्रारम्भिक बालविकास कक्षाहरूमा सिकाइ सामग्रीको अभाव न्यून हुँदै जान्छ। कक्षा व्यवस्थापन लागत घटाउँछ। एक पुस्ताले जानेको सिप अर्को पुस्तालाई हस्तान्तरण हुँदै जाने संस्कार विकास हुन्छ। स्थानीय स्रोतको अधिकतम उपयोग, समुदायको सहभागिता र बालबालिकामा दीर्घकालीन सिकाइ क्षमता विकास सुनिश्चित गर्छ। यसैले पनि निःशुल्क वा कम लागतको स्थानीय सामग्री विकास र प्रयोगको अभियानलाई हामी सबैले व्यापक बनाउनु आजको आवश्यकता र समयको माग पनि हो।

**सन्दर्भ सामग्री (References)**


UNICEF. (2019). Early Childhood Development: The Role of Play and Learning Materials. New York: UNICEF.

UNESCO. (2020). Early Childhood Care and Education Guidelines. Paris: UNESCO.

Ministry of Education, Nepal. (2076). National Early Childhood Development Policy. Kathmandu: MoE, Nepal.

Center for Education and Human Resource Development (CEHRD). (2078). Saslesit Shaamagri: Alternative Learning Materials for Out-of-School Children. Kathmandu: CEHRD.

Ministry of Education, Science and Technology, Nepal . (2075) . Compulsory and Free Education Act and Regulations. Kathmandu: MoEST.

Save the Children. (2018). Low-Cost and No-Cost Learning Materials for Early Childhood Education. London: Save the Children International.

World Bank. (2021). Early Learning and Development: Materials and Practices in Resource-Limited Settings. Washington DC: World Bank.

Shrestha, P. , & Adhikari, P. (2079). Kriyakalapma Aadharit Sikai: Activity-Based Learning Approaches for ECD. Kathmandu: Samunnat Nepal.

Ministry of Education, Nepal. (2076). Local Curriculum Development and Implementation Guidelines . Kathmandu: MoE, Nepal.

UNICEF Nepal. (2020). Community-Based Early Childhood Development Programs: Guidelines and Best Practices. Kathmandu: UNICEF Nepal.

Malaguzzi, L. (1993). The Hundred Languages of Children: The Reggio Emilia Approach to Early Childhood Education. Ablex Publishing.

National Center for Early Childhood Development. (2017). Low-Cost Materials and Active Learning Techniques. Washington DC: NCECD.

# प्रारम्भिक बालविकास क्षेत्रमा भएका राम्रा अभ्यास

**डा. दिपु शाक्य**

प्रारम्भिक बालविकास विशेषज्ञ, युनिसेफ

**लेखसार**

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) नेपाल सरकारद्वारा ४८-६० महिनाका बालबालिकाको विकास र सिकाइलाई सहयोग गर्न वि.स. २०६९मा तयार गरिएको मापदण्ड हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) ले वि.स. २०७९ मा ४८-६० महिनाका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card)मा आधारित निर्माणात्मक मूल्याङ्कन प्याकेज विकास गरेको हो । यो प्रगति प्रतिवेदनले प्रारम्भिक बाल शिक्षाको एक वर्षको अवधिमा बालबालिकाको प्रगतिलाई निरन्तर मूल्याङ्कन गर्छ ।

शैक्षिक सत्र वि.स. २०८० मा मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका सातओटा नगर/गाउँपालिकाले युनिसेफ नेपाल र सेतोगुँरास बालविकास सेवासँगको सहकार्यमा गरेको कार्यक्रममा आधारित रहेको यस अध्ययनको मुख्य उद्देश्य कक्षाकोठामा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको प्रयोग कसरी भइरहेको छ भन्ने मूल्याङ्कन गर्नु र प्रारम्भिक बाल शिक्षाको एक वर्षमा भर्ना हुनुअघि र पछि बालबालिकाको विकासस्तर बुझ्नु हो । शिक्षकहरूले दिएको स्वमूल्याङ्कन तथा प्रतिवेदनमा आधारित तथ्याङ्कको विश्वसनीयता यो अध्ययनको सीमितताका रूपमा लिनुपरे पनि तालिम प्राप्त कर्मचारीले शिक्षकका स्वमूल्याङ्कनलाई पुनःमूल्याङ्कन गरी अन्तिमीकरण गरी तथ्याङ्क सङ्कलन गरिएको कारणले यी निष्कर्ष विश्वसनीय मान्न सकिन्छ ।

अध्ययनका मुख्य निष्कर्षअनुसार प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको प्रयोगले सुरुमा जम्मा २ प्रतिशत मात्र प्रारम्भिक विद्यालयका लागि तयार भएका बालबालिका, एक वर्षको प्रारम्भिक बाल शिक्षा पूरा गरेपछि ४८-६० महिनाका लक्षित उमेर समूहका ७८.८५ प्रतिशत बालबालिका कक्षा १ मा भर्ना हुन प्रारम्भिक विद्यालयका लागि तयार देखिएका छन् । एक वर्षको अवधिमा आवश्यक ज्ञान र सिप विकास गरी उनीहरू यस स्तरमा पुगेको बुझिन्छ ।

छात्रछात्राको प्रदर्शनमा एक वर्षको प्रारम्भिक बाल शिक्षापछि उल्लेखनीय फरक देखिँदैन । भौगोलिक क्षेत्रअनुसार बालबालिकाको प्रदर्शनमा ठुलो भिन्नता देखिएको छ । केही स्थानीय तहमा लगभग सबै बालबालिका कक्षा १ मा प्रवेशका लागि तयार देखिएका छन् भने केही अन्य स्थानीय तहमा यो सङ्ख्या ६० प्रतिशतभन्दा कम छ । समग्रमा, विभिन्न भौगोलिक क्षेत्रका बालबालिकाले सामाजिक, शारीरिक र संवेगात्मक क्षेत्रमा राम्रो प्रदर्शन गरेका छन् ।

सबै उमेर समूहमा सामाजिक, संवेगात्मक र शारीरिक क्षेत्रमा प्रदर्शन राम्रो देखिन्छ भने सांस्कृतिक क्षेत्र सबै भन्दा कमजोर देखिन्छ । उमेर समूहअनुसार क्षेत्रगत प्रदर्शनमा सबैभन्दा ठुलो अन्तरभाषा, संज्ञानात्मक र सांस्कृतिक क्षेत्रमा देखिन्छ। समग्रमा उमेर बढ्दै जाँदा बालबालिकाको प्रदर्शन स्तर पनि बढ्दै गएको पाइन्छ।

अध्ययनका निष्कर्षका आधारमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको प्रभावकारी प्रयोगले बालबालिकाको सिकाइमा स्पष्ट सहयोग पुऱ्याउने देखिएको छ। सही तरिकाले प्रयोग गर्दा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन बालबालिकाको सिकाइका लागि लाभदायक भएको र अभिभावक तथा हेर चाहकर्ताले पनि यसलाई सकारात्मक रूपमा लिएको देखिन्छ।

भौगोलिक क्षेत्रअनुसार देखिएको ठुलो भिन्नताले कमजोर प्रदर्शन भएका स्थानीय तहलाई लक्षित सहयोग आवश्यक रहेको सङ्केत गर्छ। उच्च प्रदर्शन गरेका स्थानीय तहका सफल अभ्यास र कारण पहिचान गर्न थप अध्ययन गर्नु उपयोगी हुने छ।

प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको प्रयोग सबै उमेर समूहका बालबालिकाका लागि लाभदायक देखिए पनि यसको मुख्य प्रयोग ४८-६० महिनाका लक्षित उमेर समूहका बालबालिकामा केन्द्रित हुनु आवश्यक छ। समग्र विकास सुनिश्चित गर्न सबै क्षेत्र र सूचकमा बालबालिकाको प्रदर्शन सन्तुलित बनाउने कुरामा ध्यान दिन सुझाइएको छ।

## विषय प्रवेश

प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) नेपाल सरकारद्वारा ४८ देखि ६० महिनासम्मका बालबालिकाको समुचित विकास सुनिश्चित गर्न तयार गरिएका मापदण्ड हुन् । यी मापदण्ड पहिलो पटक वि.स. २०६५ मा तयार गरिएका थिए र नेपालका विभिन्न समुदायबाट प्रमाणीकरण भएपछि वि.स. २०६९मा स्वीकृत भएका हुन् । यसमा पाँचओटा सिकाइ क्षेत्र ( शारीरिक, सामाजिक र संवेगात्मक, बौद्धिक, भाषिक र सांस्कृतिक विकास), ६६ ओटा मापदण्ड र १८६ ओटा सूचक रहेका छन् ।

यी सबै सूचकलाई मापन गर्न अप्ठ्यारो हुने हुनाले २० ओटा विशिष्ट सूचकमा केन्द्रित रहेर प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदन (ELDS Report Card) को विकास गरिएको हो । यो कक्षाकोठामा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) सुनिश्चित गर्न शिक्षकलाई सहयोग गर्ने व्यावहारिक साधनका रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको नेतृत्वमा वि.स. २०७९मा विकास भएको हो । यसले बालबालिकाको सिकाइ र विकासको प्रगति बुझ्न र आवश्यक सहयोग उपलब्ध गराउन मद्दत गर्छ। यसमा छओटा विकास क्षेत्रअन्तर्गत २० ओटा सूचक समावेश छन्। जसमा शारीरिकः ६ (तौल/उचाइ सहित), भाषिकः ३, संज्ञानात्मकः ६, सामाजिकः २, संवेगात्मकः २ र सांस्कृतिकः १ सूचक रहेका छन् ।

कक्षाकोठामा निरन्तर अवलोकन र क्रियाकलापमा आधारित मूल्याङ्कनमा आधारित रहेको यो प्रगति प्रतिवेदन वर्षमा चारपटक (पहिलोः भर्ना भएको एक महिनाभित्र, दोस्रोः पहिलो त्रैमासिक, तेस्रोः दोस्रो त्रैमासिक, चौथो

अन्तिम परीक्षाको समयमा) भरेर अभिभावकसँग अन्तरक्रिया गर्नुपर्ने किसिमको छ। प्रत्येक कार्यको प्रदर्शनका आधारमा बालबालिकालाई चार तहमा वर्गीकरण गरिन्छः सुरुआत; प्रगति भइरहेको; अगाडि बढिरहेको र प्राथमिक विद्यालयका लागि तयार। बालबालिकाको विकासस्तरअनुसार बालबालिकाको विकास र सिकाइलाई सुनिश्चित गर्न सिकाइ रणनीतिका अनुसार शिक्षणसिकाइ योजना बनाउन सुझाइएको छ।

यसको विकास लगत्तै वि.सं. २०७९को शैक्षिक सत्रमा चार प्रदेश (मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम) का सातओटा नगर/गाउँपालिकाले युनिसेफ नेपाल र सेतोगुँरास बालविकास सेवाको प्राविधिक सहयोगमा यसको कार्यान्वयन सुरु गरेका थिए। विशेष गरी यसअन्तर्गत २९९ शिक्षकलाई १० दिनको शिक्षक तालिम र शिक्षकको घुम्ती बैठकमार्फत निरन्तर सहयोग प्रदान गरिएको थियो। यो अध्ययन शैक्षिक सत्र वि.सं. २०८० को प्रगति प्रतिवेदनको आधारमा तयार गरिएको हो। यस शैक्षिक सत्रमा सातओटा नगर/गाउँपालिकामा भरि एका ४,९६५ जना बालबालिका (२४२७ छात्रा) को प्रगति प्रतिवेदनलाई नमुनाका रूपमा लिइएको थियो।

प्रारम्भिक बाल शिक्षाको मुख्य लक्षित समूह तथा प्रारम्भिक बाल सिकाइ तथा विकास प्रगति प्रतिवेदनको लक्षित उमेर समूह ४८-६० महिनाका बालबालिका भए तापनि यस अध्ययनमा समावेश केन्द्रहरूमा ३६ देखि ८० महिना उमेरसम्मका बालबालिका अध्ययनरत थिए। त्यसैले अध्ययन नमुनामा पनि विभिन्न उमेर समूहका बालबालिकाको प्रतिनिधित्व रहेको थियो।

अध्ययनको उद्देश्यका लागि बालबालिकालाई उमेरका आधारमा तीन समूहमा विभाजन गरिएको थियोः कम उमेर समूहः ३६-४७ महिना; लक्षित उमेर समूहः ४८-६० महिना; लक्षित उमेर समूहभन्दा माथिः ६१ महिना वा सोभन्दा माथि। केन्द्रहरूमा भर्ना भएका तथा अध्ययन नमुनामा समावेश बालबालिकामध्ये करीब ५०% मात्रै लक्षित उमेर समूह (४८-६० महिनाका) थिए भने बाँकी कम उमेर र लक्षित उमेर समूहभन्दा माथिका थिए। स्थानीय तहमा यी उमेर समूहको प्रतिनिधित्व प्रायः समान देखिएको छ।

शिक्षकहरूले दिएको स्वमूल्याङ्कन तथा प्रतिवेदनमा आधारित तथ्याङ्कको विश्वसनीयता यो अध्ययनको सीमितताका हुन सक्छ। तथ्याङ्कको विश्वसनीयता बढाउन तालिम प्राप्त कर्मचारीले शिक्षकका स्वमूल्याङ्कनलाई पुनःमूल्याङ्कन गराएर प्रतिवेदनलाई अन्तिमीकरण गरिएको थियो।

## प्रमुख निष्कर्ष

### १. बालबालिकाको समग्र उपलब्धि (Overall Performance)

समग्र रूपमा हेर्दा प्रारम्भिक बाल शिक्षाको पहिलो वर्षभित्र (पहिलो मूल्याङ्कनदेखि चौथो मूल्याङ्कनसम्म) बालबालिकाको विकास निरन्तर रूपमा अगाडि बढेको देखिन्छ। अधिकांश बालबालिका सबैभन्दा कमजोर स्तरबाट क्रमशः उच्च स्तरतर्फ सरेका छन् (चित्र १)।

**चित्र १: पहिलोदेखि चौथो मूल्याङ्कनसम्म बालबालिकाको विकास अवस्था**




पहिलो मूल्याङ्कनमा अधिकांश बालबालिका (८०.५६%) सुरुवात अवस्थामा थिए। दोस्रो मूल्याङ्कनमा (पहिलो मूल्याङ्कनपछि ३ महिनामा) अधिकांश बालबालिका (७८.६%) प्रगति भइरहेको स्तरमा पुगेका थिए (चित्र २)। तेस्रो मूल्याङ्कनमा अधिकांश बालबालिका (७४.१२%) अगाडि बढिरहेको स्तरमा पुगेका थिए भने चौथो मूल्याङ्कनमा अधिकांश बालबालिका (७४.४९%) प्राथमिक विद्यालय (कक्षा १) का लागि तयारको स्तरमा पुगेका छन्।

पहिलो मूल्याङ्कनदेखि चौथो मूल्याङ्कनसम्म आइपुग्दा सुरुवातमा रहेका बालबालिकाको सङ्ख्या उल्लेखनीय रूपमा घटेको देखिन्छ। प्रारम्भिक बाल शिक्षाको एक वर्ष पूरा हुँदा केवल २.६६% बालबालिका मात्र यस स्तरमा रहेका छन्।

यसै गरी प्राथमिक विद्यालय (कक्षा १) का लागि तयार श्रेणीमा पर्ने बालबालिकाको सङ्ख्या पहिलो मूल्याङ्कनमा केवल २.०१% मात्र रहेकोमा, चौथो मूल्याङ्कनमा यो सङ्ख्या बढेर ७४.४९% पुगेको छ (चित्र २)।

**चित्र २: पहिलो, दोस्रो, तेस्रो र चौथो मूल्यात्तनमा बालबालिकाको उपलब्धि स्तर**



तेस्रो र चौथो मूल्याङ्कनबिच अर्थात् शैक्षिक वर्षका अन्तिम तीन महिनामा विद्यालयका लागि तयार भएका बालबालिकाको प्रतिशत १९.४१% बाट बढेर ७४.४९% पुगेको छ, जुन अत्यन्तै उल्लेखनीय वृद्धि हो। यद्यपि बालबालिकाको समग्र विकास वर्षभरि नै त्रैमासिक रूपमा देखिन्छ तर सबैभन्दा ठुलो प्रगति तेस्रो र चौथो मूल्याङ्कनबीच भएको स्पष्ट देखिन्छ।

## उमेर समूह अनुसारको विकास

मुख्य लक्षित उमेर समूह (४८-६० महिना) का बालबालिकामध्ये ७८.८५% बालबालिका चौथो मूल्याङ्कनमा प्राथमिक विद्यालय (कक्षा १) का लागि तयार देखिएका छन्। बालबालिकाको उमेर बढ्दै जाँदा उनीहरूले स्वाभाविक रूपमा नयाँ सिप र ज्ञान हासिल गर्छन् जसलाई प्राकृतिक परिपक्वता भनिन्छ। अध्ययनका नतिजा पनि यसैसँग मेल खान्छन्। जहाँ लक्षित उमेर समूह माथिका (over aged) बालबालिकाले दोस्रो, तेस्रो र चौथो मूल्याङ्कनमा अन्य उमेर समूहको तुलनामा राम्रो प्रदर्शन गरेका छन्।

प्रारम्भिक बाल शिक्षा पूरा भएपछि लक्षित उमेर समूह माथिका बालबालिकामध्ये ८९.७९% प्राथमिक विद्यालय (कक्षा १) का लागि तयार भएका छन् भने कम उमेर समूह (under aged) का बालबालिकामध्ये केवल ६४.४% मात्र यस स्तरमा पुगेका छन् (चित्र ३)।

सबै उमेर समूहमा तेस्रो र चौथो मूल्याङ्कनबिच उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएको छ। कम उमेर समूहका बालबालिका तेस्रो मूल्याङ्कन अवधिभन्दा पहिल्यैदेखि अन्य उमेर समूहको तुलनामा केही पछाडि परेको देखिन्छ।

**चित्र ३: उमेर समूहअनुसार प्राथमिक विद्यालयका लागि तयार भएका बालबालिकाको प्रतिशत**




समग्र रूपमा सबै क्षेत्रहरूमा बालबालिकाको उमेर बढ्दै जाँदा प्रदर्शन स्तर क्रमशः बढ्दै गएको देखिन्छ (चित्र ४)।

**चित्र ४: उमेर समूहअनुसार क्षेत्रगत विकास**




भौगोलिक स्थानअनुसार बालबालिकाको उपलब्धि हेर्दा उल्लेखनीय अन्तर देखिन्छ (चित्र ५)।

चौथो मूल्याङ्कनको समयमा लालबन्दी नगरपालिका (९९.७६%) र चक्रघट्टा नगरपालिका (९८.७८%) का लगभग सबै बालबालिका प्रारम्भिक विद्यालयका लागि तयार रहेका छन्। त्यसै गरी धनौजी गाउँपालिका (९५.९४%) र मिथिला नगरपालिका (८९.०७%) मा पनि अधिकांश बालबालिका यस श्रेणीमा पुगेका छन्।

तर कैलारी गाउँपालिका, नारायण नगरपालिका र शिवराज नगरपालिकाका बालबालिकाको प्रदर्शन भने करिब ४० प्रतिशत अङ्कले कम देखिएको छ (चित्र ५)। यीमध्ये शिवराज नगरपालिकामा सबैभन्दा कमजोर प्रदर्शन देखिएको छ, जहाँ चौथो मूल्याङ्कनमा केवल ५७.४२% बालबालिका मात्र विद्यालयका लागि तयार देखिएका छन्। सबै भौगोलिक क्षेत्रमा तेस्रो र चौथो मूल्याङ्कनबिच बालबालिकाको प्रदर्शनमा स्पष्ट वृद्धि देखिएको छ।

स्थानीय तहबिच देखिएको यो प्रदर्शन अन्तर सबै विकासात्मक क्षेत्रहरूमा स्पष्ट रूपमा देखिन्छ। लालबन्दी नगरपालिका, चक्रघट्टा नगरपालिका, धनौजी गाउँपालिका र मिथिला नगरपालिकाका बालबालिकाले कैलारी गाउँपालिका, नारायण नगरपालिका र शिवराज नगरपालिकाका बालबालिकाको तुलनामा स्पष्ट रूपमा राम्रो प्रदर्शन गरेका छन्।

चित्र ५: चारै पटकको मूल्याङ्कनमा विभिन्न स्थानीय तहअनुसार बालबालिकाको समग्र उपलब्धि




समग्र रूपमा सबै भौगोलिक क्षेत्रमा बालबालिकाको प्रदर्शन सामाजिक, शारीरिक र संवेगात्मक क्षेत्रमा सबै भन्दा राम्रो देखिएको छ। भाषिक र संज्ञानात्मक क्षेत्रमा भने स्थानअनुसार सबैभन्दा ठुलो फरक देखिएको छ।

## सुझाव

अध्ययनको निष्कर्षअनुसार प्रारम्भिक बाल शिक्षामा प्रारम्भिक सिकाइ तथा विकास प्रगति प्रतिवेदनको प्रभावकारी प्रयोगले बालबालिकाको सिकाइमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ।

प्रगति प्रतिवेदनको प्रयोग शिक्षकहरूले अत्यन्तै सकारात्मक रूपमा स्वीकार गरेका छन् र यसलाई सही तरिकाले प्रयोग गर्दा बालबालिकाको सिकाइमा प्रत्यक्ष लाभ पुग्छ। त्यसैले शिक्षकलाई यसको प्रयोगबारे क्षमता अभिवृद्धि गर्ने कार्यमा थप जोड दिनु आवश्यक छ।

विभिन्न स्थानीय तहमा देखिएको उपलब्धिको ठुलो अन्तरले कमजोर प्रदर्शन गरिरहेका स्थानीय तहलाई लक्षित गरी विशेष सहयोग र हस्तक्षेप आवश्यक रहेको देखाउँछ। साथै उच्च प्रदर्शन गर्ने स्थानीय तहका सफल अभ्यास र सफलता कारक पहिचान गर्न थप अध्ययन गर्न सकिने देखिन्छ।

प्रगति प्रतिवेदनको प्रयोगले सबै उमेर समूहका बालबालिकालाई लाभ पुगेको देखिए पनि यसको प्रयोग मुख्य लक्षित उमेर समूह ४८-६० महिनाका बालबालिकामा केन्द्रित हुनु आवश्यक छ।

बालबालिकाको समग्र (समावेशी) विकास र सिकाइ सुनिश्चित गर्न, सबै विकासात्मक क्षेत्र र सूचकमा उनीहरूको प्रदर्शन तुलनात्मक रूपमा सन्तुलित हुने गरी कार्यक्रम र अभ्यासमा जोड दिनु आवश्यक छ।

**सन्दर्भ सामग्री**


४८ देखि ६० महिनाका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, शिक्षा विभाग, २०६९

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

Tracking SuccessM How Early Learning and Development Standards (ELDS) Report Cards Elevate Early Learning in Nepal, UNICEF, २०२४

# सामाजिक, सांस्कृतिक, नैतिक सिप विकास र सिकाइ क्षेत्र

**डा. मीनाक्षी दाहाल**

## परिचय

बालबालिकालाई सामाजिक, सांस्कृतिक, नैतिक सिप सानै उमेरदेखि सिकाउनुपर्छ । बालबालिकामा औपचारिकरूपमा विद्यालयमा प्रवेश गर्नुअगाडि सामाजिक, भावनात्मक, बौद्धिक र भाषिक क्षमता तथा सिप विकास हुनुपर्छ। यसले उनीहरूलाई प्रारम्भिक सिकाइ अनुभवमा संलग्न हुन र त्यसबाट लाभ उठाउन सक्षम र सबल बनाउँछ। यसले सफलतापूर्वक सिक्न, सिकाइको थप चरणमा प्रगति गर्न, सक्षम तथा जिम्मेवार नागरिक बन्न मद्दत पुऱ्याउँछ। यसको लागि प्रारम्भिक बालविकास कक्षामा उपयुक्त वातावरण र अभ्यास गराउनुपर्छ।

## सामाजिक सिप र सहअस्तित्वको कला

सामाजिक विकास भन्नाले बालबालिकामा साथीहरूसँग मिलेर खेल्ने, नियमको पालना गर्ने, पालो पर्खने, जिम्वेवारी बहन गर्ने क्षमताको विकास भएको बुझिन्छ । बालबालिकामा भएको सद्व्यवहार, सहयोगी भावना, स्वावलम्बनको गुण, नेतृत्व लिने र दिने सिप, धैर्य गर्ने क्षमता तथा साथी समूहमा घुलमिल गर्ने बानी सामाजिक विकासबाट प्राप्त हुन्छ। यसको साथै सामाजिक मूल्य र मान्यता सिक्ने, अरूलाई आदर गर्ने, सहयोगी हुने, सबैप्रति प्रेमको भावना राख्ने, समान व्यवहार गर्ने, घर परिवारमा हुने सांस्कृतिक रीतिरिवाजसँग परिचित हुने र स्थानीय सांस्कृतिक रीतिरिवाजमा सहभागी हुने सिपको विकासलाई सामाजिक सिपको विकासमा सहयोग पुग्छ।

सामाजिक सिप भन्नाले अरूसँग प्रभावकारी सम्बन्ध कायम गर्ने, सहकार्य गर्ने, सहानुभूति र सम्मान देखाउने, समस्या समाधान गर्ने र द्वन्द्व समाधान गर्ने क्षमतालाई बुझिन्छ । आजको समयमा एकआपसमा अन्तरसम्बन्धित र सहकार्यमा काम गर्न समूहमा काम गर्ने र साथी बनाउने क्षमता अनिवार्य हुन्छन्। विद्यालयले बालबलिाकालाई सानो समूहमा राखी सिकाइ क्रियाकलाप गराउँदा खेल तथा अन्य कार्यमा संलग्न गर्दा यस्ता सिपको विकास हुन्छ। भविष्यमा यस्ता सिप भएका व्यक्ति नै सफल बन्न सक्छन्।

## सांस्कृतिक सिपः विविधतामा एकताको बाटो

नेपाल विविध जात, भाषा, धर्म र संस्कृतिको समृद्ध राष्ट्र हो। सांस्कृतिक सिप विकासले बालबालिकालाई आफ्नो सांस्कृतिक परम्परा, इतिहास र मूल्यमान्यताप्रति गौरवान्वित हुन सिकाउँछ साथै अरूका संस्कृतिप्रतिको जिज्ञासा, खुलापन र सम्मान पनि सिकाउँछ। स्थानीय भाषा, साहित्य, सङ्गीत, कला र परम्परागत ज्ञानलाई पठनपाठन क्रियाकलापमा समेट्नु, सांस्कृतिक पर्वमा सहभागी गराउनु, विभिन्न सांस्कृतिक समूहबिच हुने कार्यक्रम अवलोकन गराउनु आदिले यो सिप बढाउन मद्दत गर्छ । यसले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई मजबुत बनाउँछ।

## नैतिक सिपः चरित्र निर्माणको आधार

नैतिकताको एकमात्र उद्देश्य नै मानिसलाई सही र गलतबीच छुट्याउन मद्दत गर्नु हो । नैतिक सिपको विकास भनेको इमान्दारी, जिम्मेवारी, न्याय, करुणा, सहिष्णुता र निडरताजस्ता गुण विकसित गर्नु हो । यो शिक्षाको सबैभन्दा प्रमुख उद्देश्य हुनुपर्छ । कथामा कर्मको बिहानी, आदर्श व्यक्तित्वको अध्ययन, नैतिक द्वन्द्वमा आधारित छलफल, शिक्षकको आदर्श आचरण र विद्यालयको समग्र वातावरणले बालबालिकाको नैतिक चे तना निर्माणमा निर्णायक भूमिका खेल्छ । नैतिक रूपमा दृढ व्यक्ति समाजको विश्वास र न्यायको आधारस्तम्भ हुन्छन् ।

## सिकाइ क्षेत्र र हाम्रो भूमिका

यी तीनओटै सिपको विकास एकअर्कासँग गाँसिएको छ र यसलाई एकैपटक सिकाउन सकिन्छ । यसको सिकाइ औपचारिक पाठ्यक्रम, पाठ्यसहगामी क्रियाकलाप र अनौपचारिक वातावरण तीनै स्तरमा हुनुपर्छ । यसका लागि बालविकास कक्षामा सिकाइ क्षेत्र छुट्याएर साना समूहमा राखी विविध क्रियाकलाप गराउन सकिन्छ । प्रारम्भिक बालविकास कक्षाको न्यूनतम मापदण्डले कम्तीमा छओटा सिकाइ क्षेत्रको व्यवस्थापन गर्नुपर्छ भनी तोकिएको छ । सिकाइ क्षेत्र निम्नअनुसार छन्ः सृजनात्मक क्षेत्र, भाषा क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र, निर्माणात्मक क्षेत्र र स्वावलम्वन क्षेत्र । न्यूनतम मापदण्डले कम्तीमा छओटा सिकाइ क्षेत्र भनिए तापनि सिकाईक्षेत्रलाई कक्षा कोठाको आकार, सामग्रीको पर्याप्तता र बालबालिकाको आवश्यकताअनुसार थप्न वा धेरै बनाउन सकिन्छ ।

सिकाइ क्षेत्रको मुख्य उद्देश्य बालबालिकाको सिकाईलाई प्रभावकारी र व्यवस्थित गर्नु हो । सिकाइ क्षेत्रमा ठोस वस्तु तथा सिकाइ सामग्रीलाई बालबालिकाले सहजरूपमा चलाउन मिल्ने गरी क्षेत्रअनुसार व्यवस्थित गरिएको हुन्छ । बालबालिकाको सानो सानो (४ देखि ५ जनाको) समूह बनाई सिकाइ क्षेत्रमा फरकफरक क्रियाकलापमा अभ्यास गराउनुपर्छ । शिक्षकले सिकाइ क्षेत्रको क्रियाकलापका साथसाथै बालबालिकालाई कक्षामा सहकार्यात्मक वातावरण, खुला छलफल र समावेशी व्यवहारलाई प्रोत्साहन दिने गरेमा बालबालिकामा सामाजिक तथा नैतिक सिप विकास हुन्छ । सिकाइ क्षेत्रमा साना साना समूहमा क्रियाकलाप गराइने भएकाले बालबालिकाले पूर्व साक्षरता सिप, सृजनात्मक सिपका साथसाथै सामाजिक, सांस्कृतिक, नैतिक सिप पनि सिकिरहेका हुन्छन् ।

बालबालिकालाई सानैदेखि नैतिक कथा सुनाउनु, संस्कृतिको जग बसाल्नु, सामाजिक कुरामा छलफल गर्नुले बाल मन मष्तिस्कमा गहिरो असर पार्छ । तसर्थ पाठ्यक्रमले स्थानीय ज्ञान, नैतिक शिक्षा, कला र सामाजिकीकरणलाई प्राथमिकतामा राखेर सिकाइ क्रियाकलाप तयार गर्नुपर्छ । यसमा घरपरिवार तथा अभिभावकसँग सहकार्य गर्न सकिन्छ ।

बालबालिका आफूलाई व्यवस्थापन गर्न सक्षम छु र साथीहरू खेल्न तथा विभिन्न क्रियाकलापमा संलग्न हुन सक्षम छु भन्ने आत्मविश्वासका साथ विद्यालय जानुपर्छ । त्यसो हुँदा उनीहरू नयाँ कुरा सिक्न थाल्छन् र त्यसलाई बुझ्न पनि थाल्छन् । अन्यथा परिस्थिति अनुकूल नभएको खण्डमा आफ्नो पहिचान प्राप्त गर्न र

अरूको ध्यान आकर्षित गर्न बालबालिका रुन्छन्, गुनासो गर्छन् । त्यसैले बालबालिकालाई साथीहरूसँग काम गर्न, आफ्नै आत्मछवि निर्माण गर्न, उत्पादनशील र सिर्जनशील हुन तयार पार्न आवश्यक छ ।

बाल्यावस्थामै बालबालिकाले आफ्नो आत्मछवि र आत्मविश्वास विकास गर्छन् । बालबालिका आफूलाई कस्तो अनुभुति गर्छन्, कसरी सिकाइ क्रियाकलापमा संलग्न हुन्छन् र के गर्दा अरूको अगाडि कमजोर महसुस गर्दैनन् भन्ने विषयमा वयस्कहरूले (आमा-बुवा र शिक्षक दुवै) ध्यान दिँदै उनीहरूको क्षमता विकासमा विशेष ध्यान दिनुपर्छ । साना र मध्यम खालका चुनौतीले बालबालिकालाई सक्षम बनाउँछ । । सामान्यतया बालबालिकामा शौचालय प्रयोग गर्न, खेल्न, किताब पढ्न र खान आत्मनिर्भर, आत्मविश्वाससहित सहयोग माग्न, समूहमा काम गर्न, समस्या समाधान गर्न, साथी बनाउन र निर्णय लिन तथा विकल्प रोज्न सक्ने क्षमता, निर्देशन सुन्न सक्ने र पालना गर्ने, भावना बुझ्ने र तिनलाई नाम दिने क्षमता आवश्यक हुन्छ । त्यसकारण बालबालिकालाई आत्मविश्वासी बनाउनको लागि ठुलाको सहयोग आवश्यक हुन्छ ।

## निष्कर्ष

सामाजिक, सांस्कृतिक र नैतिक सिप विकसित गर्नु भनेको भविष्यको कार्यबल मात्र तयार गर्नु होइन, भविष्यका जिम्मेवार, संवेदनशील र गौरवशाली नागरिक निर्माण गर्नु हो । यी सिपबिना प्राप्त गरिएको ज्ञान र प्रविधि खतर नाक पनि हुन सक्छ । त्यसैले यो क्षेत्रलाई शिक्षा योजनाको परिधिमा होइन, केन्द्रमा राख्नु जरुरी छ । हामीले सबै मिलेर यस्तो वातावरण र व्यवस्था सिर्जना गर्नुपर्छ जहाँ हाम्रा बालबालिका ज्ञानी बन्नुको साथै मानवीय गुणले सम्पन्न, आत्मविश्वासी र समग्र व्यक्तित्व सम्पन्न नागरिकको रूपमा विकसित हुन सकुन् ।

# प्रारम्भिक बालविकासका क्षेत्रमा देखा परेका चुनौती र सम्भाव्य समाधान

गोल्डेन कम्युनिटी

मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील पक्ष प्रारम्भिक बाल विकास हो । प्रारम्भिक उमेरमा गरिने हेरचाह, प्राप्त अवसर, गुणस्तर, समय, पोषण, स्वास्थ्य, शिक्षा, संरक्षण र पारिवारिक वातावरणले बालबालिकाको समग्र पक्षहरु शरिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यसले बालबालिकाको समग्र विकासमा दीर्घकालीन असर पुऱ्याउँछ। बालबालिकाको वृद्धि र विकासात्मक अवस्थालाई मजबुत बनाउनका लागि प्रारम्भिक उमेरमा पारिवारिक पोषण, खेल तथा मनोरञ्जन, आराम विद्यालयको बालमैत्री वातावरण माया, स्नेह, प्रेरणा तथा हौसला नै उनीहरूको जीवनको मार्गदर्शन हुन जान्छ।

प्रारम्भिक बाल विकासका लागि राज्य,घरपरिवार, विद्यालय र समाजका सम्पूर्ण सरोकारवालाले विशेष ध्यान पुऱ्याउन आवश्यक छ। नेपाल सरकारले प्रारम्भिक बाल विकासको महत्त्वलाई स्विकारे तापनि व्यावहारिक रूपमा भने यस क्षेत्रमा धेरै चुनौती देखिन्छन् । नेपालको सर्न्दभमा हेर्दा गरिबी, कुपोषण, पहुँचको अभाव जस्ता समस्या प्रारम्भिक बाल विकासका प्रमुख समस्याका रूपमा रहेका छन् । हालसम्म पनि अधिकांश बालबालिका प्राप्त पोषणबाट वञ्चित हुनुपरेको अवस्था छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सवे क्षण २०२२[1] को प्रतिवेदन अनुसार २५ प्रतिशत बालबालिका दीर्घकालीन कुपोषणबाट प्रभावित छन् भने ८ प्रतिशत बालबालिकामा तीव्र कुपोषणको समस्या देखिएको छ। त्यसै गरी १९ प्रतिशत बालबालिकामा उमेरअनुसार अपेक्षित तौल नपुगेको अवस्था रहेको छ। साथै १ प्रतिशत बालबालिकामा अत्यधिक तौलको समस्या समेत देखिएको प्रतिवेदनले उल्लेख गरेको छ। पारिवारिक आर्थिक अवस्थाका कारण गर्भावस्थादे खि ५ वर्ष उमेरसम्म आवश्यक पोषण नपाउँदा बालबालिकाको शारीरिक वृद्धिमा अवरोध हुने, बौद्धिक क्षमता कमजोर हुने तथा सिकाइमा समस्या हुने अवस्थाको सृजना हुने गरेको छ। आर्थिक समस्या र घरायसी कार्य बोझका कारण अधिकांश परिवारले सन्तुलित आहार,नियमित स्वास्थ्य जाँच र सरसफाइमा ध्यान पुऱ्याउन सकिरहेका छैनन् । यावत् समस्याले गर्दा बालबालिकाको समग्र पक्षमा नकारात्मक असर परिरहेको छ। त्यसै गरी स्वास्थ्य सेवा र सरसफाइको पहुँच पनि गम्भीर चुनौतीको रूपमा रहेको छ। दुर्गम तथा ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको न्यून उपलब्धता,स्वास्थ्य संस्थामा जनशक्तिको अभाव एवमूम् कमजोर व्यवस्थापनका कारण दुर्गम तथा ग्रामीण क्षेत्रका बालबालिकाले समयमै स्वास्थ्य सेवा पाउन सकिरहेका छैनन्। स्वच्छ पिउने पानी र सरसफाइको अभावले बालबालिकामा रोगको जोखिम बढिरहेको छ। यसले बालबालिकाको समग्र विकास प्रक्रियामा नै अवरोध सृजना गर्न सक्छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ (NDHS 2022)[2] अनुसार कुल जनसङ्ख्याको ७३ प्रतिशतले मात्र आधारभूत सरसफाइ सेवा प्राप्त गरेका छन् भने २७

प्रतिशत परिवार अझै सुरक्षित सरसफाइबाट वञ्चित भएको कुरा सो सर्वेक्षणले देखाएको छ।

नेपालमा प्रारम्भिक बाल विकास केन्द्रको सङ्ख्यात्मक रूपमा वृद्धि भए तापनि गुणस्तरीयतामा भने ठुलो चुनौती रहेको छ। त्यस्तै गरी दुर्गम तथा ग्रामीण क्षेत्रमा गुणस्तरीय बालविकास केन्द्रको अभाव रहेको पाइन्छ। अधिकांश बालविकास केन्द्रहरुमा सुरक्षित भवन, बालमैत्री कक्षा वातावरण, पर्याप्त सिकाइ सामग्री र बालमैत्री कक्षाकोठाको अभाव देखिन्छ। यसका साथसाथै घर तथा समुदायमा बालमैत्री वातावरणको अभाव पनि प्रारम्भिक बाल विकास क्षेत्रको ठुलो चुनौतीको रूपमा रहेको छ। अर्कोतर्फ सिकाइ सामग्रीको न्यून उपलब्धताले बालबालिकाको सृजनशीलता र सिकाइ सक्रियतामा असर पारेको पाइन्छ। खेल, चित्र, गीत, कथा तथा प्रयोगात्मक सिकाइ क्रियाकलापको अभावले पनि बाल विकास केन्द्र अपेक्षित रूपमा गुणस्तरीय एवमूम् प्रभावकारी बन्न सकिरहेका छैनन। बाल संरक्षण र बाल सुरक्षाका सवालमा पनि नेपाल कमजोर देखिन्छ। घरेलु हिंसा, उपेक्षा, हेला र दुर्व्यवहारबाट बालबालिकालाई सुरक्षित राख्न पनि चुनौती रहेको छ। सुरक्षित, स्नेहीपूर्ण र सहयोगी वातावरण नपाउँदा बालबालिकाको संवेगात्मक र सामाजिक विकास समेत प्रभावित हुने गर्छ।

नेपाल सरकारले प्रारम्भिक बाल विकासको क्षेत्रमा व्यापक नीति तथा कार्यक्रम ल्याए तापनि व्यावहारिक कार्यान्वयनमा भने प्रशस्त चुनौती रहेका छन्। कुपोषण, गरिबी, पहुँचमा असमानता, गुणस्तरीय बाल विकास केन्द्रको अभाव, दक्ष बाल विकास सहजकर्ताको अभाव, अभिभावक सचेतनाको अभाव तथा बाल सुरक्षा र संरक्षणको कमाजोरीले पनि प्रारम्भिक बाल विकासको सिकाइ प्रक्रियालाई प्रभावित बनाएको छ। यी समस्या र चुनौतीलाई सम्बोधन गर्न सरकार, विद्यालय, समुदाय र अभिभावकबिच सहकार्य गर्न आवश्यक देखिन्छ। प्रारम्भिक बाल विकासमा लगानी गर्नु भनेको देशको भावी पुस्तामा लगानी गर्नु हो भन्ने सोचका साथ यस क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न सकिएमा बालबालिकाको समग्र पक्षको विकास हुनका साथै राष्ट्रिय विकासमा समेत टेवा पुग्छ। नेपाल सरकारले प्रारम्भिक बाल विकास कार्यक्रमको विस्तार गर्दै प्रारम्भिक कक्षाको समग्र भर्ना दर करिब ८९% सम्म पुऱ्याए पनि ३-४ वर्षका सबै बालबालिकाको समान पहुँच अझै सुनिश्चित हुन सकेको छैन। (Dhurba K Shrestha,DMC Journal,2023)[4] तसर्थ प्रारम्भिक बाल विकास क्षेत्रमा देखिएका समस्या तथा चुनौतीलाई यस लेखमार्फत उजागर गर्ने प्रयास गरिएको छ।

## पहुँचको समस्या

नेपाल भौगोलिक विविधतायुक्त देश हो। यहाँका दुर्गम, पहाडी तथा विकट हिमाली क्षेत्रमा बसोबास गने बालबालिका, जो प्रारम्भिक कक्षामा भर्ना हुने उमेर समूहमा पर्छन्, उनीहरूको घरदेखि विद्यालयसम्म तथा विद्यालयदेखि घरसम्मको दुरी अत्यधिक टाढा हुने भएकाले प्रारम्भिक कक्षामा उनीहरूको उपस्थिति न्यून रहेको पाइन्छ। त्यसै गरी पारिवारिक आर्थिक अवस्था कमजोर भएका गरिब तथा विपन्न समुदायका अभिभावकले आफ्नास सन्तानलाई आवश्यक मात्रामा पोषण, शैक्षिक सामग्री उपलब्ध गराउन तथा प्रारम्भिक कक्षामा नियमित उपस्थितिका लागि आवश्यक खर्च र समयको उचित व्यवस्थापन गर्न नसक्दा यस्ता परिवारका बालबालिकाको विद्यालय उपस्थिति नियमित हुन सकिरहेको छैन।

अपाङ्गमैत्री विद्यालय संरचनाको अभाव, अपाङ्गमैत्री कक्षाकोठा तथा वातावरणको कमीका साथै समावेशी शिक्षामा पहुँच नहुनुका कारण अपाङ्गता भएका बालबालिका प्रारम्भिक बाल विकास केन्द्रसम्म पुग्न सकेका छैनन् । राष्ट्रिय जनगणना २०७८[1] अनुसार करिब २.२ % जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपांगता रहेको देखिएको छ र यसै आधारमा उपलब्ध उमेर समूह विश्लेषणले देखाउँछ कि करिब १ प्रतिशत ०-४ वर्षका बालबालिकाले पनि केही प्रकारको अपाङ्गता अनुभव गर्छन् । यसले प्रारम्भिक बाल विकास सेवामा समावेशी र अवसर सन्तुलनको आवश्यकता अझ प्रस्ट पार्छ । नेपालको प्रारम्भिक बाल विकास (ECD) कार्यक्रममा अपाङ्गता भएका बालबालिकाका लागि समावेशी अवसर अझै पनि सीमित अवस्थामा रहेका छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा गरिएको अनुसन्धानअनुसार अपाङ्गता भएका बालबालिकामध्ये ७६.४ प्रतिशत बालबालिका व्यवस्थित रूपमा प्रारम्भिक बाल विकास कक्षामा सहभागी हुन सकिरहेका छैनन्, जसका कारण उनीहरूको सामाजिक, संज्ञानात्मक तथा सिकाइ उपलब्धिमा उल्लेखनीय अन्तर देखा परेको छ। यस अवस्थाले अपाङ्गता भएका बालबालिकाको शिक्षा तथा समग्र विकास प्रक्रियामा गम्भीर अवरोध र असमानता विद्यमान रहेको सङ्केत गर्छ। समावेशी तथा सहयोगी सिकाइ वातावरणको अभाव, उपयुक्त भौतिक पूर्वाधारको कमी तथा तालिमप्राप्त शिक्षकको न्यूनता मुख्य चुनौतीका रूपमा पहिचान गरिएको छ। घ शिक्षण सिकाइ प्रक्रियामा संलग्न बाल विकास सहजकर्ताहरूमा समयानुकूल आवश्यक तालिम तथा दक्षताको अभावका कारण बाल विकास केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । सुरक्षित भवन, खेल सामग्री, बालमैत्री कक्षाकोठा व्यवस्थापन, स्वच्छ खानेपानी तथा शौचालयको अभावले पनि बाल विकास केन्द्रसम्म बालबालिकाको पहुँच सुनिश्चित हुन नसक्नु अर्को चुनौतीका हो । अभिभावकको वैदेशिक रोजगारी, आन्तरिक बसाइँसराइ तथा मौसमी स्थानान्तरणका कारण पनि अधिकांश बालबालिकाको प्रारम्भिक बाल विकास केन्द्रमा नियमित उपस्थिति हुन नसकेको अवस्था छ। राष्ट्रिय जनगणणा २०७८[1] का अनुसार नेपालमा १४२ जातजाति र १२४ भाषा बोलिने भएकाले अधिकांश बालबालिका मातृभाषा बोल्ने वातावरणमा हुर्कन्छन् । त्यसैले प्रारम्भिक कक्षामा मातृभाषामै शिक्षण सिकाइ  गरिनु आवश्यक देखिन्छ। प्रारम्भिक बाल विकास केन्द्रमा मातृभाषामा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नहुनुले नेपाली भाषाबाहेक अन्य मातृभाषा बोल्ने बालबालिकालाई कक्षा सहभागितामा कठिनाइ भइरहेको छ । उल्लिखित विविध समस्याका कारण प्रारम्भिक बाल विकास कक्षामा अध्ययनरत बालबालिकाको पहुँचमा समस्या देखिएको छ।

## नीतिगत समस्या

सङ्घीय सरकारले राष्ट्रिय स्तरमा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ निर्माण गरे तापनि स्थानीय तहमा तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । शिक्षा, स्वास्थ्य, पोषण, महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत निकायबिच आवश्यक बहुपक्षीय समन्वयको अभावका कारण नीतिगत रूपमा कार्यान्वयनमा विभिन्न समस्या देखिएका छन् ।

देश सङ्घीय संरचनामा प्रवेश गरेपछि पनि अधिकांश स्थानीय तहमा प्रारम्भिक बाल विकास तथा शिक्षासम्बन्धी नीति कार्यान्वयन गर्न आवश्यक जनशक्ति र संस्थागत क्षमता कमजोर अवस्थामा रहेका छन् । नीति तथा

कार्यविधिअनुसार स्थानीय सरकारले आवश्यक बजेट विनियोजन गर्न नसक्नु, स्थानीय सरकारका नीति तथा कार्यक्रममा प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी कार्यक्रमलाई उच्च प्राथमिकता नदिनु अर्को प्रमुख समस्या हो ।

यसका अतिरिक्त सङ्घीय सरकारले सामाजिक, भाषिक तथा शैक्षिक परिवर्तनअनुसार समयमै नीति परि मार्जन तथा अद्यावधिक गर्न ढिलाइ गर्नु, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत र पिछडिएका बालबालिकाका लागि स्पष्ट र व्यावहारिक नीतिको अभाव रहनु, प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन नसक्नु जस्ता कमजोरी देखिएका छन् । प्रारम्भिक बाल विकासको क्षेत्रमा कार्यरत साझेदार निकायहरूले गरेका अनुसन्धान तथा व्यावहारिक अनुभवबाट प्राप्त सुझावलाई नीति निर्माण प्रक्रियामा पर्याप्त रूपमा उपयोग गर्न नसक्नु पनि यस क्षेत्रका प्रमुख नीतिगत समस्याका रूपमा देखिन्छन् ।

## गुणस्तरसँगसम्बन्धी समस्या

प्रारम्भिक बाल विकास शिक्षा बालबालिकालाई विद्यालय तयारीका लागि आधार निमार्ण गर्ने ठाउँ हो जहाँ बालबालिकाले विद्यालय शिक्षाका लागि आवश्यक पर्ने ज्ञान, सिप व्यवहार र दक्षता हासिल गर्न सक्छन् । यहाँ बालबालिकालाई रटानमुखीभन्दा पनि खेल खोजमूलक एवम्म् उनीहरूको उमेर सुहाउँदा रमाइला क्रियाकलाप र गतिविधिमार्फत सिकाइसँग जोडेर विद्यालय तायारीका लागि आधार निमार्ण गर्नु महत्त्वपूर्ण मानिन्छ । यसका लागि प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने सहजकर्तामा आवश्यक ज्ञान, सिप, यो ग्यता र क्षमता आवश्यक पर्छ । नेपालमा अधिकांश बाल विकास सहजकर्तामा आवश्यक ज्ञान, सिप योग्यता र क्षमताको अभाव देखिन्छ जसले प्रारम्भिक बाल विकास शिक्षाको गुणस्तरमा समस्या उत्पन्न गरेको छ । अको तर्फ तालिमप्राप्त सहजकर्तामा तालिमपछिको पुर्नताजगी तालिम, नियमित अनुगमन तथा निरन्तर पेसागत सहयोगको अभावको कारण आवश्यक ज्ञान, सिप तथा शिक्षण सिकाइ प्रक्रिया समयानुकूल अनुकूलन गर्न अप्ठ्यारो भएको कुरा प्रारम्भिक बाल विकास कक्षा अवलोकनबाट देख्न सकिन्छ । यसरी सम्बन्धित निकायबाट नियमित अनुगमन तथा आवश्यक पृष्ठपोषण प्राप्त नहुँदा सहजकर्ताले शिक्षण सिकाइ प्रक्रियालाई खोजमूलक, खेलमुखी तथा बाल केन्द्रित पद्धतिमा सञ्चालन गर्न नसकी शिक्षण सिकाइ प्रक्रिया परम्परागत एवम्म् रटानमुखी भइरहेको देखिन्छ । अकोतर्फ शिक्षकलाई आवश्यक सल्लाह, सुझाव, पृष्ठपोषण, उत्प्रेरणा एवम्म् उत्कृष्ट सहजकर्तालाई प्रोत्साहनको अभावले पनि सहजकर्तामा नैराश्य उत्पन्न भई शिक्षण सिकाइलाई केवल औपचारिकतामा मात्र सीमित राखेको पाइन्छ । यसको कारण शिक्षकका जागरुकता र उत्साहमा कमी भएको पाइन्छ ।

बाल विकास सहजकर्ता उत्सुक, जागरुक सक्षम भएको अवस्थामा पनि विद्यालयले शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्रीको तथा खेल सामग्री व्यवस्थापन गर्न नसक्दा सहजकर्ताले चाहेर पनि प्रभावकारी र गुणस्तारीय क्रियाकलाप सञ्चालन गर्न सकिरहेका छैनन् । साथै कक्षा कोठामा आवश्यक बालमैत्री फर्निचर उपलब्ध नहुनु, विद्यालयमा पानी तथा शौचालयको उचित व्यवस्थापन हुन नसक्नु पनि प्रारम्भिक बाल विकास

शिक्षाको गुणस्तर एवम्म् प्रभावकारितामा देखिएको प्रमुख समस्याको रूपमा लिन सकिन्छ।

### जनचेतनासम्बन्धी देखिएका समस्या

बालबालिकाको शिक्षण सिकाइलाई प्रभावकारी व्यवस्थित एवम् उदेश्यमूलक बनाउनका लागि प्रमुख रूपमा विद्यालय, अभिभावक तथा समुदायको बिचमा नियमित छलफल संवाद एवम् सहकार्यको आवश्यकता पर्छ । यस्तो प्रकारको छलफल संवाद र सहकार्यले शिक्षण सिकाइलाई व्यावहारिक व्यवस्थित र उदेश्यमूलक बनाउन सहयोग गर्छ । नेपालको विद्यालय शिक्षाको अवस्थालाई अध्ययन गर्दा अधिकांश अभिभावक विद्यालयमा गई आफ्ना बालबालिकाको सिकाइ अवस्थाको बारेमा जानकारी लिने, बालबालिकाको विद्यालय नियमितता कस्तो छ, कक्षा कार्यमा सहभागिता कस्तो छ, गृहकार्यमा नियमितता छ या छैन भनेर शिक्षक तथा प्रधानाध्यपकसँग छलफल गर्ने परिपाटीको अभाव छ। अभिभावक बालबालिकालाई विद्यालय पठाउनुलाई मात्र आफ्नो जिम्मेवारी ठान्दछन् । अर्कोतर्फ घर तथा समुदायमा पढाइ संस्कारको विकास नहुँदा बालबालिकाको सिकाइ गुणस्तरीय र प्रभावकारी हुन सकिरहेको छैन ।

अधिकांश अभिभावकमा प्रारम्भिक बाल विकास केन्द्रलाई हेरचाह केन्द्रका रूपमा बुझ्नु र प्रारम्भिक बाल विकास केन्द्रमा गरिने क्रियाकलापले बालबालिकाको मस्तिष्क विकास, सामाजिक सिपको विकास तथा व्यवहार कुशल सिपको विकास र सिकाइको आधार निमार्ण गर्छ जसले बालबालिकामा विद्यालय तयार ीका लागि सक्षम र सबल बनाउँछ भन्ने कुराको अभाव रहनु एक समस्याको रूपमा रहेको छ । कतिपय अभिभावकमा प्रारम्भिक कक्षालाई लेखपढ र पढाइमुखी प्रक्रिया अपानाउनु मात्र शिक्षण हो भन्ने सोचाइ छ । अभिभावक तथा सहजकर्तामा गीत खेल, कथा मनोरञ्जनका माध्यामबाट हुने सिकाइ दिगो र प्रभावकारी हुन्छ भन्ने बुझाइको अभाव रहेको पाइन्छ। प्रारम्भिक बाल विकास शिक्षासम्बन्धी अभिभावकलाई नियमित छलफल, अर्न्तक्रिया, अभिमुखकरण लगायतका सचेतनासम्बन्धी कार्यक्रमको सञ्चालन नगरिनु, बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापनमा समुदाय अभिभावक तथा स्थानीय नेतृत्वको सक्रिय सहभागिता नदेखिनु पनि अर्को प्रमुख समस्याको रूपमा रहेको छ। पर्याप्त मात्रामा प्रारम्भिक बाल विकास केन्द्रमा नियमित अभिभावक शिक्षा, बाल विकासका बारेमा आधारभूत जानकारी दिने परामर्श तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन हुन नसक्नु, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालका माध्यमबाट प्रारम्भिक बाल विकास र शिक्षासम्बन्धी जनचेलनामूलक सन्देश प्रवाह गर्न नसक्नु लगायत जनचेतनासम्बन्धी समस्या रहेका छन् ।

### समस्या समाधानका उपाय

प्रारम्भिक बाल विकास र शिक्षासम्बन्धी देखिएका समस्या समाधानमा सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार, विद्यालय, समुदाय र अभिभावकबिचको प्रभावकारी समन्वय, सहकार्य भएमा यस क्षेत्रमा चाहेजस्तो उपलब्धि हासिल गर्न सकिन्छ । उल्लिखित समस्या तथा चुनौतीको समाधान गर्न निम्नलिखित उपायह अलम्बन गर्न सकिन्छ :

(क) सङ्घीय सरकारले स्पष्ट नीति, कार्यक्रम र कार्ययोजना बनाए तापनि जनतासँग नजिकको सरकार

स्थानीय सरकार भएकाले स्थानिय तहमा प्रारम्भिक बाल विकास शिक्षासम्बन्धी नीति कार्यान्वयनका लागि स्पष्ट निर्देशिका र स्थानीय कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनुपर्ने

(ख) स्थानीय तहका जनप्रतिनिधि तथा शिक्षा शाखामा कार्यरत कर्मचारीलाई बाल विकास तथा शिक्षासम्बन्धी नियमित र व्यावहारिक तालिम प्रदान गरिनुपर्ने

(ग) राज्यले अङ्गीकार गरेको समावेशी शिक्षा नीतिलाई प्रारम्भिक बाल विकास र शिक्षाको क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न लक्षित समूहका बालबालिकाको आवश्यकता, अवस्था र सन्दर्भअनुसार व्यावहारिक तथा कार्यान्वयन योग्य नीति निर्माण गर्ने

(घ) प्रारम्भिक बाल विकास सहजकर्ताको सेवा, सुविधा, रोजगारीको स्थायित्व तथा निरन्तर क्षमता विकास सुनिश्चित गर्ने स्पष्ट र कार्यान्वयन योग्य नीति अवलम्बन गरिनुपर्ने

(ङ) प्रारम्भिक बाल विकास सहजकर्ताको सेवासुविधा, पेसागत स्थायित्व तथा क्षमता विकास सुनिश्चित गर्ने स्पष्ट, दीर्घकालीन र कार्यान्वयन योग्य नीति अवलम्बन गरिनुपर्ने

(च) बालमैत्री शिक्षण पद्धतिको मापदण्डअनुसार खेलमा आधारित गतिविधि तथा अनुभव जन्य सिकाइमा विशेष जोड दिनुपर्ने

(छ) मातृभाषा शिक्षणको प्रवर्द्धन गर्न स्थानीय भाषाको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने

(ज) अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन बाल विकास सूचकमा आधारित मूल्याङ्कन प्रणाली अवलम्बन गरिनुपर्ने

(झ) प्रारम्भिक बाल विकास शिक्षामा अभिभावकको बुझाइ स्पष्ट पार्न तथा बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन विद्यालयस्तरमा नियमित बैठक, अन्तरक्रिया, अभिभावक शिक्षा, अभिभावक पर ामर्श तथा अभिभावक अभिमुखीकरणजस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनुपर्ने

(ञ) सूचना र प्रविधिको उपयोग गरी धेरैभन्दा धेरै अभिभावकसमक्ष प्रारम्भिक बाल विकास शिक्षासम्बन्धी जनचेतनामूलक सन्देश रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत प्रवाह गरिनुपर्ने

## सन्दर्भ (References )

National Census 2078/2021.

Nepal Demographic and Health Survey (NDHS) 2022.

An Assessment of Early Learning and Development in Nepal 2017- Education Review Office, Sanothimi, Bhaktapur.

Early Childhood Education and Development in Nepal: Status, Trends and Challenges- Dhurba Kumar Shrestha, Diktel Multiple Campus Journal, December 2023 . (DOI:10. 3126/dmcj. v8i7. 62430).

# शिक्षामा मानव मूल्य

**अनिता निरौला**

आधुनिक शिक्षा प्रणालीले सूचना र प्रविधिलाई त आत्मसात गर्‍यो तर कतै न कतै मानव र मानवीयता पछाडि छुट्दै गएको आभास भइरहेको छ। शिक्षा केवल जीविकोपार्जनको माध्यम मात्र नभएर जीवन जिउने कला पनि हो।

शिक्षाको मुख्य ध्येय व्यक्तिमा ज्ञान(knowledge), सिप(skill) र अभिवृत्ति(Attitude) को सन्तुलित विकास गर्नु हो, जसलाई आधुनिक शिक्षाशास्त्रमा भनिन्छ। KSA model लाई व्यक्तिको सक्षमता विकासका तीन स्तम्भको रूपमा लिइन्छ। यस शताब्दीको शिक्षाले केवल स्मृतिलाई मात्र नभई व्यवहार र सोचलाई परिवर्तन गर्नुपर्नेमा जोड दिन्छ। यस विषयमा विश्वव्यापी मान्यता, विद्वान्‌का धारणा र विकसित मुलुकका अभ्यास निम्नलिखित छः

---

## विश्वव्यापी रूपमा स्वीकार गरिएका तथ्य

शिक्षाविद्‌हरूका अनुसार एक पूर्ण मानव बन्नका लागि यी तीन तत्त्वको त्रिकोणात्मक सम्बन्ध हुनुपर्छः

- **ज्ञान**ः यो के) र किनसँग सम्बन्धित छ। यसले सैद्धान्तिक अवधारणा, तथ्य र सूचनाको बुझाइलाई जनाउँछ।
- **सिप**ः यो कसरी सँग सम्बन्धित छ। जानेको कुरालाई व्यवहारमा उतार्ने सञ्चार सिप, प्राविधिक दक्षता र समस्या समाधान यसमा पर्छन्।
- **अभिवृत्ति**ः यो हुनु सँग सम्बन्धित छ। यो व्यक्तिको मूल्य मान्यता, विश्वास, अनुशासन र कार्यप्रतिको दृष्टिकोण हो।

## प्रमुख विद्वानहरूका धारणा

विभिन्न कालखण्डका शिक्षाविद्‌हरूले शिक्षाको यो त्रिपक्षीय स्वरूपलाई यसरी व्याख्या गरेका छन्ः

बेन्जामिन ब्लुमम उनले सन् १९५६ मा प्रतिपादन गरेको Blooms Taxonomy मा सिकाइका तीन क्षेत्र उल्ले ख गरेः १. बौद्धिक क्षमताको विकास। २)ः शारीरिक र प्राविधिक सिकाइ। ३.ः भावना, मूल्य र दृष्टिकोणमा परिवर्तन।

- **महात्मा गान्धी**ः उनले ३**H** (Head, Hand, Heart) को अवधारणा अघि सारेका थिए। Headले ज्ञान, Hand ले सिप र Heart ले चरित्र वा प्रवृत्तिलाई प्रतिनिधित्व गर्छ।
- **पाउलो फ्रेरे**ः उनले शिक्षालाई चेतनाको विकासको रूपमा हेरे, जहाँ ज्ञानले मानिसलाई आफ्नो अवस्था बुझ्न र सिपले त्यसलाई बदल्न सघाउँछ।

### विकसित मुलुकको अभ्यास

**विकसित मुलुकले आफ्नो पाठ्यक्रममा** ksa**लाई गहिरो गरी समावेश गरेका छन् :**

**फिनल्याण्ड**: यहाँको शिक्षा प्रणाली Phenomenon based learning मा आधारित छ। विद्यार्थीलाई गणित वा विज्ञान मात्र पढाइँदैन, बरु कुनै एउटा वास्तविक समस्या दिइन्छ, जसले उनीहरूको **ज्ञान** (तथ्य बुझ्न), **सिप** (सहकार्य र निर्माण) र **अभिवृत्ति** (धैर्य र नेतृत्व) एकैसाथ विकास गर्छ।

**सिङ्गापुर**: सिङ्गापुरले Teach less,Learn more नीति अपनाएको छ। उनीहरूले Value based Education मा जोड दिन्छन् जहाँ Attitude/ Character लाई शैक्षिक नतिजा जत्तिकै महत्त्व दिइन्छ।

**जापान**: जापानमा प्रारम्भिक तहमा किताबी ज्ञानभन्दा बढी नैतिकता र सामाजिक अनुशासन सिकाउन प्राथमिकता दिइन्छ। विद्यार्थीहरू आफैँले कक्षाकोठा सफा गर्ने अभ्यासबाट सेवाभाव र विनम्रताको विकास गर्छन्।

विश्वव्यापी रूपमा स्वीकार गरिएका शिक्षाका उपर्युक्त तीन आयाममध्ये आजको युगमा सबैभन्दा बढी आवश्यक आयाम प्रवृत्ति वा गुण हो। यसलाई आजसम्म तेस्रो प्राथमिकतामा राखिएकामा पूर्वीय दर्शन एवम् आध्यात्मिक ज्ञान प्राप्त ऋषिमुनिले पहिलो प्राथमिकतामा राखेको पाइन्छ। भगवान् गौतम बुद्ध, सत्य साई बाबा, ओशो रजनीशलगायतका महापुरुषले आध्यात्मिक चेतना अभिवृद्धि गर्न शिक्षाले मानवीय मूल्य को विकास गर्नुपर्नेमा जोड दिएका छन्। सत्य साई बाबाले भन्नुभएको छ "चाँडै अर्थात् सानो उमेरमा सुरु गर, हतार नगरीकन निरन्तर अगाडि बढ र सुरक्षित रूपले गन्तव्य वा लक्ष्यमा पुग।" ओशो रजनीशले शिक्षामा क्रान्ति, शिक्षामा नयाँ प्रयोगलगायत दर्जनौँ प्रवचनमार्फत शिक्षाले मानवीय मूल्यको विकास गर्नुपर्नेमा जोड दिनुभएको छ। त्यसैगरी नेपालको एक आध्यात्मिक संस्था जीवन विज्ञान प्रतिष्ठानका गुरुहरू एल पी भानु शर्मा र रमेश नेपालले मानव मूल्य विकासका लागि दिव्य नवव्रतका नौओटा सूत्रहरू (सत्य, स्वाध्याय, निरहङ्कारिता, क्षमाशीलता, सर्वकल्याणभाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा)लाई दैनिक जीवनमा पालन गर्नुपर्ने गुणको रूपमा अगाडि सार्नुभएको छ। जीवन विज्ञानले अगाडि सारेका उक्त नौ ओटा सूत्रलाई नेपालको शिक्षा प्रणालीमा सबैले बुझ्न र प्रयोग गर्न सकिने गरी मानव मूल्य विकासका नौ ओटा आयामको रूपमा शिक्षक तालिम एवम् आचरण र विद्यालय शिक्षाको पाठ्यक्रम एवम् उभमबनयनथ मा समावेश गरेर प्रारम्भिकदेखि माध्यमिक तहसम्मको शिक्षण पद्धतिमा एकीकृत गर्न सकेमा हाम्रो शिक्षा प्रणालीमा अपेक्षित सुधार हुने देखिन्छ।

### कक्षाकोठामा मूल्यको अभ्यास

उल्लिखित आयामलाई छुट्टै विषयका रूपमा भन्दा पनि दैनिक सिकाइ क्रियाकलापमा समावेश गर्न निम्नलिखित सुझाव उपयोगी हुन सक्छन्:

- **सत्य र समावेशिता**: विद्यार्थीलाई सुनेको भरमा विश्वास नगर्न र प्रश्न सोध्न प्रेरित गर्नुपर्छ। समूह कार्य गराउँदा समावेशिताको अभ्यास हुन्छ, जहाँ उनीहरूले आफ्नो जिद्दी त्यागेर अरूको विचार सुन्न र

गुणदोषका आधारमा निर्णय लिन सिक्छन् ।

- **स्वाध्याय र लक्ष्य निर्धारण**ः प्रत्येक हप्ताको अन्त्यमा विद्यार्थीलाई म आज कहाँ चुकेँ? र मेरो सुधार का क्षेत्र के हुन् ? भन्ने बारेमा डायरी लेख्न लगाउँदा उनीहरूमा आफ्ना कमजोरी बुझ्ने र सुधार गर्ने क्षमता विकास हुन्छ ।
- **क्षमाभाव र मङ्गलभाव**ः कक्षामा हुने सानातिना विवादलाई सजाय दिएरभन्दा पनि मेलमिलाप र क्षमाको माध्यमबाट समाधान गर्ने संस्कृति बसाल्नुपर्छ । अरूको मन पनि मेरै जस्तो हो भन्ने भावना विकास गर्न भूमिका निर्वाह विधि प्रभावकारी हुन्छ ।

**शिक्षकको भूमिकाः आदर्श व्यक्तिका रूपमा**

शिक्षकले जे भन्छन्, विद्यार्थीले त्यो गर्दैनन्; बरु शिक्षकले जे गर्छन्, विद्यार्थीले त्यही सिक्छन् ।

- **विनम्रता र सेवाभाव**ः शिक्षकले विद्यार्थीसँग बोल्ने शब्दमा विनम्रता र सम्मान झल्किनुपर्छ । जब शिक्षकले विद्यार्थीको समस्यालाई सेवाभावले समाधान गर्छन्, विद्यार्थीले स्वतः सहयोगको भावना सिक्छन् ।
- **दुःखबाट मुक्ति र समस्या समाधान**ः शिक्षकले विद्यार्थीलाई केवल समस्या देखाउने मात्र होइन, ती समस्याको कारण र परिणाम विश्लेषण गर्ने वैज्ञानिक सोच सिकाउनुपर्छ ।

**तहगत कार्यान्वयनका लागि केही सुझाव**

| तह | मुख्य केन्द्र (Focus) | क्रियाकलाप (Activity) |
|---|---|---|
| प्रारम्भिक | विनम्रता र सेवाभाव | कथा वाचन, सँगै खाजा बाँडेर खाने, धन्यवाद र माफी माग्ने अभ्यास |
| आधारभूत | सत्यता, मङ्गलभाव र समावेशिता | सामूहिक खेल, प्रकृति अवलोकन, साना लक्ष्य राख्ने र पूरा गर्ने |
| माध्यमिक | स्वाध्याय, लक्ष्यसँग एकाकार र दुःखबाट मुक्ति | प्रोजेक्ट कार्य, बहस, क्यारियर काउन्सिलिङ र समाज सेवा |

---

**निष्कर्षः किन आवश्यक छ यो परिवर्तन ?**

जब एउटा विद्यार्थीले लक्ष्यसँग एकाकार हुन सिक्छ, उसलाई पढ्नको लागि कसैले दबाब दिनु पर्दैन । जब उसले पारमार्थिक सत्य खोज्न थाल्छ, ऊ सिर्जनशील बन्छ । जब उसले दुःखबाट मुक्तिको मार्ग पहिचान गर्छ, ऊ समाज र राष्ट्रका समस्या समाधान गर्ने सक्षम नागरिक बन्छ ।

यी नौ आयामलाई शिक्षाको पाठ्यक्रममा मात्र होइन, विद्यालयको संस्कारमा समावेश गरौँ । यसो गर्दा मात्र हामीले यस्तो पुस्ता तयार गर्न सक्छौँ, जो बौद्धिक रूपमा तीक्ष्ण, भावनात्मक रूपमा सन्तुलित र नैतिक रूपमा

सुदृढ हुने छ।

शिक्षित हुनु भनेको जान्नु मात्र होइन, हुनु पनि हो।

**सन्दर्भ सामग्री**


शिक्षामा क्रान्ति, ओशो रजनिश

शिक्षामा नयाँ प्रयोग, ओशो रजनिश

जीवन विज्ञान प्रतिष्ठानका विभिन्न प्रकाशन

इनर इन्जिनियरिङ, सदगुरु जग्गी वासुदेव

गौतम बुद्ध, (जीवनी र दर्शन), रोशन दाहाल

युगपुरुष स्वामी विवेकानन्द, जीवनी र दर्शन

उत्कृष्टता, आचार्य प्रशान्त

Atomic Habits, James Clear

नवयुग दर्पण, जीवन विज्ञान प्रतिष्ठान

समस्या अनेक समाधान एक, रमेश नेपाल, जीवन विज्ञान प्रतिष्ठान

Adipat, S. (2024). Transcending traditional paradigms: The multifaceted realm of phenomenon-based learning. *Frontiers in Education, 9. https://doi. org/10. 3389/feduc. 2024. 1346403 Cited by: 30*

**Bloom, B. S. (1956).** *Taxonomy of Educational Objectives: The Classification of Educational Goals. Longmans, Green.*

**Baartman, L. K. , & de Bruijn, E. (2011).** Integrating knowledge, skills and attitudes: Conceptualising learning processes towards vocational competence. *Educational Research Review, 6(2), 125–134 . https://doi. org/10. 1016/j. edurev. 2011. 03. 001*

**OECD (2019).** *OECD Learning Compass 2030. OECD Publishing*

# प्रारम्भिक बालविकास तथा शिक्षामा लगानीः औचित्य र अवस्था

हरि खनाल

किसानले बिउ राख्ने बेलामा सबैभन्दा राम्रो फलेको दाना किन छान्छन् ? बिउ राख्ने ब्याडको राम्रो खनजोत गरेर मल हालेर निकै मिहिनेत किन गर्छन् ? अण्डज जीवले आफूले अण्डा पारेपछि आहारा खोज्ने र खाने काम नै छोडेर किन अण्डा छोपेर बस्छन् ? घर बनाउँदा जगमा असली सिमेन्ट, डन्डी र त्यसको बनोट बलियो बनाउने कुरामा किन निर्माणकर्ता ज्यादा दिमाग लगाउँछन् ? यी सबैको उत्तर हो जग बलियो बनाउन ।

सबैको जग हुन्छ । जग भनेको आधार हो जसमाथि त्यो उभिएको हुन्छ । त्यो उभिने धरातल बलियो भएन भने त्यो विनाश हुन्छ । त्यसो भए मानिसको जीवनको जगचाहिँ कुन हो त ? यो प्रश्न केही दशकयता गम्भीर रूपमा उठेको छ । प्रश्न जग अज्ञात भएका कारण उठेको होइन जगका सम्बन्धमा हामी कतिको गम्भीर छौ ँ भन्ने सवाल हो । वास्तवमा सबैले जानेको र भनिआएकै कुरा हो मानिसको जीवनको जग बाल्यावस्था हो । केही वर्षअघिसम्म हामी अज्ञानवश बालक धर्तीमा आएपछिको अवस्थालाई बुझ्ने गर्थ्यौं तर हाम्रो पूर्वीय दर्शनले यसलाई सृष्टिकालदेखि नै स्पष्ट भनिदिएको छ कि बाल्यावस्था गर्भदेखि नै सुरु हुन्छ । यसलाई आधुनिक खोज र अनुसन्धानले पुष्टि गरिदिएको छ ।

## पूर्वीय दर्शनमा प्रारम्भिक बाल्यावस्था

प्रारम्भिक बालविकास महत्त्वपूर्ण हुने पौराणिक सन्देशः महाभारतमा धृतराष्ट्र, विदुर, पाण्डुको जन्म प्रसङ्गले प्रार म्भिक बालविकासको जरा देखाउँछ । अभिमन्युको चक्रव्यूह भेदन र त्यससँग जोडिएको कथा, हिरण्यकशिपु पुत्र प्रह्लादको जन्म, अष्टाबक्रको जन्म आदिले अहिले प्रारम्भिक बालविकास गर्भावस्थादेखि सुरु हुने पश्चिमी भाष्यलाई आजभन्दा लगभग छ हजार वर्षअघि नै अघि सारेर पछि पारेको देखिन्छ । बाल्यकाल सम्बन्धमा चाणक्यले यसो भनेका छन् :

**लालयेत् पञ्चवर्षाणि दश वर्षाणि ताडयेत् ।**
**प्राप्ते षोडसे वर्षे पुत्रे मित्रवदाचरेत् । । चाणक्य**

यो श्लोकले पाँच वर्षसम्मको उमेर अत्यन्तै हेरचाह गर्नुपर्ने संवेदनशील अवधि हो भनेर सङ्केत गरेको छ । चाणक्यकृत यो श्लोकको मर्म बुझ्ने हो भने पश्चिमी विद्वान्ले बालविकास र यसका अवधि निर्धारण गर्नुपूर्व नै पूर्वीय दर्शनमा यो आइसकेको देखिन्छ । यसले दश वर्ष पुगेपछि सिपमूलक कार्यमा सहभागी गराउने वा प्रशिक्षित गर्नेदेखि किशोरावस्थामा गर्नुपर्ने व्यवहारसमेत प्रस्ट पारेको छ । त्यसकारण मानिसको जीवनलाई विकासात्मक तवरले बलियो बनाउने हो भने उसको प्रारम्भिक बाल्यावस्थामा ध्यान पुऱ्याउनुपर्छ । हाम्रा विभिन्न धर्मशास्त्र, नीति शास्त्रमा गर्भवती महिला, सुत्केरी, बालबालिका र रोगीका हकमा लचिला प्रावधान छन् । युद्ध, अनिकाल वा कुनै पनि सङ्कटका बेलामा खाना तथा पोषिला कुरामाथि सबैभन्दा पहिलो हक बालबालिका र संवेदनशील अवस्थामा रहेका व्यक्तिको हुन्छ । कृष्णकथाका कुनै प्रसङ्गमा राजा कंसले गो

कुलवासीलाई सारा दुध, दही र मखन कंस दरवारमा पुऱ्याउनुपर्ने उर्दी जारी गरेको हुन्छ तर बुझ्ने भइसकेका बालक कृष्णले त्यस विरुद्ध आवाज उठाउँदै भन्छन् दुध दही तथा मखनमा पहिलो अधिकार बालबालिकाको हुन्छ ।

## पश्चिमी दर्शन र विचार

पश्चिमी विद्वान् स्वेटमार्डनदेखि लिएर पछिल्ला समयमा कलम चलाउनेहरूले गर्भावस्थादेखि पाँच सात आठ वर्षसम्मको अवधि महत्त्वपूर्ण हुने विषयमा जोड दिएका छन् । नेसनल युनिभर्सिटी अमेरिकाकी प्राध्यापक Jessica Alvardo(2019) का अनुसार प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले सिकाइको अवसर प्राप्त गर्दा उनीहरूमा बहुआयामिक पक्षको विकास हुन्छ । यस अवस्थामा उनीहरूले खुल्ने अवसर पाउँदा आफ्ना साथी, शिक्षक, अभिभावक र सिङ्गो प्राकृतिक वातावरणसँग नै अन्तरक्रिया गर्न सक्छन् । यसले उनीहरूमा जिज्ञासा जगाउने, खोजी गर्ने, आविष्कार गर्ने प्रवृत्तिको विकास हुन्छ । उनको व्याख्याअनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको व्यापक सामाजिक फाइदा त छँदै छ यसबाहेक यसले Science, Technology, Engineering and Math (STEM) जस्ता प्राविधिक तथा वैज्ञानिक विषयका लागिसमेत आधार प्रशस्त गर्छ ।

युनेस्को (२०२५) ले यसको महत्त्वमा जोड दिँदै भनेको छ, जन्मदेखि आठ वर्षसम्मको अवधि मस्तिष्क विकासका दृष्टिकोणले निकै महत्त्वपूर्ण छ । गुणस्तरीय प्रारम्भिक बालअवस्थाको हेरचाहले बालबालिकाको जीवनमै राम्रो स्वास्थ्य, पोषणका साथै सिकाइमा सफलता र सामाजिक संवेगात्मक विकास, आर्थिक उत्पादनशीलता बढाउँछ । (Early childhood care and education (ECCE), covering the period from birth to 8 years old, is crucial because it leverages a time of significant brain development in children. Quality ECCE can set the foundation for good health, nutrition, learning success, social-emotional development, and economic productivity throughout life.

स्नायुविज्ञहरूले यस सम्बन्धमा धेरै अध्ययन गरिरहेका छन् । प्रारम्भिक अवस्थाको प्रोत्साहन एवम् अभिभावक र हेरचाहकर्तासँगको अन्तरक्रियाले मस्तिष्क विकास र जीवनभरिका लागि आवश्यक सिकाइको यात्रा सुरु गर्छ । यस अवस्थाको सिकाइ जीवनभरि रहिरहन्छ र यो असाध्यै फलदायी हुन्छ । प्रारम्भिक वाल्यावस्थामा मस्तिष्कका न्युरोनहरू ज्यादा सक्रिय हुने हुँदा यस अवस्थामा बालबालिकामा दिइने पोषण, उचित अन्तर क्रियात्मक वातावरणले उसको जीवनको जग तयार गर्छ (युनिसेफ सन् २०११) ।

प्रारम्भिक बालविकासका कर्ताहरू को को हुन् त ? स्पष्ट छ बाबुआमा, घरपरिवार, समुदाय, राज्य र र ाज्यभित्रका सम्बन्धित निकायहरू । यहाँ प्रारम्भिक बालशिक्षा भनिए पनि यसलाई बालहेरचाहको पक्षबाट अलग गर्नुहुँदैन किनभने हेरचाह तथा विकाससँग सिकाइको अन्योन्याश्रित सम्बन्ध रहेको छ । प्रारम्भिक बालविकासका प्रारम्भिक चरण राज्य कि अभिभावक ? कसको दायित्व कति ? भन्ने प्रश्न निकै संवेदनशील र व्यापक छ । माथि उल्लेख गरिएको चाणक्यको श्लोकले पाँच वर्षसम्म घरमा राम्ररी पालनपोषण गर्नुपर्ने कुरा उल्लेख गरेको छ । हाम्रो समाजले गर्दै आएको पनि त्यही हो । त्यो हेरविचार कसरी कति मात्रामा भयो ? चाहिने गरी भयो भएन भन्ने अलग कुरा हो ।

नेपाली समाजले अहिले पनि बालबालिकालाई पहिलो प्राथमिकतामा राखेर लालनपालन गर्छन् । प्रारम्भिक बालविकासको गहिराइ जन्मपूर्वदेखि हुन्छ भन्ने कुरामाचाहिँ ऋषिमुनि र शास्त्रज्ञहरू मात्र परिचित थिए । अशिक्षाका कारण ठुलो मानव जमात ऋषिमुनिका ती शास्त्रज्ञानबाट टाढा थिए । यसो हुँदाहुँदै पनि गर्भवतीलाई सकेसम्म खानामा प्राथमिकता दिनु, शिशु जन्मेपछिका लागि घिउलगायत पोसिला खाने कुरा सञ्चित गरेर राख्नु सामाजिक चर्या नै थियो । विपन्नताका कारण जसले जति सक्छ त्यति गर्थे । बालबालिकाको विकासात्मक अवस्थाको मापोका रूपमा कमरमा कन्दनी लगाइदिनु, नाडीमा डोरो बाँधेर फुकाउनुपर्ने बेला भएनभएको याद गर्नुदेखि धेरै प्रयत्न समाजले गर्दै आएको हो । कृषि प्रणालीमा आधारित जनजीवन भएकाले आमाले चाँडै नै काममा जानुपर्ने अवस्था आउँथ्यो । त्यस अवस्थामा घरका बाजे बज्यैले बालहेरचाह गर्थे । घर नै प्रारम्भिक बालहेरचाह र विकासको केन्द्र बनेको अवस्थामा समाजले बालोपयोगी खेल, लोरी, गीत कविता विकास गरेका थिए । ती कुरा बालबालिकाका सूक्ष्म र स्थूल अङ्ग विकाससँग जोडिएको विश्लेषणबाट स्पष्ट हुन आउँछ ।

संयुक्त परिवारमा रहँदा बाजेबज्यैले बालबालिकालाई खेलाउने हुँदा यसको दोहोरो फाइदा थियो । बालबालिकाको पनि शारीरिक मानसिक विकास र बाजेबज्यैको शारीरिक क्रियाशीलता पनि । संयुक्त परिवार हराउन थालेपछि भने यसको प्रतिकूल प्रभाव बाजेबज्यै र बालबालिका दुवैमा परिरहेको छ । यस हिसाबले हेर्दा हामीले भन्ने गरेको प्रारम्भिक बालविकास केन्द्र बालबालिकाको घर नै हो । यसका सहजकर्ताहरू बाबाआमा, बाजेबज्यै र अग्रज दाजुदिदी नै हुन् । वर्तमान समयमा विशेष गरी सहर बजारमा संयुक्त परिवार प्रणाली ध्वस्त हुनु, अभिभावक कामकाजी हुनु र बालबालिकाका अन्तरक्रियाका लागि धेरै प्रविधिको विकास हुनुले प्रारम्भिक बालविकास केन्द्र, मन्टेसरी, शिशु स्याहार केन्द्रको अवधारणा र आवश्यकता बढ्दै गएको छ । यी केन्द्रले अझ व्यवस्थित रूपमा घरपरिवारको भूमिका निर्वाह गर्दै बालविकासका गतिविधि गर्नुपर्ने हुन्छ । भएको के छ भन्नेचाहिँ गम्भीर र थप विश्लेषणलायक पक्ष हो ।

माथि चर्चा गरियो जीवनको जग प्रारम्भिक बालविकास हो । यो संसारभरि स्वीकार गरिएको तथ्य पनि हो । त्यसकारण प्रारम्भिक बालविकासमा अभिभावक मात्र होइन राज्यले पनि लगानी गर्नुपर्छ । राज्यले किन पनि लगानी गर्नुपर्छ भने सक्षम र दक्ष जनशक्ति मुलुकको पुँजी हो । राज्य संयन्त्रसँग समसामयिक विषय र प्रवृत्ति ग्रहण गरी त्यसलाई बालबालिका माझ पुऱ्याउने क्षमता र संयन्त्र हुन्छ ।

## लगानी र प्रारम्भिक बालविकासमा लगानी

भौतिक पक्षमा गरिने लगानीलाई साधारण प्रतिफल, समयबद्ध प्रतिफल, पुँजीमा आधारित प्रतिफलका कसीमा मापन गर्न सकिन्छ । यी पक्षमा गरिने लगानी शुद्ध अर्थशास्त्रीय लगानी हुन् तर मानव विकासमा पक्षमा गरिने लगानी मानवअर्थशास्त्रीय लगानी हो जसको प्रतिफललाई भौतिक लगानीका लागि निर्धारित कुनै पनि सूत्रबाट मापन गर्न सकिँदैन । किनभने यसमा गरिने लगानी भनेको उत्पादनशीलताका लागि गरिएको लगानी हो जसको प्रभाव दीर्घकालीन हुन्छ । यति हुँदाहुँदै पनि प्रारम्भिक बालविकासमा गरिएको लगानीलाई कुनै निश्चित वर्षको आधारमा बढेको भर्नादर, बालबालिकामा विकास भएको सक्षमता, कक्षा एकमा भर्ना हुनका लागि

आर्जन गरेका आधारभूत बानी र सिप, कक्षा एकमा हुने शैक्षिक उपलब्धि, केन्द्रहरूको शैक्षिक भौतिक व्यवस्थापन आदिका आधारमा केही अनुमान र व्याख्या गर्ने गरिन्छ । यद्यपि यस्ता उपलब्धि कुनै निश्चित लगानीका अतिरिक्त अन्य कारणबाट पनि हुने हुन्छन् ।



*Source: Slide by Flavlio Cunha based on Heckman and Masterov, 2004*

## प्रारम्भिक बालविकासलाई नै पहिलो प्राथमिकतामा राखेर लगानी किन गर्ने ?

यस प्रश्नको आंशिक जवाफ माथि पनि उल्लेख गरिसकिएको छ । केही अध्ययन र निष्कर्षका आधारमा यसलाई बुँदागत रूपमा यसरी पनि उल्लेख गर्न सकिन्छ ।

### आर्थिक विकासका लागि लगानी

बालविकासका गरिने लगानीले आर्थिक प्रतिफल उच्च हुने कुरा अर्थशास्त्रीहरूकै अध्ययनले देखाएको छ । अमेरिकी अर्थशास्त्री जेम्स ह्याकमेन (२०१२) ले प्रारम्भिक बालविकासमा गरिने लगानीले अर्थतन्त्र बलियो बनाउने तर्क गरेका छन् । उनको भनाइअनुसार प्रारम्भिक उमेरमा गरिने लगानी त्यसमा पनि अझ विपन्न बालबालिकामा गरिने लगानीको प्रतिफल सबैभन्दा उच्च हुन्छ । उनको चित्रले प्रारम्भिक अवस्थामा बालबालिकामा आर्जन हुने सिपले सामाजिक र आर्थिक फाइदा ज्यादा हुने देखाउँछ ।

युनेस्कोले प्रारम्भिक बालहेरचाह र शिक्षा प्राथमिक विद्यालयको तयारीका निम्ति मात्र नभइ बालबालिकाका सर्वाङ्गीण विकास परिलक्षित हुन्छ जसले जीवनभरिको सिकाइ र आरोग्यताको जग बसाल्छ भनेको छ ।

### सामाजिक विकासका लागि लगानी

शान्तिप्रिय हुनु, सद्भाव र सहिष्णुतापूर्ण व्यवहार हुनु, समतामूलक सोच हुनु, दया, माया तथा करुणाजस्ता मानवीय भाव आजका नागरिकमा अत्यावश्यक गुण हो । घरपरिवारमा मात्र यस्ता पक्षको विकास पर्याप्त नहुने हुँदा समूह साथीहरूसँग बालबालिकालाई अन्तरक्रिया गराएर यस प्रकारका गुण, सिप विकास गर्न सकिन्छ । संसार डिजिटल युगमा भएकाले एउटा कुनाको व्यक्ति आज क्षमता, सिप र समझदारीका हिसाबले विश्व नागरिकका रूपमा जन्मिएको हुन्छ । त्यसकारण पनि मानसिक क्षितिजलाई फराकिलो पार्न, विश्ववन्धुत्व, समझदारी, सामाजिक समायोजन जस्ता सिपहरू बालककालदेखि नै विकास गराउनु आवश्यक देखिन्छ ।

## शिक्षाको जग निर्माण तथा सर्वाङ्गीण विकासमा योगदानका लागि लगानी

नेपालमा प्रारम्भिक बालविकास केन्द्रको अवधारणा कक्षा एकमा ज्यादा शैक्षिक क्षति देखा परेको पृष्ठभूमिबाट भएको छ। नेपालको पाठ्यक्रम र पाठ्यक्रम प्रारूपमा प्रारम्भिक बालविकासलाई सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउँदै कक्षा एकको लागि तयार पार्ने कुरा उल्लेख गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले प्रारम्भिक बालविकास तथा शिक्षालाई कक्षा १ लागि आधार बनाउने रूपमा लिएको देखिन्छ। चार वर्ष उमेरका सबै बालबालिका गुणस्तरीय प्रारम्भिक बालशिक्षा तथा विकास पूरा गरी कक्षा १ का लागि तयार भएका हुने भनी अपेक्षित उपलब्धिका (अः२०७९) रूपमा निर्धारण गरिएको छ। यसका लागि पहुँच सुनिश्चितता र गुणस्तरमा जोड दिने र शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा कक्षाको तयारी सुनिश्चित गर्ने भन्ने उद्देश्य (उही पृः ३७-३८) राखिएको देखिन्छ।

हाल कार्यान्वयनमा रहेको पाठ्यक्रमको विकास बालबालिकाको सर्वाङ्गीण विकासको अवधारणाअनुरूप पाठ्यक्रम प्रारूपले निर्देश गरेअनुसार (पाठ्यक्रम प्रारूपः २६:७६) अर्थात् बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक, नैतिक, सामाजिक, संवेगात्मक र सांस्कृतिक विकासका पक्षहरूलाई सम्वोधन गर्ने गरी एकीकृत ढाँचामा जाने गरी विकास गरिएको छ। प्रारूपमा प्रारम्भिक बालविकासका छओटा सक्षमता निर्धारण गरिएका छन्। सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपाय अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास (उही पृष्ठः ४५)। यी छओटा सक्षमता पाठ्यक्रम निर्माणका आधारका रूपमा रहेका छन्। विद्यालयसँग जोडिएको प्रारम्भिक बालविकास केन्द्र त्यो विद्यालयमा आधारित होस् वा समुदायमा त्यसले दुई व्यापक उद्देश्य बोकेको देखिन्छ। पहिलो कक्षा एकका लागि चाहिने आधारभूत सिपको विकास र दोस्रो सर्वाङ्गीण विकास। यसलाई पाठ्यक्रममा आधारभूत सिप सिकाइका क्षेत्र र विषयगत सिप सिकाइका क्षेत्र गरी दुई भागमा समेट्ने प्रयास भएको देखिन्छ। आधारभूत सिप सिकाइका क्षेत्रलाई ३८४ घण्टाको कार्यभार विभाजन गरी विषयगत सिकाइ क्षेत्रलाई १९२ घण्टा तथा स्थानीय विषयवस्तुलाई २५६ घण्टा गरी कुल ५७६+२५६ घण्टाको सिकाइ क्रियाकलाप ( पृ. २८, पाठ्यक्रम, २०७७) निर्धारण भएको देखिन्छ। पाठ्यक्रमको स्वरूपलाई हेर्दा कुल ३८४ घण्टाले मात्रै बालविकासका विषयसँग सरोकार राख्ने देखिन्छ। विकास कुनै पनि सिप र सिकाइसँग जोडिएर आउने भएकाले बाँकी अरू भाग पनि एकीकृत भएर जोडिने कुरा निर्विवाद छ।

## मस्तिष्क विकासका लागि लगानी

प्रकृति अर्थात् वातावरण र वंशगत गुणको पारस्परिक अन्तरक्रियाबाट मस्तिष्क विकास हुन्छ। यस्तो विकासको क्रम जीवनको सुरुवाती अवस्थाका केही वर्षमा सबैभन्दा तीव्र हुन्छ (युनिसेफ, सन् २०११)। प्रारम्भिक बाल्यावस्थामा बालबालिकाले पाउने उचित पोषण, सहज अन्तरक्रियात्मक वातावरण नै मस्तिष्क विकासको आधार मानिएको छ। प्रारम्भिक बाल्यावास्थामा बालबालिकाले प्राप्त गर्ने पोषण र अन्तरक्रियासँग मस्तिष्क

विकासको प्रत्यक्ष सम्बन्ध हुने भएकाले यस अवस्थामा यी दुवैका लागि प्रारम्भिक बालहेरचाह र स्याहारको भूमिका स्वभाविक रूपमा महत्त्वपूर्ण मानिन्छ। यसर्थ प्रारम्भिक बालविकासमा गरिने लगानी भनेको मानवस्रोत उत्पादनमा गरिने लगानी हो भनेर बुझ्नुपर्छ। मानवस्रोत विकास नै मुलुक र विश्व उन्नतिको आधार हो।

**दिगो विकासको आधार**

दिगो विकास आजको सर्वाधिक चासो र बहसको विषय हो। विकासमा दिगोपना नहुँदा त्यसबाट प्रत्युत्पादक परिणाम देखा पर्छन्। विकासका लागि गरिने कार्यहरूले पार्ने वहुपक्षीय प्रभाव र विकासमा हुने क्षतिले बढाउने खर्च दिगोपनाका अभावले निम्त्याउने परिणाम हो। प्रारम्भिक बालविकासमा गरिने लगानीले मावन स्रोत विकाससँग सम्बन्ध राख्छ। बहुआयामिक पक्षको विकाससहित उत्पादित जनशक्ति दिगो विकासका आधार बन्न पुग्छन्।

**संवैधानिक हकको प्रत्याभूतिका लागि लगानी**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ को उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने छ भनी बालविकाससम्बन्धी हक उल्लेख गरिएको छ। यसलाई कार्यरूप दिनका लागि अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को परिच्छेद ३ को दफा ३ उपदफा ३ (१) मा प्रत्येक नागरिकलाई प्रचलित ऐन तथा कानुनबमोजिम अन्य जस्तै प्रारम्भिक बालविकास तथा शिक्षा प्राप्त गर्ने अधिकार रहेको उल्लेख छ। शिक्षा ऐन आठौँ संशोधनले प्रारम्भिक बाल प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षाका रूपमा परिभाषित गर्दै बाल विकास विद्यालय संरचनाभित्र समावेश गरेको देखिन्छ। प्रारम्भिक बालविकासको हकको प्रत्याभूति गर्नु भनेको बालअधिकारसम्बन्धी महासन्धि १९८९ को कार्यान्वयन पनि हो।

**नेपालमा प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षामा गरिएको लगानीको पृष्ठभूमि र अवस्था**

प्राथमिक तह प्रवेशअघिको शैक्षिक तयारी कार्यक्रमका रूपमा राणाकालमै (वि.सं. २००६ साल) स्थापित मण्टेश्वरी स्कुल पहिलो मानिन्छ। पूर्वप्राथमिक तहको आवश्यकताका सम्बन्धमा नेपाल राष्ट्रिय शिक्षा आयोग २०११ र सर्वाङ्गीण शिक्षा समिति २०१८ को सिफारिसमा उल्लेख भएपनि यस कार्यले ठोस रूप लिएको थिएन। २०२२ सालमा बालमन्दिरको स्थापना भएपछि देशभरिका ७५ जिल्लामा बालमन्दिरहरू खुले। ती बालमन्दिरहरू बालबालिकाका सर्वाङ्गीण विकासका लागि क्रियाकलाप गरिने केन्द्रका रूपमा परिणत भए। आधारभूत तथा प्राथमिक शिक्षा परियोजना २०४९ र आधारभूत प्राथमिक शिक्षा कार्यक्रम लागु भएको बेला शिशु विकास कार्यक्रम हुँदै प्रारम्भिक बालविकास कार्यक्रमको रूपमा ३ देखि ५ वर्षका बालबालिकाका लागि विकासात्मक क्रियाकलाप सञ्चालन गर्ने गरी यसको सुरुवात भएको थियो। यो कार्यक्रमले त्यति बेला गति लियो जब सन् २००० मा अफ्रिकी मुलुक सेनेगलमा शिक्षा सम्मेलन भयो। सबैका लागि शिक्षा कार्यक्रम सन २००० को डकार घोषणा पत्रको ६ बृहत् लक्ष्यमध्ये पहिलो लक्ष्य प्रारम्भिक बाल बालिकाहरूको हेरचाह तथा विस्तार रहेको र सोको कार्यान्वयन गर्न बनेको राष्ट्रिय कार्ययोजना २००३ मा प्रारम्भिक बालविकास

विस्तारको नीति लिइएको थियो। आरम्भमा ३ र ४ वर्ष गरी दुई वर्षे प्रारम्भिक बालशिक्षाका लागि शैक्षिक दिग्दर्शन (पाठ्यक्रम) मा आधारित भई प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालन भएका थिए। विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) कार्यान्वयनमा आएपछि प्रारम्भिक बालविकास शिक्षाको अवधि ४ वर्ष उमेर किटान गरी एक वर्षे बनाइएको थियो। यसको उद्देश्य आधारभूत शिक्षाको जगलाई सुदृढ पारी बालबालिकाको चौतर्फी विकास गर्नु (पृ ५) रहेको थियो। शिक्षा तथा मानव स्रोतविकास केन्द्रको २०८१ बैशाखमा वेबसाइटमा प्रकाशित तथ्याङ्कअनुसार कुल प्रारम्भिक बालविकास शिक्षा केन्द्रमा ८१.१ प्रतिशत सरकारी अनुदान जाने रहेका छन् भने निजी क्षेत्रको पूर्वप्राथमिक विद्यालय १८.९ प्रतिशत रहेको छ। धार्मिक विद्यालयमा सञ्चालित यस्ता पूर्वप्राथमिक कक्षाहरू १.२ प्रतिशत रहेका छन्। यो आँकडाले प्रारम्भिक बालविकास तथा शिक्षामा सरकारको सरोकार र लगानी धेरै देखिन्छ। यद्यपि अधिकांश निजी क्षेत्रमा देखिने पूर्वप्राथमिक विद्यालय प्रारम्भिक बालविकास तथा शिक्षाको मर्मअनुकूल सञ्चालित छैनन्। धार्मिक विद्यालयमा सञ्चालितको अवस्था त अझै परको कुरा हुन जान्छ।

## प्रारम्भिक बालविकास तथा शिक्षामा लगानी र उपलब्धि

प्रारम्भिक बालविकासमा लगानीको औचित्यका विषयमा माथि चर्चा गरिसकिएको छ। यद्यपि नेपालमा यस क्षेत्रमा गरिएको लगानीको स्पष्ट आँकडा भेटिँदैन। यस क्षेत्रमा भएका लगानीका केही स्पष्ट अनुमानित चित्र भने देख्न सकिन्छ। अनुदानमा आधारित सबै प्रारम्भिक बालविकास केन्द्रमा सहजकर्ता र प्रतिबालबालिका अनुदान सङ्घबाट जाने गर्छ। आ. व. ०७९/०८० र ०८०/०८१ मा कुल शिक्षा बजेटको ३.२६ र ३.३५ प्रतिशत (शैक्षिक सूचना, २०८०, पृ १३) विनियोजन भएको देखिन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सङ्कलन गरेको विद्यालय तथ्याङ्क २०८१ अनुसार कम्तीमा तीनओटा न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास केन्द्र ६८.१ प्रतिशत रहेका छन्। बालमैत्री बसाइ व्यवस्था, माध्यमिक शिक्षा उत्तीर्ण र आधारभूत तालिम प्राप्त शिक्षक, ६ सिकाइ क्षेत्र रहेको, बालमैत्री धारा रहेको र सावुन पानीको उपलब्धतासहितको शौचालय गरी पाँचओटा सूचकलाई न्यूनतम सर्तका रूपमा राखिएकामा सबै प्राप्त भएको प्रतिशत ४.६ मात्र रहेको उल्लेख हुनुले प्रारम्भिक बालविकास केन्द्रमा गरिएको लगानीको अवस्थालाई चित्रण गर्छ।

प्रारम्भिक बालविकासका सहजकर्ताको न्यून पारिश्रमिक, न्यूनतम मापदण्ड पूरा नभएका बालविकास केन्द्रहरूको अधिकताले यस क्षेत्रमा भएको न्यून लगानीलाई पुष्टि गर्छ। स्थानीय निकाय सक्रिय हुन थालेपछि स्थानीय तहले यस क्षेत्रमा गरिएका लगानीको एकीकृत लेखा भएको देखिँदैन। यद्यपि अनुभव र अवलोकनले हुने गरेका अतिरिक्त लगानी सहजकर्ताको पारिश्रमिक थप र कक्षाकेन्द्रमा भौतिक व्यवस्थापनमा भएको पाइन्छ।

## लगानीसँग जोडिएका समस्या

प्रारम्भिक बालविकास सम्पूर्ण शिक्षाको जग मानिएको छ र मानव विकासको जग मानिएको छ तर पनि यस क्षेत्रमा लगानी बढ्न सकेको छैन। पर्याप्त लगानी नहुनाका कारण देहायका समस्या जल्दाबल्दा रूपमा दे

खिएका छन् :

(क) प्रारम्भिक बालविकासका सहजकर्ताको मनोबल माथि उठेको छैन । विद्यालयका अन्य शिक्षकको सुविधा र उनीहरूको तलबमानमा भएको अधिक अन्तरले उनीहरूमा हीनताबोध देखिन्छ ।

(ख) प्रारम्भिक बालविकासका लागि आवश्यक भनिएको न्यूनतम मापदण्डको परिपालन हुन सकेको छैन । परिणामतः बालविकास केन्द्रहरू अन्य औपचारिक कक्षाभन्दा फरक र स्तरीय देखिँदैनन् ।

(ग) कतिपय संस्थाहरूले लगानी गरेर खडा गरिदिएका पूर्वाधा पनि संस्थाको लगानी सकिएपछि अद्यावधिक हुन नसकी विपन्न अवस्थामा पुगिरहेका देखिन्छन् ।

(घ) न्यून लगानीसँग पहुँचभन्दा पनि गुणस्तरको प्रत्यक्ष सम्बन्ध हुन्छ । सक्षम र दक्ष सहजकर्ता, आवश्यक भौतिक पूर्वाधार, आकर्षण र दिगोपनासँग न्यून लगानीको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ ।

(ङ) केन्द्रहरूमा स्थानीय तह तथा विद्यालयबाट थप हुने रकम सहजकर्तालाई थप समय माथिल्ला कक्षामा शिक्षणसिकाइ गराउने सर्तनामा बन्न पुगेको देखिन्छ । यसले गर्दा प्रारम्भिक बालविकास केन्द्र कक्षा तयारी तथा सिकाइ क्रियाकलाप औपचारिक मात्र बन्न पुगेको देखिन्छ ।

**समाधानका उपाय**

(क) प्रारम्भिक बालविकासका सहजकर्तालाई प्रारम्भिक बालविकास शिक्षक पदमा रूपान्तरण गर्ने र कम्तीमा आधारभूत तहका शिक्षक बराबर सेवा सुविधा दिने

(ख) न्यूनतम मापदण्ड पूरा नभएका केन्द्रहरूलाई वर्गीकरण गरी मूल्याङ्कन गर्ने र कसलाई कुन प्रकारको सहायता दिएर पूरा गराउन सकिन्छ आकलन गर्ने । सरकारका तीनै तह र प्रारम्भिक बालविकास क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थासँग समन्वय गरेर एकपटक चालु र विकास खर्चको ठुलै मात्रा खर्च गर्ने र न्यूनतम पूर्वाधार तथा मापदण्ड पूरा गराउने

(ग) प्रारम्भिक बालविकास केन्द्रको नक्साङ्कन गरी पुनःवितरण गर्ने

(घ) प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम सबै प्रकारका केन्द्र र विद्यालयमा लागु गर्ने । यस क्षेत्रमा अभिभावकको आर्थिक र भौतिक सहभागिता बढाउने

**निष्कर्ष**

प्रारम्भिक बालविकासको अवस्था निकै संवेदनशील भएकाले यस अवस्थाका बालबालिकाको विकासका लागि राज्यले पर्याप्त लगानी गर्नुपर्छ । जग कमजोर बनाएर धुरी जति बलियो बनाएपनि घर बलियो हुँदैन भन्ने मान्यता प्रारम्भिक बालविकासको हकमा सुस्पष्ट हुनु जरुरी छ । न्यून लगानीले ल्याएका समस्या समाधानको उपाय भनेको पर्याप्त लगानी नै हो । प्रारम्भिक बालविकास अभिभावक र सरकार दुवैको साझा दायित्व हो । त्यसैले यस क्षेत्रमा संघीय सरकार, स्थानीय सरकार र अभिभावकसमेतको लगानी बढाउनु जरुरी छ । स्थानीय

तहले क्षेत्रगत रूपमा सीमा निर्धारण गरेर बजेट विनियोजन गर्नुपर्छ । बालविकासको दृष्टिकोणले जन्मपूर्वदेखिकै लगानी सुनिश्चित गर्ने कुरामा स्थानीय तह जिम्मेवार बन्नुपर्छ । सरकारी स्तरबाट बढाउने लगानी बजेट नै हुनजान्छ । बजेटसँगै अनुगमन र निरीक्षणले गति लिनुपर्छ । स्वास्थ्य, पोषण, उचित अन्तरक्रिया जस्ता विषयमा अभिभावक शिक्षा र अभिभावकले आफ्ना बालबालिकाका लागि समयको पर्याप्त लगानी गर्नुपर्छ । अभिभावक र राज्यको संयुक्त लगानीलाई प्राथमिकता दिएर प्रारम्भिक बालविकास तथा शिक्षाका गतिविधि अघि बढ्नुपर्छ । यसले बालबालिकालाई आधुनिक विकासले ल्याएका प्रविधिसँग साक्षात्कार गराउँदै विश्व नागरिकका लागि आवश्यक पर्ने ज्ञान सिपको जग बनाउन र अभिभावकको सामिप्यताले संस्कार, संस्कृतिसँग नजिक राख्न पनि सघाउँछ ।

**सन्दर्भ सामग्री**


अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५, नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिँहदरवार, काठमाडौँ, at www. nepallawcommission. gov. np

अर्याल, मदनप्रसाद ( २०८९), नीति (विदुर, चाणक्य र भर्तृहरि),श्रीमती रमादेवी अर्याल, काठमाडौँ ।

नेपालको संविधान २०७२ at www. nepallawcommission. gov. np

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६१, शिक्षा तथा खेलकुद मन्त्रालय,शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२, शिक्षा विभाग, प्रारम्भिक बालविकास शाखा सानोठिमी, भक्तपुर ।

प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम २०७७, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८, राष्ट्रिय योजना आयोग ।

बालबालिका सम्बन्धी ऐन २०७५, at www. nepallawcommission. gov. np

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२, नेपाल सरकार शिक्षा मन्त्रालय, २०६६ ।

विद्यालय क्षेत्र विकास योजना, (२०७९-२०८८), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिँहदरवार, काठमाडौँ ।

युनिसेफ (२०११), उन्नत मस्तिष्कको निर्माणः प्रारम्भिक बालविकासमा नयाँ आयामहरू(नेपाली अनुवाद, सन् २०१६), न्युयोर्क

शैक्षिक सूचना, २०७९ र २०८०, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौँ ।

सबैका लागि शिक्षा २००४-२००९, मुख्य दस्तावेज, शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल, काठमाडौँ, नोभेम्बर १७, सन् २००३, काठमाडौँ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ ँ at https://mofaga. gov. np/detail/1697

Alvardo, J(2019). Why-is-early-childhood-education-important at https://www. nu. edu/blog/

Flash I, 2024-2025, CEHRD, Sanothimi, Bhaktapur

The Heckman Equation at eckmanequation. org/wp

*UNESCO (2025) at https://www. unesco. org/en/early-childhood-education/need-know?hub=70242*

# शिक्षाको साँचो

**जसबहादुर कार्की**
पूर्व शिक्षा अधिकृत

## भूमिका

सिक्ने र सिकाउने वा पढ्ने र पढाउने दुई पक्षबिच जति वढी खसी हुने वातावरण बन्छ, जति घनिष्टता हुन्छ, अन्तरक्रिया हुन्छ, छलफल हुन्छ, सहकार्य हुन्छ त्यति नै अकल्पनीय रमाइलो वातावरणमा सिकाइ अगाडि बढ्छ। भित्रैदेखि केही गरौँ केही सिकौँ भन्ने उत्प्रेरणा पैदा नभई सिकारुको दिमाग खुल्दैन। सिकारुको दिमाग खोल्न त्यति सजिलो पनि छैन। बन्द रहेको दिमागमा जतिसुकै अमृतमय कुरा भर्न खोजे पनि अर्थपूर्ण हुन्न। सिकाउने व्यक्तिमा उत्साह, जोस, जाँगर, हिम्मत नआएसम्म रमाइरमाइ सिक्ने सिकाउने वातावरण वन्दै बन्दैन। त्यसैले शिक्षक र विद्यार्थी खुसी हुनु सिकाइको सुन्दर पक्ष हो। राज्य पक्षबाट होस् वा समाजबाट शिक्षकमाथि भइरहेका सबैखाले विभेदको अन्त्य एक मात्र शैक्षिक गुणस्तर सुधारको विकल्प हुन सक्छ। बालबालिका जन्मे हुर्केको घरपरिवारबाट कस्तो संस्कार बोकेर विद्यालय प्रवेश गर्छ, उसको जग कतिको मजबुत भएको छ, त्यसको प्रतिविम्बन विद्यालयमा बारम्बार देखा परिरहन्छ।

## विषय प्रवेश

शिक्षा दिने गुरुलाई भगवान् ब्रम्हा, विष्णु, महेश्वर र जन्म दिने माता पितासरह पूजनीय व्यक्तिको रूपमा माने को पाइन्छ। गुरुविनाको ज्ञान र ज्ञानविनाको मानिस अर्थहीन हुन्छ। शिक्षा के, किन, कसलाई, कसरी, कहाँ, कहिले, कति भन्ने प्रश्नको निर्क्योल नगरी शैक्षिक कार्यक्रम अगाडि बढाउन सकिन्न। शिक्षाको महत्त्व कति भन्ने सवालमा एउटा भनाइ छ "**न चौर हार्यम् न च राज हार्यम्, न भ्रातृ भाज्यम् न च भारकारी। व्ययेकृते वर्दते एवम् नित्यम् विद्याधनं सर्वधनः प्रधानम्।**" अर्थात् न चोरले चोर्न सक्छ, न राजाले हरण गर्न सक्छ, न भाइभाइमा अंशबन्डा गर्नुपर्छ न त बोकेर हिँड्न भारी हुन्छ। जति बाँड्यो उति बढ्ने सर्वश्रेष्ठ सम्पत्ति नै शिक्षा हो।

शिक्षाले मानिसलाई ज्ञान, सिप र अभिवृत्ति प्रदान गर्छ। मानिसको विचार र व्यवहार शिक्षाले निर्देशित गर्छ। कुनै पनि कार्यको कारण बुझ्न, नकारात्मक प्रभावको न्यूनीकरण गर्दै सकारात्मक पक्षको सुनिश्चितता गर्न, पर्यावरणप्रति प्रतिक्रिया जनाउन, विकासका लागि क्रियाशील बनाउन शिक्षाले मानिसलाई मार्गदर्शन गर्छ। शिक्षा सफल मानव जीवनको साधन हो। भोलिको सुनिश्चितताका लागि शिक्षा साध्य हो।

युनेस्कोका अनुसार दिगो विकासका लागि शिक्षाको भविष्यपरक दृष्टिकोण हो। यसले ज्ञान, सिप र अभिवृत्ति भन्दा अझ अगाडि गएर तिनको कार्यान्वयन पक्षमा जोड दिन्छ। दिगो विकासका लागि शिक्षा प्रयोगात्मक पक्षमा विश्वास गर्छ। दिगो विकासका लागि शिक्षाले मानव अधिकारप्रति सम्मान गराउँछ, संरक्षण प्रति क्रियाशील बनाउँछ।

ज्ञानरूपी शिक्षाको ज्योति कोक्राबाट सुरु भई घरपरिवार, समाज, विद्यालय सिङ्गो विश्वब्रम्हाण्डसम्म फै लिन पुग्छ । एउटा पशुको बच्चाले खान हुने र नहुने, गर्न हुने र नहुने गर्भैबाट सिकेर आएको देखिन्छ भने मानिसको बच्चाले जन्मेपछि मात्र सिकाइ सुरु गरेको पाइन्छ । पहिलो पाठशाला घरको गुरु वा शिक्षक कमसल खालको पऱ्यो भने सिकाइ कमजोर हुन जान्छ । घरेलु संस्कार, रहनसहन, वातावरण, नाता सम्बन्ध, नीति नियम, मूल्यमान्यता, बोलीचाली, भाषाशैली, खानपान, आनीबानी, चाडपर्व, साथीसङ्गत, सरसफाइ, लवाइखवाइ, राखनधरन, मानसम्मान, अरूसँगको व्यवहार आदि अनेक थरी कुरा घरपरिवारको वातावरणबाट प्रत्येक बालबालिका प्रभावित भएकै हुन्छन् । निश्चित उमेर पार गरिसकेपछि औपचारिक विद्यालयमा भर्ना गरिन्छ । गाउँघरको असल संस्कार वा वातावरणमा हुर्केको बालबालिका विद्यालयमा प्रवेश गरेपछि पनि कुनै समस्यामा नहुन सक्छ । उसले चाँडै प्रगति गर्न सक्छ । यदि विद्यालय र घरपरिवारको वातावरणमा तालमेल हुन सकेन भने बालबालिकालाई विद्यालयप्रति वितृष्णा बढ्न जाने, मन लगाएर विद्यालय नजाने, गुरुको आदेश पालना नगर्ने, विषयवस्तुमा ध्यान नजाने अनि शिक्षक र अभिभावकले उसको मनोविज्ञान बुझ्न नसक्नु आदि कारण वालाबालिकाको पढाइ चौपट हुन जान्छ । अभिभावकलगायत सरोकारवाला सबै मिलेर शिक्षकको मात्र दोष देखाउन थालिन्छ । अभिभावक र विद्यालयबिच द्वन्द्व बढेर अधिकांश सामुदायिक विद्यालय यसै को सिकार भएको हामीले देखिरहकै छौँ । हाम्रा बालबालिका अध्ययन गर्ने विद्यालय कस्तो हुनुपर्छ, यसलाई सुधार्ने कसले भन्ने कुराको हेक्का नरहँदा र साना साना समस्याको कारण अधिकांश सामुदायिक विद्यालय निसानामा परेका छन् । जहाँ अभिभावकको उपस्थिति बाक्लो हुन्छ, त्यस्ता विद्यालयमा सबै कुरा राम्रो हुन्छ । यसका लागि समस्याको सही ढङ्गले पहिचान गर्न जरुरी छ । समस्याको पहिचान गरिसकेपछि समस्यालाई सही ढङ्गले विश्लेषण गर्न जरुरी छ । समस्याको सही विश्लेषण भइसकेपछि समस्या समाधान गर्न सहज तरि काले सकिन्छ ।

## संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानको धारा ३१ (१) ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ भनेको छ । उपधारा (५) मा नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्न हक हुने छ भनेको छ । संविधानको धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पो षण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक छ । यसको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक वालविकास तथा बाल सहभागिताको हक हुने भनिएको छ । उपधरा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनिएको छ । राज्यका नीतिअन्तर्गत धारा ५१ (ज) मा नागरि कका आधारभूत आवश्यकतासम्बन्धी नीति (१)मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, उपधारा (२)मा शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानीलाई

नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र उपधारा(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क वनाउँदै लैजाने नीतिको व्यवस्था गरिउको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४(११) (ज) माआधारभूत र माध्यमिक शिक्षा सञ्चालनको लागि २३ बुँदे व्यवस्था गरिएको छ।

**बालबालिकाको सर्वाङ्गीण विकासका पक्ष**

- **शारीरिक विकास** : बालबालिकाको स्थूल अङ्ग र सूक्ष्म अङ्ग उचित ढङ्गले विकास हुनुपर्छ। आवश्यक पौष्टिक तत्त्व, शारीरिक व्यायाम, खानपान, आहार विहार हुन सकेन भने सन्तुलन बिग्रने हुन्छ।
- **सामाजिक र संवेगात्मक विकास** : समाजिक प्राणी भएको हैसियतले उसले सामाजिक व्यवहार, सरहनसहन, वातावरण, मानमर्यादा, आदरसम्मान जान्नुपर्छ। संवेगात्मक क्षेत्रका विविध कुराको उचित ढङ्गले विकास हुनुपर्छ।
- **मानसिक विकास** : बालबालिकाको बौद्धिक विकास भन्नाले ज्ञान, सिप र क्षमतासँग सम्बन्धित पक्षको वृद्धिसँगसँगै विकास हुनुपर्छ।
- **भाषिक विकास** : सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग सम्बन्धित पक्षको सन्तुलित रूपमा विकास हुँदै जानुपर्छ।
- **मनोवैज्ञानिक विकास** : बालबालिकाको मनोवल कमजोर भयो वा कसैको अगाडि उभिएर बोल्न डराउने, धकाउने, भकभकाउने जस्ता कुराबाट पीडित बनाइनु हुन्न।
- **सांस्कृतिक विकास** : संस्कृति भन्नाले रहनसहन, वेशभूषा, चाडपर्व, चालचलन, आहारविहार, बोलीचाली आदि कुराको बालबालिकामा सही ढङ्गले विकास हुनुपर्छ।

घरपरिवार र समाज, विद्यालय र शिक्षण सिकाइमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि समस्या छ। विद्यालय उमेरका बालबालिकाको ९० प्रतिशत समय घरपरिवार तथा समुदायमा बित्छ। परिवार वा समाजमामा बालबालिकाको लागि के गर्ने वा के नगर्ने भन्ने कुनै नियम छैन। घरपरिवारमा पढ्ने वातावरण छैन, कुनै कार्य तालिका बनाउने गरेको छैन। अभिभावकले साना बालबालिकाको किताब पढेर उनीहरूसँग बसेर छलफल गर्ने गरेको छैन। केही अभिभावकले चुरोट, खैनी, बियर बालबालिकालाई बोकाउने र उनीहरूको अगाडि खाने गरेको छ। नियमित विद्यालय नपठाउने समस्या छ। विद्यालय जाँदा र फर्कँदा सुरक्षाको समस्या छ। राम्रो कामको प्रशंसा र गलत कुराको नियन्त्रण गर्ने गरेको छैन। गाउँ समाजमा बालबालिकासँग मिठो बोल्ने भन्दा पनि डर देखाउने, हप्काउने, आदेश दिने, हप्ने, धम्काउने गरिन्छ।

विद्यालयमा पनि समस्या देखिएका छन्। भाषा, गणित, सामाजिक, विज्ञान, कम्प्युटर आदिका प्रयोशाला विद्यालयमा छैनन्। थोत्रो तथा घोकन्ते विधि र सिद्धान्त सिकाइबाट सिक्ने र सिकाउने दुवैलाई जाँगर चल्दैन। टिभी, कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, नेट, इन्टऱ्याक्टिभ बोर्ड अधिकांश विद्यालयमा छैनन्। खेलमैदान, फूलबारी, कक्षाभित्र र बाहिरको सजिसजावट परम्परागत मात्र छ। यो विषयमा कसैको ध्यान जाँदैन। शैक्षिक सामग्री बैङ्क कुनै विद्यालयमा छैन। खेल सामग्री प्रशस्त छैन। पौडी पोखरी छैन। बालविकास के

न्द्रका साना बालबालिकाले ठुलासँग भिडेर खाजा खानु, ट्वाइलेट जानु, खेल खेल्नुपर्छ। उनीहरूका लागि सुरक्षित र भरपर्दो छुट्टै व्यवस्था छैन।  सेवा क्षेत्रका भिभावक प्रायः विद्यालयमा जाँदैनन्। नियमित अभिभावक शिक्षा सञ्चालन हुने गरेको छैन। हेर्दा हेर्दै, खेल्दा खेल्दै, गीत गाउँदा गाउँदै, नाग्दा नाच्दै, केही गर्दा गर्दै, खोज अनुसन्धानबाट सिकिने व्यवस्था छैन।

शिक्षण सिकाइमा पनि समस्या देखिएका छन्। प्रयोगात्मक, परियोजना कार्य, खोज अनुसन्धान, अवलोकन , शैक्षिक भ्रमण, खेल खेल्ने, नाटकीकरण, अभिनय, कथाकथन, प्रदर्शन आदि विधिभन्दा सजिलो प्रवचन/लेक्चर प्रयोगमा रहेको पाइन्छ। शिक्षकका लागि कुनै मोटिभेसनल तालिम, सिपमूलक तालिम, नियमित सेमिनार, गोष्ठी सञ्चालन गरिन्न। उनीहरूलाई सम्मान, पुरस्कार वा उत्प्रेरणा दिने गरी मूल्याङ्कन गर्ने र खुसी भई शिक्षण गर्ने वातावरण छैन। बालबालिकालाई तँ भनेको मन पर्दैन। शिक्षक पूर्व तयारीका साथ शैक्षिक सामग्री लिएर कक्षामा जाने गरेको देखिन्न। परीक्षाको हाउगुजीले नेपाली विद्यार्थीलाई कहिल्यै छाडेन। त्यसबाट चिट चोर्ने, प्रश्न पत्रको दुरुपयोग गर्ने, बालबालिकामा गहिरो मनोवैज्ञानिक चोट लाग्ने, सीमित पाठ घोकाउने, अरूसँग तुलना गरेर एउटै कक्षाका बालबालिका उचनिच देखिने वा देखाउने जस्ता अनेकौं विकृति भित्रिएका छन्। अर्कोतर्फ बालबालिकाले चाहिँ शिक्षकलाई असल साथी योजनाकार, असल पथप्रदर्शक, असल अभिभावक, हिम्मतिलो, जोसिलो, जाँगरिलो, रसिलो, निष्पक्ष, स्पष्ट वक्ता, विषयवस्तु ज्ञाता, बालमनोविज्ञानको ज्ञान भएको, फरकपना दिने, गतिशील र आदर्श व्यक्तिका रूपमा देख्न चाहन्छ।

**समस्या समाधानका उपाय**

- शिक्षकलाई आर्थिक वा अन्य सुविधा दिएर, मानसम्मान, इज्जत प्रतिष्ठा दिएर हुन्छ वा जुनसुकै तरहबाट खुसी बनाउने
- शिक्षकलाई विद्यालयमा सिकाऊँ सिकाऊँ र बालबालिकालाई विद्यालय जाऊँ जाऊँ लाग्ने वातावरण सिर्जना गर्ने
- विद्यालयमा सबै खाले प्रयोगशाला स्थापना गर्ने
- अभिभावक शिक्षालाई व्यापक वनाउने र सामुदायिक विद्यालयलाई आशाको केन्द्र बनाउने
- विद्यालय सेवा क्षेत्रका टोलटोलमा टोल शिक्षा समिति गठन गरी व्यापक अभिभावक शिक्षा दिने
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई कामकाजी बनाउने
- सबै सरोकारवालाको सहभागितामा विज्ञसहितको उपस्थितिमा विद्यालय सुधार योजना निर्माण गरी सबै सरोकारवालाको मार्गनिर्देशक साधन बनाउने
- अभिभावकले साना बालबालिकाको पुस्तक अध्ययन गरी उनीहरूसँग प्रश्न सोध्ने, छलफल तथा अन्तरक्रिया गर्ने
- घरमा बालबालिकालाई पढ्न कस्तो कोठा, सामग्री चाहिने हो सो को बारेमा बालबालिकासँग छलफल गरी वातावरण निर्माण गर्ने।

- चुरोट, खैनी, जाँड, रक्सी र अन्य हानिकारक वस्तु बालबालिकालाई किन्न नपठाउने र उनीहरूको अगाडि प्रयोग पनि नगर्ने
- बालबालिकाको अगाडि अश्लीलता जनाउने शब्द प्रयोग नगर्ने
- आफ्ना र गाउँका अरू बालबालिका गलत बाटामा हिँडे नहिँडेका, कुलतमा फसे नफसेको निगरानी र नियन्त्रण गर्ने
- घरमा सकेको काम बालबालिकालाई पनि लगाउने
- स्थानीय आवश्यकताअनुसारको प्राविधिक तथा व्यावसायिक शिक्षालय व्यापक रूपमा सञ्चालन गर्ने
- सबै तहका सरकारबाट शैक्षिक सुधारमा पर्याप्त बजेटको व्यवस्था गर्ने

## निष्कर्ष

शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार गरी फड्को मार्न सफल विश्वका चर्चित देश सिङ्गापुर सरकारले पहिलो प्राथमिकता शिक्षा, दोस्रो प्राथमिकता पनि शिक्षा र तेस्रो प्राथमिकता पनि शिक्षालाई दिएको छ। फिनल्यान्डले शिक्षकको मानमर्यादा, सुविधा र योग्यता बढायो, औपचारिक परीक्षा एकैचोटी कक्षा १२ मा त्यो पनि विद्यालयले आफैं लिने व्यवस्था गऱ्यो। जापानले शिक्षामा २० प्रतिशतसम्म बजेट विनियोजन गर्छ। शैक्षिक सामग्रीको माध्यमबाट बालबालिकालाई आफ्नो घर, साथीभाइ विर्सेर विद्यालय जाऊँ जाऊँ लाग्ने वातावरण सिर्जना गरेको छ। क्यानडा जस्तो पुँजीवादी देशका ९५% बालबालिका सरकारी विद्यालयमा अध्ययन गर्छन्।

हामीले हाम्रो शिक्षालाई जसरी पनि सुधार गर्नुपर्छ भन्ने प्रतिज्ञा सबैले गरौँ। कहाँ, कसले, कसरी सुधार गने ' हो सामुदायिक विद्यालयप्रति गुमेको जनविश्वासलाई मुकदर्शक भएर टुलुटुलु हेरेर बस्न किमार्थ सुहाउने विषय होइन। अन्यत्रको अनुभव लिने अनि राम्रा र उपयोगी कुरा प्रयोगमा ल्याउने हो भने सुधार अवश्य हुन्छ। सेवानिवृत्त भएर बसेको शैक्षिक जनशक्तिलाई उपयोगमा ल्याउने हो भने चमत्कारिक रूपान्तरण हुन सक्ने सम्भावना पनि छ।

## सन्दर्भ सामग्री


शिक्षा ऐन, २०२८ (संशोधन सहित) र नियमावली, २०५९ (संशोधनसहित)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नियमावली, २०७४

नेपाल सरकार, शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र सुधार योजना(SSRP) (२०६६-२०७२)

नेपाल सरकार, शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र विकास योजना (SSDP) (२०१६-२०२२)

विद्यालय सुधार योजना (SIP), (२०६८-२०७२)

घरको शिक्षा (संस्कारयुक्त मनोवैज्ञानिक सिकाइ) दामोदर न्यौपाने।

नेपालमा शिक्षाको इतिहास- गोपिनाथ शर्मा

शिक्षा मनोविज्ञान - शर्मा एन्ड शर्मा

प्रारम्भिक बाल्यवस्था विकासको आधार, चिरञ्जिवी शर्मा एन्ड निर्मला शर्मा

शैक्षिक स्मारिका २०८०, शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# Physical development of young children: Its meaning, scope and factors influencing physical development

**Prof. Kishor Shrestha, PHD.**

This paper includes an analysis of what physical development includes (meaning and scope), the link between physical development and all other areas of development, factors influencing physical development, and lastly, tips for supporting healthy physical development, which are presented based on the analysis of the existing situation of ECE centers/classes in Nepal.

## A. What physical development includes (meaning and scope of physical development)

In Nepal, its legal documents and policy papers consider the age bracket of children from conception to below 8 years of age as early childhood (Government of Nepal, 2020). The Early Learning and Development Standards for children aged 48 to 60 months, and Curriculum for children of this age group developed by the Government of Nepal (Government of Nepal, 2077 BS), mainly focus on five aspects of development—physical, social, emotional, cognitive, and cultural development of children. Physical development is generally described in terms of gross motor (big movements) and fine motor (small, precise movements) skills, and sensorimotor skills (ability to coordinate sensory experiences—sight, touch, hearing, balance, and body awareness—with physical movements).

The meaning of each of these aspects of physical development is described below.

**Gross motor development** is the child's ability to control and coordinate large muscles for movement and posture. It refers to the development of large muscle movements that involve the arms, legs, and trunk of the body and enable a child to perform whole-body activities. It includes skills such as sitting, crawling, standing, walking, running, jumping, climbing, and balancing, and it develops through active play, movement, and practice.

**Fine motor development** is the child's ability to use hands and fingers accurately and efficiently for precise tasks. It refers to the development of small muscle movements, especially of the hands and fingers, in coordination with the eyes. It includes skills such as grasping, holding objects, drawing, writing, buttoning, cutting with scissors, and using utensils, and develops through practice and manipulation of small objects.

**Sensorimotor development** is how a child learns and gains control of the body by using the senses and movement together. It refers to the development of a child's ability to coordinate sensory experiences (sight, touch, hearing, balance, and body awareness) with physical movements to explore and understand the environment. It involves learning through hands-on

interaction and movement, starting with reflex actions in infancy and progressing to purposeful, goal-directed actions.

## B. Link between physical development and other areas of development

It is important to understand and acknowledge that child development is holistic, meaning that all areas of development are interconnected and influence one another (Myers, 1992). Here, an attempt is made to analyse how physical development is closely linked to cognitive, socio-emotional, language, and cultural development, which are covered in the curriculum for ECD children in Nepal. Generally, it is accepted that physical development not only strengthens the body and promotes motor skills but also supports a child's holistic development.

***Physical development and cognitive development***

Healthy physical development in children not only helps them develop strength and skills related to gross motor, fine motor, and sensory-motor abilities, but their involvement in various indoor and outdoor activities also helps them learn different concepts such as size, shape, distance, balance, and cause and effect. Participation in manipulation and active play stimulates brain development and improves attention and problem-solving skills. The development of fine motor skills supports pre-writing and academic readiness, while the development of sensory-motor skills, including the use of the five senses, helps children explore and understand the environment around them.

***Physical development and socio-emotional development***

A child's involvement in physical activities not only improves his/her physical health but it also enhances his/her confidence, independence and self esteem. Children's involvement in play and outdoor activities not only improve their physical skills but it also promote their skills related to cooperation, sharing, and teamwork. Physical activity also helps children release energy and manage emotions.

***Physical development and language development***

Physical activities provide children with opportunities for communication. While participating in indoor and outdoor activities, children learn new vocabulary related to actions and movement. Interaction with peers and teachers during games enhances their speaking and listening skills. In addition, activities related to fine motor skills, such as pre-writing and pre-reading, are directly linked to language development.

***Physical development and cultural development***

Children's participation in play and games not only improve their physical health but they also learn to follow the rules of the games. Those activities also reflect cultural traditions such as dances, dresses, and local rules. By their participation in such activities children learn about their own cultural values, norms, and identity.

## C. Factors influencing physical development

Several factors influence the physical development of a child. The main factors affecting physical development include: (i) nutrition, (ii) health, (iii) adequate time allocation in the daily schedule for physical activities, (iv) availability of age-appropriate toys and play materials, and (v) encouragement from caregivers.

**These factors are briefly discussed below.**

**Nutrition** is one of the major determinants of a child's physical development (Government of Nepal, 2023). A lack of a balanced diet, adequate calories, and essential nutrients—particularly micronutrients such as folic acid and vitamins—can adversely affect proper physical growth and development. Malnutrition may result in frequent illness and can lead to stunted growth, as well as weak bones and muscles, thereby hindering overall physical development.

Therefore, regular growth monitoring during early childhood is essential to assess and track each child's nutritional status. In Nepal, the provision of mid-day meals in community schools for young children is a commendable initiative. However, the lack of systematic growth monitoring and the absence of need-based nutritional supplementation for individual children remain significant gaps in achieving and maintaining optimal nutritional status.

The nutritional status of children under five years of age gloomy picture. The Nepal Multiple Indicator Cluster Survey 2024-25 shows 24. 3% of children under five are underweight, and 31. 5% are stunted (short for their age) (https://publichealthupdate. com/nepal-multiple-indicator-cluster-survey-2024-25/).

This situation highlights the need for a comprehensive nutrition program that includes: (i) identification and regular assessment of each child's nutritional status, (ii) provision of nutritional supplementation according to individual needs, and (iii) nutritional rehabilitation support where necessary.

**Health** is another important determinant of a child's physical development (Government of Nepal, 2023). It directly influences growth, strength, energy levels, and overall body functioning. A healthy child is more likely to grow appropriately, develop strong muscles and bones, and achieve physical milestones at the expected stages. Good health supports appropriate increases in height and weight according to age and contributes to strong and dense bones and muscles, which are essential for gross and fine motor development.

Poor health, on the other hand, can weaken the immune system, lead to frequent illness, and interfere with normal physical growth and development.

Poor health due to frequent or long term illness is one of major barriers to proper physical development of young children. According to Nepal Multiple Indicator Cluster Survey 2024-25

the under-five mortality rate is as high as 31 per 1,000 live births (https://publichealthupdate.com/nepal-multiple-indicator-cluster-survey-2024-25/. Moreover, the variation is overwhelming when we compare among the children living in urban and rural areas, geographical regions and family backgrounds.

In this regard, an early childhood development (ECD) program should ensure access to regular health services, including: (i) immunization to protect against common childhood diseases, (ii) regular health check-ups for all children, (iii) provision of necessary treatment, and (iv) referral services to a health post or hospital when required.

**Adequate weightage** in daily schedule for physical development is equally important to promote physical development of children in ECD centers. Physical development of children largely depends on the opportunities for movement that include play and outdoor activities.

As specified in the curriculum guide for ECD children the teachers and caregivers of the children are required to involve children in various activities for physical development of children.

Lack of regular play and outdoor activity hinders the physical development of children. In Nepal, most of the ECD facilities lack adequate space and facilities for play and outdoor activities. Confining most of the school time in a small room is detrimental for proper physical development of children.

**Availability of age-appropriate toys and play materials** that encourage movement plays a significant role in the physical development of children. Therefore, it is essential to ensure that such toys and materials are available in every ECD center.

The ECD curriculum outlines several activities to support the development of gross motor, fine motor, and sensory-motor skills in children aged 48 to 60 months. To effectively engage children in these activities, it is important to provide basic toys and play materials.

For gross motor development, essential materials include swings, see-saws, slides, climbing bars and planks, tunnels, balls, and bean bags of various sizes.

For fine motor development, materials such as wet sand, dough or clay, various types of paper and cardboard, pencils, crayons, chalk, paint, colored powder, glue, paste, scissors, recycled paper pieces, cloth pieces, dried beans, chickpeas (channa), beads, stones, seeds, sticks, corn cobs, string, thread, jute bags, and blunt needles are necessary.

For sensory-motor development, basic materials include small brushes, plastic pan scourers, different types of cloth, wooden or metal spoons, dishes, seeds, corn cobs, wet and dry sand, musical instruments, pots filled with seeds, boxes containing pebbles, cloth bags, and items with distinct smells and tastes such as garlic, ginger, asafoetida (hing), cardamom, incense, tincture, sugar, salt, and lemon.

**Encouragement from teachers and caregivers** plays a crucial role in supporting and guiding children's physical development in early childhood education (ECE) centers. A child who is never encouraged or guided to climb, draw, or play games may not reach their potential physical competence, even if they are capable.

By providing positive reinforcement, structured opportunities, and a nurturing environment, educators can motivate children to actively engage in both indoor and outdoor physical activities. Through praise, safe play opportunities, modeling, and individualized support, teachers and caregivers can significantly enhance children's physical development and overall well-being.

However, in Nepal, the importance of play and outdoor activities for young children is often overlooked. A strong emphasis on early literacy and the "three Rs" from a very young age can negatively impact children's proper physical development. Therefore, it is essential for every teacher and caregiver to provide encouragement and create an environment that supports all aspects of children's physical growth.

**Proper care and a supportive environment** are equally important for children's development. Encouragement from teachers and caregivers must be combined with an environment that fosters the development of gross motor, fine motor, and sensory-motor skills. A child will not be able to climb, draw, or play games unless he or she is given the opportunity to do so.

In Nepal, there is a tendency to overprotect children, especially when they are young. Children are often not encouraged to climb, crawl, handle objects, or play outdoors. In some ways, such behavior by parents and caregivers seems logical because safety is important. However, this does not mean that a child should be left alone to play with sharp objects or risk falling from heights. The real need is for parents and caregivers to carefully supervise children's activities and guide them to participate in various tasks that help develop their gross motor, fine motor, and sensory-motor skills.

## D. Tips for supporting healthy physical development

As discussed above, there are several compelling reasons why teachers and caregivers in an ECD center or classroom should give priority to the following points in order to support the physical development of young children. They are presented below.

### *Make nutrition an inseparable component of ECD program*

The teachers and caregivers need to give adequate priority to nutrition as an important component of ECD. No matter it is a full day long ECD program or only a few hours a day the program should include proper nutrition program that includes mid-day meal, close and regular monitions of nutritional status, supplementary nutrition according to the individual needs of every child, and provision of nutritional rehabilitation, if required. Involving parents is a must in implementing such a comprehensive nutrition program.

***Ensure provision of regular health service to all children enrolled in an ECD center/class***

Similar to the nutrition program the ECD center/class should also include health services to all children enrolled. The health program should include immunization, regular check up and screening of major childhood illness and diseases, maintaining health records of every child, provision of first aid treatment in case of any accident or illness, provision of treatment in the nearest health post or local health care service provers, and provision of referral to nearest hospitals for further treatment, if required. It is important to involve the parents and coordinate with the health service providers in this program.

It is important to keep in mind that every child has rights to health and nutrition services which is guaranteed by the constitution of Nepal.

***Provide daily opportunities for movement and active play***

One of the important points that the teachers and caregivers need to follow is to plan indoor and outdoor physical activities every day in his/her ECD center/classroom. For this it is important to integrate physical movement into daily routines. Moreover, the teacher and caregiver should always find the opportunity to turn learning into action such as including counting numbers while jumping and singing with actions. Similarly, including stretching, clapping or any other movements between lessons or topics of the activities. Try to follow play way methods in delivering lessons or classroom activities as far as possible.

It should include activities like running, jumping, climbing, balancing, hopping, throwing and catching balls, and dancing for gross motor skills development. Likewise, activities like drawing, coloring, cutting, pasting and using blocks, puzzles, beads, buttoning and clay for development of fine motor skills development. Similarly, activities like touch, sight, movement and play with sand, water, clay, and textured materials for sensory motor skills development.

***Create a safe and stimulating environment***

Creating a safe and stimulating environment for the physical development of young children is a basic requirement in an ECD center. To create such an environment, it is important to arrange the classroom in a way that allows children to move freely. Therefore, the number of children in the class should be carefully considered when organizing the space.

Moreover, it is necessary to provide age-appropriate and safe materials for children. Outdoor play equipment such as slides, see-saws, ladders, climbing nets, balance beams, and trampolines, as well as open space for walking, running, jumping, and dancing, are important for supporting children’s physical development. These facilities should always be placed in hazard-free areas to ensure children’s safety.

To create a safe and stimulating environment, teachers and caregivers should work together with the school administration and authorities to provide the necessary physical facilities, including age-appropriate toys and play materials.

***Be a role model***

As discussed above, the engagement of teachers and caregivers plays a crucial role in supporting and guiding children's physical development in early childhood education (ECE) centers. Whether the activities are related to gross motor or fine motor or sensory motor skills development the teachers and caregivers should always participate in games and exercises with children and act as role models. An ECD teacher and caregiver should always show positive attitude toward movement and demonstrate enthusiasm for physical activity. Their active participation encourages children to join in activities and helps promote healthy physical development.

## References


Government of Nepal. (2020). *National Strategy on Early Childhood Development 2020-2030.* Kathmandu: National Planning Commission Nepal.

Government of Nepal, (2077 BS). *Early Childhood Development and Education Curriculum 2077. (In Nepali)* Sanothimi, Bhaktapur: Curriculum Development Center, Ministry for Education, Science and Technology.

Government of Nepal. (2023). *National Health Sector Guiding Framework on Early Childhood Development. Kathmandu, Nepal*: Ministry of Health and Population, Department of Health Services, Family Welfare Division.

Myers, R. G. (1992). *The twelve who survive. Strengthening programmes of early childhood development in the third world. New York: Routledge.*

Nepal Multiple Indicator Cluster Survey 2024-25. https://publichealthupdate. com/nepal-multiple-indicator-cluster-survey-2024-25/. Retrieved 10/03/2026.

# Assistive Technology and Its Impact on Children with Disabilities in Nepal: Opportunities, Challenges, and Future Prospects

**Dr. Laxman Prasad Gnawali**

## Introduction

Children with disabilities (CWDs) are one of the most marginalized and vulnerable groups in the society. They are frequently faced with obstacles in accessing education, health, transport, speaking and communication and engagement in life in the community. These barriers are not only caused by impairments but are also primarily caused by inaccessible environments, insufficient services, discriminatory attitudes, and lack of access to support systems. Although the Constitution and policies promote inclusive education and social opportunities for children with disabilities, many remain excluded from health, education and social services in Nepal (UNICEF ROSA, 2021).

The total population of Nepal is estimated to be around 2. 2% of people living with any type of disability based on the Nepal National Population and Housing Census conducted in 2021 (Central Bureau of Statistics [CBS], 2023); however, experts have indicated that disability is under-reported because of stigma, lack of awareness and inappropriate data collection tools. There are also marked differences between rates of disability and school enrolment based on educational data. Nationwide, only 30,447 students with disabilities were enrolled in Grades 1–8 during the 2024/25 school year, which is close to 0. 57% of all students enrolled during the school year (CEHRD Flash I Report 2081, 2024/25). The gap in this measure reflects that there are many children with disabilities not in school or not formally identified in the school system.

Assistive technology (AT) has become an enabling resource in this context for inclusion and equal opportunities. Assistive technology is any product, equipment, software or service system used by individuals to maintain or improve their abilities and independence (World Health Organization [WHO] & UNICEF, 2022). Assistive technology helps a child with a disability learn, communicate, move and take care of themselves, as well as participate in society. Some examples are wheelchairs, hearing aids, braille devices, screen readers, speech generating devices, and digital learning applications.

Accessibility to suitable AT brings positive educational results, strengthens independence, improves social inclusion and boosts employment and community participation possibilities in the long term, as shown in the research (WHO & UNICEF, 2022). However, in Nepal, availability of AT is not uniform, especially in the remote and rural regions and for children. This article focuses on the role of AT in the improvement of the life of a child with disability in Nepal, challenges faced and future prospects of making a more inclusive society.

## Understanding Assistive Technology

Assistive technology is defined as "the application of organized knowledge and skills used to assistive products, systems, and services that enhance the functioning and independence of people with disabilities" (WHO & UNICEF, 2022). As the use of AT becomes more common in society, it is increasingly considered a human rights and development concern rather than just a medical intervention for participation in education, employment and social life.

Assistive technology encompasses a wide range of products and services that can be used to overcome functional limitations in mobility, vision, hearing, cognition, communication and self-care. The availability of suitable assistive technology is important for children as it is a period of critical physical, cognitive and social development. The consequences of this lack of access can have a lifetime impact on educational attainment, employment opportunities and quality of life (UNICEF & WHO, 2015).

## Mobility Aids

Mobility aids can be used to help children with movement or physical functioning issues. These include wheelchairs, walkers, crutches, prosthetics, orthotics, and adaptive seating. These devices enable children to attend school, to join in recreational and social activities and to be more involved in the life of the family or their community. It has been demonstrated that mobility devices are an effective tool for enhancing independence and caregiver burden, especially for children with physical disabilities (WHO & UNICEF, 2022).

## Listening and Communication Devices

A variety of technologies, including hearing aids, cochlear implants, speech-generating devices, augmentative and alternate communication (AAC) systems, and applications to learn sign language, can help children with hearing and communication impairment. These technologies facilitate effective communication and help with language development, educational participation and social interaction.

One such initiative in Nepal is the launch of the Nepali text-to-speech software Dina (2024) by UNICEF and ATscale. This is free voice technology that is now digitally available to make it easier for people with visual impairment to access information, and is an example of the increasing use of locally adapted assistive technologies to support inclusion (UNICEF Nepal, 2024).

## Visual Assistance Technologies

Children with visual impairments need special equipment to be able to access information and education. Examples are Braille books, Braille displays, screen reading software, magnification software, audio books, and optical aids. The technologies will enable children to attend mainstream school and acquire literacy skills that are similar to those of their classmates.

With the development of digital technology, there are new opportunities for visually impaired students in Nepal. Access to screen-reading software and accessible digital content is becoming

a more integral part of learning and communication, but is not easily available in rural areas (UNICEF ROSA, 2021).

## Educational Technologies

The educational assistive technologies encompass text-to-speech software, speech-to-text applications, adaptive keyboard, interactive learning applications, accessible e-learning platforms or special education software. The technologies serve a range of learning needs and facilitate individualized learning for children with disabilities.

Educational technologies have proven to enhance classroom engagement, learning, and academic performance for children with disabilities in the global context (UNICEF & WHO, 2015). Their role was especially noticeable in Nepal's context during the COVID-19 pandemic when digital learning platforms offered alternative learning streams due to the many hardships in accessing formal education.

The situation of the disabled children in Nepal is discussed. The situation of children with disability in Nepal is discussed.

Nepal has seen a significant improvement in legal and policy developments in support of people with disabilities. The Constitution of Nepal (2015) provides for the equality, non-discrimination and right to education for all citizens including persons with disabilities. The Rights of Persons with Disabilities Act 2017 also reiterates these commitments by making accessibility, inclusion, and equality of participation as fundamental rights.

Despite these developments, children with disabilities still face significant challenges. The prevalence of disability in Nepal is around 2. 2%, based on National Population and Housing Census 2021 conducted by Central Bureau of Statistics (CBS) (CBS, 2023). But school roll is still well below average. The Flash I Report 2081 (2024/25) showed only 30,447 students with disabilities enrolled in Grades 1-8 across the country, indicating a high level of under-identification and under-representation of those students in educational opportunities (CEHRD, 2025).

In the rural and remote areas, educational inequities are evident in many schools where infrastructure is not accessible, learning materials are limited and teachers are not trained. UNICEF's Disability-Inclusive Education Profile for Nepal indicates that there are still gaps in the provision of assistive devices, resource classrooms and disability-inclusive teaching in many schools (UNICEF ROSA, 2021).

Furthermore, social stigma and cultural misconceptions continue to affect children with disabilities and their families. Some children remain hidden at home due to discrimination, while others experience bullying and exclusion within schools and communities. Girls with disabilities often face compounded disadvantages arising from both gender and disability-related discrimination (UNICEF ROSA, 2021).

The limited availability of assistive technology further exacerbates these challenges. A recent study estimating assistive device needs in Nepal found that more than 114,000 school-enrolled

children with hearing and visual impairments require basic assistive devices, with an estimated investment need exceeding NPR 920 million (Khadka et al. , 2025). These findings underscore the urgent need for expanded access to affordable and appropriate assistive technologies across the country.

## References


Central Bureau of Statistics. (2023). National Population and Housing Census 2021: National report. Government of Nepal.

Centre for Education and Human Resource Development (CEHRD). (2025). Flash I Report 2081 (2024/25). Government of Nepal.

Khadka, N. , et al. (2025). Assistive Device Needs for Children with Disabilities in Nepal. Journal of Health Promotion.

UNICEF. (2024). UNICEF and ATscale launch Nepali text-to-speech digital voice "Dina" to enhance accessibility.

UNICEF & World Health Organization. (2015). Assistive Technology for Children with Disabilities: Creating Opportunities for Education, Inclusion and Participation.

UNICEF Regional Office for South Asia. (2021). Disability-Inclusive Education Practices in Nepal.

World Health Organization & UNICEF. (2022). Global Report on Assistive Technology.

# प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्था

**युवराज अधिकारी**

निर्देशक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**लेखसार** (**Abstract**)

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय शिक्षाको आधारभूत स्तम्भ हो । यसको प्रभावकारी र व्यवस्थित रूपमा कार्यान्वयनका लागि यससम्बन्धी नीतिगत र कानुनी व्यवस्था, पाठ्यक्रमको संरचना र सिकाइ प्रक्रिया तथा कार्यान्वयनको वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । गर्भावस्थादेखि ८ वर्षसम्मको अवधि मानव मस्तिष्कको सबैभन्दा बढी विकास हुने महत्त्वपूर्ण समय भएकाले यस चरणमा गरिने लगानीले जीवनपर्यन्त प्रभाव पार्ने तथ्यलाई जोड दिइएको छ । नेपालको सन्दर्भमा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति र प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक र भाषिक विकास तथा आधारभूत सिप र विषयगत सिप सिकाइका क्षेत्रलाई एकीकृत रूपमा समेट्न खोजेको छ । यद्यपि शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO, २०२४) को तथ्याङ्कअनुसार केवल ४९.१% बालबालिका मात्र कक्षा १ का लागि पूर्ण रूपमा तयार (On track) देखिएका छन्, जसले विद्यालय तयारी (School Readiness) मा रहेको खाडललाई उजागर गर्छ । लेखमा प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नीतिगत तथा कानुनी प्रावधान, नेपालको वर्तमान प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम र यसका सबल पक्ष, प्रारम्भिक बालविकास केन्द्र र पाठ्यक्रम कार्यान्वयनको अवस्था, कक्षा १ मा विद्यार्थीको विद्यालय तयारीको अवस्था, प्रारम्भिक बालविकास तथा शिक्षा क्षेत्रमा देखिएका समस्या र यसको प्रभावकारी कार्यान्वयनका उपायलाई प्रस्तुत गरिएको छ ।

**मुख्य शब्दावली**: *प्रारम्भिक बालविकास तथा शिक्षा (ECDE), सर्वाङ्गीण विकास, एकीकृत सिकाइ, सक्षमतामा आधारित पाठ्यक्रम, विद्यालय तयारी*

## विषय प्रवेश

बालबालिकाको समग्र विकासको आधारभूत चरण प्रारम्भिक बालविकास तथा शिक्षा हो । जीवनको प्रारम्भिक वर्षहरूमा प्रदान गरिने शिक्षा र अनुभवले बालबालिकाको भाषिक, संज्ञानात्मक, सामाजिक, संवेगात्मक र शारीरिक विकासमा दीर्घकालीन प्रभाव पार्छ (Shonkoff & Phillips, २०००) । नेपालको शैक्षिक प्रणालीमा प्रारम्भिक बालविकास तथा शिक्षा (Early Childhood Development and Education –ECDE) कार्यक्रमलाई विद्यालय शिक्षाको आधारभूत पूर्वाधारका रूपमा स्वीकार गरिएको छ । नेपाल सरकारबाट ECDE पाठ्यक्रम २०७७ मा स्वीकृत गरी लागू गरिएको सन्दर्भमा यस पाठ्यक्रमलाई समसामयिक बनाउने उद्देश्यले अद्यावधिक तथा परिमार्जन गरी स्वीकृतसमेत गरिएको छ । यस पाठ्यक्रमले एकीकृत सिकाइ, बालकेन्द्रित, खेलमा आधारित र समावेशी शिक्षालाई प्राथमिकता दिएको छ ।

## पृष्ठभूमि

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय शिक्षाको जग हो । जग बलियो भयो भने घर बलियो हुन्छ भनेझैँ प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गरी कक्षा १ का लागि तयारी बनाउन सकियो भने विद्यालय शिक्षाको अन्य कक्षा र तहमा पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि सहज रूपमा हासिल गराउन सकिन्छ । यस सम्बन्धमा नेपालमा संविधान, शिक्षा नीति, विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, आवधिक योजना, शिक्षासम्बन्धी ऐन कानुन, पाठ्यक्रम तथा प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले जोड दिएको पाइन्छ । नेपालको संविधान, राष्ट्रिय कानुन तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवा सहजताका साथ उपलब्ध गराई उनीहरूको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकारले प्रतिबद्धता जनाएको छ । स्नायु विज्ञानसम्बन्धी भएको विभिन्न अनुसन्धानअनुसार जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने भएकाले बालबालिकाको वृद्धि र विकासका लागि प्रारम्भिक बाल्यावस्था महत्त्वपूर्ण रहेको हुन्छ । युनिसेफ (२०१६) ले प्रकाशित गरेको प्रतिवेदनअनुसार तीन वर्षको उमेरमा एउटा शिशुको मस्तिष्क वयस्कको मस्तिष्कभन्दा दुई गुणा बढी क्रियाशील हुन्छ भने न्युरोनहरूले ७०० देखि १००० प्रति सेकेन्डका दरमा नयाँ सम्पर्क स्थापित गरिरहेका हुन्छन् । यसले बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्य, उनीहरूको जीवनभरिको सिकाइ र परिवर्तन अनुकूल हुने क्षमताका साथै मनोवैज्ञानिक प्रतिरोध क्षमता निर्धारण गर्छ । हेकम्यान (२०००) को अध्ययनअनुसार पोसिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक कुरा हुन् । यस उमेरमा पाउने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा वृद्धि भई बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसर प्राप्त भइरहेका हुन्छन् । प्रारम्भिक उमेरमा बालबालिकाको समग्र विकासका लागि लगानी गरिएमा त्यसको प्रतिफल धेरै गुणा बढी आउने कुरा विभिन्न अध्ययन तथा अनुसन्धानबाट पुष्टि भइसकेको छ । यसले प्रारम्भिक बालविकास उमेर (गर्भावस्थादेखि ८ वर्षसम्म) का विशेष गरी विषम परिस्थितिमा रहेका तथा विशेष संरक्षण आवश्यकता भएका बालबालिकाका लागि रेखदेख, राम्रो स्वास्थ्य, पोषण र प्रोत्साहनको महत्त्वलाई उजागर गर्छ । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण र अन्य सेवाहरू सम्बन्धित विषयगत मन्त्रालयहरू तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विभिन्न कार्यक्रममार्फत प्रदान गर्रिंदै आएका छन् । बालबालिकाका लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रम अन्तरमन्त्रालय समन्वयको अभावमा एकीकृत रूपमा सञ्चालन नहुँदा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाको अपेक्षित रूपमा सर्वाङ्गीण विकास हुन सकेको छैन ।

प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकासम्म अपेक्षित उपलब्धि हासिल गराउन एकीकृत रूपमा पुऱ्याउन सङ्घ, प्रदेश र स्थानीय तहका सबै निकायबिच समन्वय, सहकार्य र साझेदारी अत्यन्त आवश्यक छ ।

प्रारम्भिक बालविकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरकारी, निजी तथा गैरसरकारी संस्थाहरूको सक्रिय सहभागिता, सहयोग र प्रतिबद्धता खाँचो पर्छ। प्रारम्भिक बालविकास तथा शिक्षाको सम्बन्धमा विभिन्न नीति कानुन, योजना र कार्यक्रमले समावेश गरेका पक्षको प्रभावकारी कार्यान्वयन गराउनका लागि पाठ्यक्रमले मुख्य भूमिका खेलेको हुन्छ। यसका लागि नेपालमा बालबालिकाबाट अपेक्षा गरिएका सक्षमता हासिल गराउने गरी प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई समसामयिक, जीवनोपयोगी र समयानुकूल बनाउने प्रयास गरिएको छ। साथै प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित, सङ्गठनात्मक र प्रक्रियागत तथा कार्यान्वयगत पक्षलाई प्रभावकारी बनाउन नीतिगत र कानुनी व्यवस्था गरिएको छ।

## प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नीतिगत र कानुनीगत प्रावधान

**नेपालको संविधान**: नेपालको संविधानले मौलिक हकअन्तर्गत प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने र बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लेख गरेको छ।

**राष्ट्रिय शिक्षा नीति २०७६** : यस नीतिले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्य तय गरेको छ भने उक्त उद्देश्य पूरा गर्नका लागि उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने र तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीतिहरु निर्धारण गरेको छ। यसले नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने र प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्ने नीतिगत व्यवस्था गरेको छ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** : चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने र चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न प्रारूपले जोड दिएको छ। यस प्रारूपले प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्ने उल्लेख गरेको छ। यसका साथै यस प्रारूपले प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम विकास गर्दा बालबालिकाको उमेरगत

विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार गर्न जोड दिई यस तहमा बालबालिकाले आफ्नो मातृभाषामा सिक्ने अवसर प्राप्त गर्ने पक्षमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको छ।

**प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति** (२०७७–२०८८) : मानव जीवनको सुरुवाती वर्षमा मस्तिष्कको विकास सबैभन्दा तीव्र गतिमा हुने हुदाँ सो अवधिमा गरिने लगानी मानव जीवनका लागि महत्त् वपूर्ण हुने हुँदा गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्न प्रार म्भिक बालविकास राष्ट्रिय रणनीति तर्जुमा भएको छ। यस रणनीतिले सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास गर्ने दूरदृष्टि तय गरेको छ। प्रारम्भिक बालविकासलाई बालअधिकारको अभिन्न अङ्गको रूपमा आत्मसात गरी बालबालिकाको सर्वाङ्गीण विकासका लागि उनीहरूको उमेर अनुसारको सेवाको सुनिश्चितता गर्ने, सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवा एकीकृत रूपमा प्रदान गर्ने, सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गने ' जस्ता महत्त्वपूर्ण क्षेत्रमा यस रणनीतिले जोड दिएको छ। प्रारम्भिक बालविकास बहुपक्षीय सरोकार को विषय रहेकाले यस रणनीति अनुरूप सङ्घ, प्रदेश तथा स्थानीय तह, गैर सरकारी र निजी क्षेत्रबीच समन्वय स्थापित भई बालबालिकाको सर्वाङ्गिण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षणका कार्यक्रम एकीकृत रूपमा सञ्चालन हुने कुरामा यसले जोड दिएको छ। (रायो आ,२०७७)

**शिक्षा ऐन**, २०२८ (**आठौं संशोधन**) : शिक्षा ऐन, २०२८ को दफा २ को खण्ड (क) ले चार वर्षको उमेर पूरा गरे का बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालविकासको शिक्षा भनी प्रारम्भिक बालविकास र शिक्षालाई परिभाषित गरेको छ।

**स्थानीय सरकार सञ्चालन ऐन**, २०७४ : स्थानीय तहले ऐनको दफा ११ मा आधारभूत र माध्यमिक शिक्षाअन्तर्गत गर्ने काम, कर्तव्य र अधिकारअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्न सक्ने व्यवस्था गरि एको छ भने दफा १२ मा वडा समितिले गर्ने कार्यअन्तर्गत शिशु स्याहार तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने प्रावधान गरिएको छ।

**बालबालिकासम्बन्धी ऐन**, **२०७५** : बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १५ मा शिक्षाको अधिकार अन्तर्गत यस ऐनले ६ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तरअनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बालविकासको अधिकार हुने कुरा उल्लेख गरेको छ। यसै गरी प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्थाअनुसार प्रचलित कानुनबमो जिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकारमा जोड दिएको छ।

**विद्यालय शिक्षा क्षेत्र योजना** (२०७९–२०८८) : यस योजनाले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासमा

चार वर्ष उमेरका सबै बालबालिकाको पहुँच तथा सहभागिता भएको तथा तह पूरा गरेको सुनिश्चित गर्नु र प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहभागी चार वर्षका सबै बालबालिकाहरुमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु उद्देश्य र ाखेको छ । यस योजनाले पाँच वर्ष पुग्दा सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको र शिक्षा, स्वास्थ्य, पोषण र बाल सुरक्षासम्बन्धी एकीकृत सेवामा पहुँच वृद्धि गर्दै प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र विकासका सूचकमा सुधार हुने अपेक्षा गरेको छ ।

**सोह्रौं आवधिक योजना** (२०८१ । ८२–२०८४ । ८५) : सोह्रौं आवधिक योजनाले प्रारम्भिक बालविकासदे खि नै सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवम् जीवनोपयो गी बनाउने र प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी कार्यक्रमलाई सबै स्थानीय तहसम्म पुर्याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने पक्षमा जोड दिएको छ ।

### नेपालको प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रम २०७७ (परिमार्जित २०८२)

शिक्षा ऐनको आठौं संशोधनअनुसार प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम बालबालिकाको उमेर गत विकासात्मक पक्षलाई ध्यान दिई सर्वाङ्गीण बालविकास तथा एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ । यस तहमा बालबालिकाले आफ्नो मातृभाषामा सिक्ने अवसरमा जोड दिइएको छ । बालबालिकाको सर्वाङ्गीण विकास गर्दै उनीहरूलाई सिकाइमा प्रेरित गरी सिकाइका लागि आधारशिला खडा गर्ने प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमको लक्ष्य राखिएको छ । विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र एकीकृत सिकाइ विधिको माध्यमबाट सिकाइमा प्रेरित गरी कक्षा १ मा प्रवेशका लागि तयार पार्नु पाठ्यक्रमका प्रमुख उद्देश्यको रूपमा राखिएका छन् ।

### वर्तमान प्रारम्भिक बालविकास तथा शिक्षा पाठ्यक्रमका सबल पक्ष

(क) **सक्षमतामा आधारित पाठ्यक्रम**: विषयवस्तुको आधारभूत जानकारी, आधारभूत र विषयगत सिप विकास, सिकेका अनुभवहरुको व्यवहारमा प्रयोग, विषयवस्तुको उपयोग र महत्त्वबोध तथा रूपान्तरित सिकाइलाई समेटेर सक्षमतामा आधारित सिकाइ हुने गरी सक्षमता र एकीकृत सिकाइमा सिद्धान्तको आधारमा पाठ्यक्रम विकास गरिएको छ ।

(ख) **समय व्यवस्थापन**: पाठ्यक्रमले दैनिक रूपमा विद्यालयमा गरिने सुरुवाती क्रियाकलापसहित समय ४ घण्टा ३० मिनेट निर्धारण गरेको छ । यसले आधारभूत सिप सिकाइका लागि ३८४ घण्टा र विषयगत सिप सिकाइका लागि १९२ घण्टा तथा दैनिक कम्तिमा १ घण्टाका लागि आराम, खेलकुद, मनोरञ्जनात्मक क्रियाकलाप गरी वर्षभरिमा यसका लागि २५६ घण्टा गरी वार्षिक ८३२ कार्यघण्टा र वार्षिक १९२ दिन समय निर्धारण गरेको छ ।

(ग) **सिप सिकाइका क्षेत्र र उपलब्धिको व्यवस्थापनः** पाठ्यक्रमले प्रारम्भिक बालविकास तथा शिक्षामा आधारभूत सिप सिकाइका लागि छओटा क्षेत्रः (क) शारीरिक सिप (ख) संवेगात्मक सिप (ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप (घ) बौद्धिक तथा मानसिक सिप (ङ) स्वास्थ्य, पोषण, सुर क्षा र वातावरण सिप (च) सिर्जनात्मक सिप निर्धारण गरेको छ। त्यसै गरी विषयगत सिप सिकाइका लागि पाँचओटा क्षेत्रः (क) भाषिक सिप (ख) पूर्वगणितीय सिप (ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता (घ) वरपरको वातावरण र (ङ) सामाजिक सिप निर्धारण गरेको छ । पाठ्यक्रमले आधारभूत सिप सिकाइसँग २६ ओटा मुख्य सिकाइ उपलब्धि र विषयगत सिप सिकाइसँग सम्बन्धित ३१ ओटा सिकाइ उपलब्धि निर्धारण गरेको छ ।

(घ) **एकीकृत सिकाइ विधिः** यस पाठ्यक्रमले एकीकृत सिकाइ हुने गरी आठओटा मुख्य विषयक्षेत्र र २८ ओटा उपक्षेत्र वा पाठमा आधारभूत सिकाइ र विषयगत सिप सिकाइका क्षेत्रलाई समेट्ने गरी एकीकृत सिकाइ सहजीकरण गर्ने गरी विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरेको छ ।

(ङ) **बालमैत्री शिक्षण विधिः** पाठ्यक्रमले बालमैत्री शिक्षण विधिलाई प्राथमिकता दिएको छ । यसले क्रियाकलापमा आधारित र खोजमूलक सिकाइलाई प्रोत्साहित गर्छ । पाठ्यक्रमले खेल, कथा, चित्रकथा, गीत, अभिनय, नाटक, प्रयोगात्मक तथा परियोजना कार्य, सङ्गीत, चित्रकला आदि माध्यमबाट सिकाइ गराउने पक्षलाई प्राथमिकता दिएको छ । यसले रटाइभन्दा पनि अनुभव र अभ्यासमार्फत सिक्ने वातावरणको परिकल्पना गरेको छ ।

(च) **औपचारिक र निरन्तर मूल्यात्तन प्रणालीः** पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीको अवधारणा अघि सारेको छ । यसअन्तर्गत बालबालिकाको प्रगतिको नियमित अवलोकन, अभिलेखीकरण र प्रतिक्रिया प्रणालीलाई जोड दिइएको छ । यसले अनौपचारिक मूल्याङ्कन र सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्नेमा जोड दिएको छ । मूल्याङ्कनलाई व्यवस्थित र सर लीकरण गर्नका लागि विकासका क्षेत्र, सिपका क्षेत्रहरु, विशिष्ट पक्ष, मानक र सूचक तथा सिकाइको स्तरलाई विशिष्टीकृत गरिएको छ ।

## नेपालमा प्रारम्भिक बालविकास केन्द्रको वर्तमान अवस्था र समस्या

प्रारम्भिक बालविकास केन्द्रको अवस्था, पाठ्यक्रम कार्यान्वयनको अवस्था, विद्यार्थीको विद्यालयको तयार ीको अवस्था तथा यस क्षेत्रमा देखा परेका समस्याका लागि प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, तालिमको अनुभव र शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कक्षा १ का लागि विद्यार्थी कत्तिको तयार रहेछ भनी गरिएको अनुसन्धान प्रतिवेदन २०२४ लाई आधारमा मानी निम्नानुसार उल्लेख गरिएको छ ।

(क) **एकीकृत सिकाइ विधिः** वर्तमान प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमले एकीकृत सिकाइ विधिमा जोड दिएको छ र यसका लागि आठओटा मुख्य विषय क्षेत्र र ५७ ओटा उपक्षेत्रको माध्यमबाट आधारभूत र विषयगत सिप विकास गर्न खोजिएको छ तर यसका लागि एकीकृत सिकाइ सहजीकरण

गर्ने क्रियाकलाप समावेश गर्न नसक्दा कार्यान्वयनमा जटिलता देखिने सम्भावना छ।

(ख) **पाठ्यक्रम कार्यान्वयनको अवस्था**: पाठ्यक्रम सिकाइको मेरुदण्ड हो र पाठ्यक्रममा आधारित सिकाइ क्रियाकलाप गराउनुपर्छ भन्ने मान्यता विश्वव्यापी अवधारणा हो । सिकाइ क्रियाकलाप र योजना निर्माणको क्रममा प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमको प्रयोग गर्ने बालविकास केन्द्र ४७.९% रहेका छन् भने ३३% बालविकास केन्द्रले प्रारम्भिक सिकाइ तथा विकास स्तर मापदण्डलाई कक्षाकोठामा प्रयोग गर्ने गरेका छन् (ERO, २०२४) । यसले पाठ्यक्रममा आधारित सिकाइको मर्मलाई कार्यान्वयन गर्न नसकेको देखिन्छ।

(ग) **विद्यार्थीको विद्यालय तयारीको अवस्था**: सामुदायिक तथा संस्थागत विद्यालयमा भर्ना भएका विद्यार्थी कत्तिको कक्षा १ मा तयारी भएर आएका रहेछन् भनी गरिएको अनुसन्धानले शारीरिक, संज्ञानात्मक, भाषिक र सामाजिक तथा संवेगात्मक विकासको दृष्टिले विद्यार्थीको विद्यालय तयारी (School Readiness) को अवस्था हेर्दा ४९.१% विद्यार्थी कक्षा १ का लागि तयार अवस्था (on track) मा रहेका, ४५.३% विद्यार्थी प्रगतिशील अवस्था (Progressing) मा रहेका र ५.६% विद्यार्थी सङ्घर्षशील (Struggling) अवस्थामा रहेका छन् (Education Review Office, २०२४) । यस तथ्याङ्कले के देखाउँछ भने कक्षा १ का लागि जुन रूपमा विद्यार्थी तयारी भएर आउनुपर्थ्यो त्यो नहुँदा कक्षा १ को पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन कठिन देखिन्छ जसले दीर्घकालीन रूपमा माथिल्लो कक्षाको सिकाइलाई अवरोध सिर्जना गर्छ।

(घ) **तालिम**: प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत शिक्षकको पेसागत विकासका लागि टिपिडीको ढाँचामा क्षमता विकासका कार्यक्रम शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह तथा गैरसरकारी सङ्घ संस्थाहरुबाट भइरहेको छ । यी तालिमले बालविकास सहजकर्तालाई सहजीकरणमा केही हदसम्म सहयोग गरेको देखिए तापनि प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम र मापदण्डबमोजिमको व्यावहारिक र प्रयोगात्मक तालिमको अभाव देखिएको छ र सेवाकालीन तालिमको प्रभाव कम देखिन्छ (ERO, २०२४) ।

(ङ) **सर्वाङ्गीन विकास**: बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक, भाषिक तथा संवेगात्मक र नैतिक पक्षको विकासका लागि खेल विधि, बालकेन्द्रित सिकाइ विधि र तरिकाबाट सिकाइ सहजीकरण क्रियाकलाप गराउनुपर्ने मान्यता छ। यसको विपरित प्राज्ञिक ज्ञान र सिप तथा गृहकार्यमा बालविकास केन्द्रले जोड दिएको देखिन्छ र अभिभावकले समेत यसलाई प्राथमिकतामा राखेको देखिन्छ जुन प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम र प्रारम्भिक सिकाइ तथा विकास स्तर मापदण्ड (Early Learning and Development Standard–ELDS) को विरुद्धमा छ (ERO, २०२४) ।

(च) **बालविकास केन्द्रका सहजकर्ताको योग्यता**: विश्वका धेरै जसो मुलुकमा बालविकास केन्द्रमा सहजीकरण गर्ने सहजकर्ताका लागि न्यूनतम योग्यता स्नातक राखेको पाइन्छ। नेपालमा अझै पनि यसको योग्यता

कक्षा १० मात्र रहेको छ। अनुसन्धानले समेत कक्षा १० मात्र योग्यता भएका सहजकर्ताले भन्दा कक्षा १२ र सो भन्दा बढी योग्यता भएका सहजकर्ताले सहजीकरण गरेको विद्यालयको सर्वाङ्गीण विकास (शारीरिक, संज्ञानात्मक, भाषिक, सामाजिक तथा संवेगात्मक) को अवस्था राम्रो देखाएको छ (ERO, २०२४)।

(छ) **नीति अस्पष्टता**: शिक्षा ऐन २०२८ को आठौं संशोधनले ४ वर्ष पूरा गरेका बालबालिकाका लागि १ वर्षे प्रारम्भिक बाल शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरेको छ। त्यसै गरी शिक्षा नियमावली २०५९ ले ४ वर्ष पूरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा बौद्धिक शिक्षा दिनका लागि शिशु विकास केन्द्र खोल्न सकिने प्रावधान राखेको छ। सामुदायिक विद्यालयले १ देखि २ ओटा तह सञ्चालन गरेको देखिन्छ। यस किसिमको नीतिगत अस्पष्टता र कार्यान्वयनको अवस्थाले प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा बाधा परेको देखिन्छ।

(ज) सिकाइ कुनाको व्यवस्थापनः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको उपाय सिकाइ कुनाको व्यवस्थापन हो। ELDS ले छओटा सिकाइ कुना (भाषिक, गणितीय, खेल तथा अभिनय, विज्ञान, सिर्जनात्मक र निर्माण) को व्यवस्था गरी पाठ्यक्रम र मापदण्डअनुसार सिकाइ सहजीकरण गर्नुपर्ने प्रावधान गरिएको छ। अनुसन्धानको प्रतिवेदनअनुसार १२.७% बालविकास केन्द्रमा सिकाइ कुना नै नभएको, ८७.५% सिकाइ कुना भएको तर सबै सिकाइ कुना नभएको र ३.४% बालविकास केन्द्रमा छ ओटै सिकाइ कुना पर्याप्त सामग्रीसहित रहेको पाइएको छ (ERO, २०२४)।

## प्रारम्भिक बालविकास तथा शिक्षालाई प्रभावकारी बनाउने उपाय

(क) **प्रारम्भिक बालविकाससम्बन्धी स्पष्ट कानुनी प्रावधानको व्यवस्था गर्ने**: शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा गरिएको कक्षा १ मा विद्यार्थीको विद्यालय तयारी सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदनअनुसार सामुदायिक विद्यालयमध्ये एउटा तहमा मात्र ईसीईडी कक्षा सञ्चालन गर्ने ८३.९%, दुईओटा तहमा ईसीईडी कक्षा सञ्चालन गर्ने विद्यालय ८.४%, तीनओटा तहमा ईसीईडी कक्षा सञ्चालन गर्ने विद्यालय ५.४% र चारओटा तहमा ईसीईडी कक्षा सञ्चालन गर्ने विद्यालय २.३% रहेका छन्। त्यसै गरी संस्थागत विद्यालयको अवस्था हेर्दा यो प्रतिशत क्रमशः ६.५%, ३.७%,४७.५% र ४२.३%, रहेको छ। त्यसकारण फरक फरक विद्यालयले आफ्नो इच्छानुसार फरक फरक तहका चलाउनाले अन्योल देखिएको हुँदा अध्ययन प्रतिवेदनले दिएको सुझावअनुसार चार वर्ष पूरा नभएकालाई एउटा तह र चार वर्ष पूरा भएकालाई प्रारम्भिक बालविकास केन्द्रमा पढ्न पाउने गरी जम्मा दुई तहको ईसीईडीको प्रावधान शिक्षा ऐनमा स्पष्ट रूपमा व्यवस्था गरी सोअनुसार कार्यान्वयन गर्नै पर्ने नियम लागु गर्नुपर्छ (ERO, २०२४)।

(ख) **राष्ट्रिय मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने** : बालमैत्री राष्ट्रिय प्रारूप २०६७, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, प्रारम्भिक बालविकास तथा शिक्षा

पाठ्यक्रम २०७७ (परिमार्जित २०८२), प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति (२०७७-२०८८) को आधारमा हाल कार्यान्वयनमा रहेको बालविकाससम्बन्धी राष्ट्रिय मापदण्ड २०६७ (परिमार्जित २०७५) लाई समयसान्दर्भिक र व्यावहारिक मापदण्ड बनाउनुपर्छ। मापदण्डमा प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, सिकाइ कुना तथा खेल (सामग्री र स्थान), बालमैत्री शौचालय, स्वस्थ खानेपानी, बालबगैँचा र सिकाइ, शयन स्थल, भवन, कक्षाकोठालगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सहजकर्ताको योग्यता, सहजीकरण प्रक्रियासँग सम्बन्धित विभिन्न पक्ष समावेश गरी कार्यान्वयन गर्नुपर्छ र तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाउनुपर्छ।

(ग) **साझेदारीमा बालविकास केन्द्र स्थापना गरी सञ्चालन गर्ने** : स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकालाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीसहितको बालउद्यान निर्माण गर्नुपर्छ। विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास कक्षा विद्यालयको हाताभित्र छुट्टै भौतिक संरचना खडा गरी सञ्चालन गर्नुका साथै विद्यालय टाढा भएका कारण बालविकास कक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकको विद्यालयको समन्वयमा समुदायस्तरमा वैकल्पिक प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने व्यवस्था स्थानीय तहबाट मिलाउनुपर्छ। चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्षे प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्छ।

(घ) **नक्साङ्कनको आधारमा बालविकास केन्द्रको स्थापना र पहुँचको सुनिश्चितता** : दुर्गम, पिछडिएको क्षेत्र र सीमान्तकृत समूहका बालबालिकाको समेत पहुँच सुनिश्चित गरी आवश्यकताको आधारमा हालको बालविकास केन्द्रहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गर्नुपर्छ। आर्थिक रूपले विपन्न अपाङ्गता भएका, आर्थिक रूपले विपन्न दलित र आर्थिक रूपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका लागि निःशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नुपर्छ। पाँच बर्षभन्दा कम उमेरका बालबालिकाको स्याहार, पोषण र स्वास्थ्य विकासका लागि अभिभावकको लगानीमा विद्यालयभित्र वा बाहिर बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था मिलाउनुपर्छ।

(ङ) **योग्य र दक्ष शिक्षकको व्यवस्थापन गर्ने** : प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्छ। School Readiness च्भउयचत, २०२४ अनुसार न्यूनतम योग्यता कक्षा १० भएका सहजकर्ता भन्दा कक्षा १२ वा सोभन्दा बढी योग्यता भएका सहजकर्ताले अध्यापन गरेका बालबालिकाको सर्वाङ्गीण बालविकासको उपलब्धि राम्रो देखिएकाले प्रारम्भिक बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् यो

ग्यता एसएलसी (१२ कक्षा वा सो सरह) हुने गरी कानुनी व्यवस्था मिलाउनुपर्छ र विकसित देशमा जस्तो न्यूनतम योग्यता क्रमशः स्नातक बनाउनुपर्छ । प्रारम्भिक बालविकास कक्षामा अध्यापन तथा सहजीकरण गरिरहेका तर तोकिएको योग्यता नपुगेका शिक्षकहरूको योग्यता बढाउन नियमित तथा विशेष प्रशिक्षण कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था मिलाउनुपर्छ । प्रारम्भिक बालविकास शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्छ । त्यस्ता शिक्षकको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्छ ।

(**च**) **अभिभावक शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्ने** : बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त अभिभावकलाई प्रेरित गर्न स्थानीय तहका शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका निकायहरूको संयुक्त सहभागितामा अभिभावक जागरण कार्यक्रम सञ्चालन गर्नुपर्छ । अभिभावकलाई प्राज्ञिक ज्ञान, रटन्ते सिकाइ र गृहकार्यभन्दा शारीरिक, भाषिक, संज्ञानात्मक, सामाजिक र संवेगात्मक विकासका क्रियाकलापमा जोड दिनुपर्ने र त्यसका लागि घरमा उपयुक्त सिकाइ वातावरण बनाउनुपर्नेमा ध्यान दिनुपर्ने पक्षमा सचेतना प्रदान गर्नुपर्छ । School Readiness Report, २०२४ अनुसार बालबालिकाको सर्वाङ्गीण विकासमा समुदाय र अभिभावकको न्यून सहभागिता देखिएकाले यस सन्दर्भमा अभिभावक र समुदायको सहभागिता बढाउने खालका कार्यक्रम विद्यालय तथा स्थानीय तहले सञ्चालन गर्नुपर्छ र अभिभावक शिक्षालाई अभियानका रूपमा सञ्चालन गरिनुपर्छ ।

(**छ**) **मातृभाषामा सिकाइको व्यवस्थापन** : एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्न स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्छ । बालबालिकाले पहिलो पटक सिकेको भाषामा नै विद्यालयमा सिकाइ सहजीकरण गर्दा सहजै बालबालिकाले सिक्ने, बुझ्ने र अनुभव आदान प्रदान गर्ने भएको मातृभाषामा आधारित बहुभाषा शिक्षामा जोड दिनुपर्छ र मातृभाषामा सिकाइ सहजीकरण गर्ने तालिम सामग्री विकास गरी शिक्षकको पेसागत क्षमता विकास गरिनुपर्छ ।

(**ज**) **स्वास्थ्य, सरसफाइ र पोषण तथा सिकाइ कुना र सामग्रीको व्यवस्थापन गर्ने** : प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ । प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने खालका आवश्यक सामग्री व्यवस्था गर्नुपर्छ । प्रारम्भिक सिकाइ तथा विकासस्तर मापदण्डमा उल्लेखित छओटा सिकाइ कुना र उक्त सिकाइ कुनाका लागि आवश्यक सामग्रीको अनिवार्य व्यवस्थापन गर्नुपर्छ ।

(**झ**) **पेसागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने**: बालविकास केन्द्रको न्यूनतम मापदण्डअनुसार भौतिक र शैक्षिक पूर्वाधार, बालमनोवैज्ञानिक तथा सिकाइ वातावरणको समुचित व्यवस्थापन सम्बन्धमा

विद्यालयका प्रधानाध्यापकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसै गरी बालविकास सहजकर्ताका लागि बालबालिकाको उमेर, रुचि र चाहना, क्षमता र बालमनोविज्ञान तथा सिकाइ सिद्धान्तअनुसार बालमैत्रीपूर्ण वातावरण, खेल तथा कथा, कविता, गीत, अभिनय, चित्र कथा, सिकाइ सामग्रीको पहिचान, निर्माण र प्रयोग तथा सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी व्यावहारिक र प्रयोगात्मक खालको पेसागत क्षमता विकास हुने खालको तालिम सञ्चालन गर्नुपर्छ ।

(ञ) **सङ्गठनात्मक व्यवस्थापन र अनुगमन तथा सुपरिवेक्षणको व्यवस्थापन गर्ने** : प्रारम्भिक बालविकास सम्बन्धमा संघीय तहबाट नीति तथा मापदण्ड निर्धारण र समन्वय कायम गर्ने राष्ट्रिय शिक्षा परिषद् अन्तर्गत प्रारम्भिक बालविकास समन्वय समिति र स्थानीय तहमा गाउँ/नगर शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गर्नुपर्छ। बालविकास कक्षा तथा बालविकास केन्द्रको अनुगमन तथा निरीक्षणका लागि तहगत संयन्त्र विकास गर्नुका साथै सुपरिवेक्षकको क्षमता विकास गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, निर्माणात्मक मूल्याङ्कन सामग्री, प्रारम्भिक सिकाइ तथा विकास स्तर मापदण्डलगायतका सामग्रीको प्रयोग गरी सिकाइ सहजीकरण भए नभएको, सिकाइ सहजीकरणमा आइपरेका समस्या समाधानकोलागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र स्थानीय तहबाट नियमित रूपमा विद्यालयको भौतिक तथा डिजिटल अनुगमन र सुपरिवेक्षण तथा स्थलगत प्राविधिक सहायता प्रदान गर्ने संयन्त्र विकास गरी सहयोग गर्नुपर्छ ।

(ट) **निरन्तर र अनौपचारिक मूल्याक्तन प्रणाली कार्यान्वयन गर्ने**: अनावश्यक गृहकार्य दिने र परीक्षामा आधारित मूल्याङ्कनभन्दा निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ। सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्ने र बालबालिकाको सर्वाङ्गीण पक्ष (शारीरिक, संज्ञानात्मक, भाषिक, सामाजिक, संवेगात्मक र नैतिक पक्ष) को विकास भए नभएको निरन्तर र नियमित लेखाजोखा गरी हरेक पक्षको लेखाजोखा गरी अभिलेखीकरण गर्ने व्यवस्था हुनुपर्छ । यसका लागिः प्रारम्भिक सिकाइ मापदण्ड (ईएलडीएस) प्रतिवेदन कार्डको प्रभावकारी प्रयोग गर्ने, बालबालिकाको विकासको अवस्था अभिभावकलाई पारदर्शी रूपमा देखाउने पोर्टफोलियो, अवलोकन, अन्तरक्रियामा आधारित मूल्याङ्कनलाई प्रोत्साहन गर्नुपर्छ ।

## निष्कर्ष

प्रारम्भिक बालविकास र शिक्षा केवल विद्यालय शिक्षाको पूर्वतयारी मात्र नभई यो बालबालिकाको मौलिक हक र राष्ट्र निर्माणको दिगो आधारशिला पनि हो । नेपालको संविधान र विभिन्न राष्ट्रिय नीतिहरूले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखे तापनि नीति र व्यवहारबीच अझै ठुलो खाडल विद्यमान छ। बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा र प्रारम्भिक सिकाइका अवसरलाई एकीकृत रूपमा प्रदान गर्न नसक्दा लक्षित उपलब्धि हासिल हुन सकेको छैन। अनुसन्धानले देखाएअनुसार उच्च योग्यता (कक्षा १२ वा स्नातक) भएका शिक्षकले सहजीकरण गरेका बालबालिकाको विकास स्तर कक्षा १० उत्तीर्ण

शिक्षकले सिकाएका बालबालिकाको भन्दा उत्कृष्ट देखिएकाले शिक्षकको व्यावसायिकता र योग्यतामा लगानी गर्नु अनिवार्य देखिएको छ। भौतिक पूर्वाधारका हकमा अधिकांश बालविकास केन्द्रमा पर्याप्त सिकाइ कुना र सिकाइ सामग्री नहुनुले हाम्रो सिकाइ वातावरण अझै पनि परम्परागत र 'प्राज्ञिक दबाब' युक्त रहेको पुष्टि हुन्छ। प्रारम्भिक बालविकासलाई गुणस्तरीय बनाउन सङ्घीय सरकारले स्पष्ट कानुनी ढाँचा र मापदण्ड निर्माण गर्ने, प्रदेशले प्राविधिक सहयोग गर्ने र स्थानीय तहले समुदायसँगको साझेदारीमा भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्ने त्रिपक्षीय समन्वय आवश्यक छ।

## सन्दर्भ सामग्री (References)


CEHRD. (2020). Early childhood development curriculum framework 2077. Government of Nepal.

Dahal, M. (2024). Early childhood development programs in Nepal: Opportunities and challenges. Journal of Productive Discourse, 2(1), 35–46. https://doi. org/10. 3126/prod. v2i1. 65725

Education Review Office. (2024). School readiness report 2080 BS (2023/24 AD). Ministry of Education, Science and Technology.

Global Peace Foundation Nepal. (2025). Transforming education at the local level: Capacity building of teachers through integrated curriculum in Nepal. https://globalpeace. org/transforming-education-at-the-local-level-capacity-building-of-teachers-through-integrated-curriculum-in-nepal/

Ministry of Education, Science and Technology. (2016). School sector development plan (2016–2023). Government of Nepal.

Ministry of Education, Science and Technology. (2019). National curriculum framework 2076. Curriculum Development Centre.

Ministry of Education, Science and Technology. (2022). School education sector plan 2022–2032. Government of Nepal.

Nepal Law Commission. (2015). The constitution of Nepal. Government of Nepal. http://www. mofa. gov. np/the-constitution-of-nepal

Nepal Law Commission. (2017). Local government operation act 2017. Government of Nepal.

Nepal Law Commission. (2018). Education act (8th amendment). Government of Nepal.

Prajapati, K. (2024). Integrated curriculum and continuous assessment system in Nepal . Journal of Education and Research, 12(1), 45–62.

Shonkoff, J. P. , & Phillips, D. A. (2000). From neurons to neighborhoods: The science of early childhood development. National Academy Press. https://doi. org/10. 17226/9824

Shrestha, D. K. (2023). Early childhood education and development in Nepal: Status, trends and challenges. DMC Journal, 8(7), 63–72. https://doi. org/10. 3126/dmcj. v8i7. 62430

Thapa, S. (2025). Minimum standard theory to practice in ECD centers/preprimary school. Kalika Vikas, 6(1), 1–12. https://doi. org/10. 3126/kv. v6i1. 86589

UNESCO. (2015). Early childhood care and education policy review report: Nepal. UNESCO Publishing.

UNICEF. (2019). Early childhood development: A global strategy. UNICEF.

Woodhead, M. (2014). Early childhood development: Delivering inter-sectoral policies. International Journal of Educational Development, 35, 39–48. https://doi. org/10. 1016/j. ijedudev. 2013. 07. 007

World Vision International Nepal. (2025). How World Vision is preparing climate smart children in Mahottari through eco-school. https://www. wvi. org/stories/nepal/how-world-vision-preparing-climate-smart-children-mahottari-through-eco-school

Yoshikawa, H. , Weiland, C. , & Brooks-Gunn, J. (2016). Investing in our future: The evidence base on preschool education . Society for Research in Child Development, 81(3), 1–15. https://doi. org/10. 1111/cdev. 12478

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ Retrieved from http://www. nepallawcommission. gov. np

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र ।

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (National Minimum Standard for ECD Centers) प्रथम संशोधन, २०७५ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाका लागि प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) मा आधारित निर्माणात्मक मूल्याङ्कन स्रोत पुस्तिका, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९ ।

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७, पाठ्यक्रम विकास केन्द्र ।

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८, राष्ट्रिय योजना आयोग, २०७७

राष्ट्रिय योजना आयोग, (२०८१), सोह्रौं आवधिक योजना (२०८१ । ८२-२०८५ । ८६), सिंहदरबार, काठमाडौं, नेपाल ।

# सेतो गुराँस रास्ट्रिय बालविकास सेवा र ECD Harmony को सानो सहयोग, ठूलो परिवर्तन (सफलताको कथा)

**शशी बिसी**



रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नं. १०, चनखुस्थित एक सामुदायिक विद्यालयमा अध्ययनरत ५ वर्षे बालक सुप्रिम थापा मगर, बुबा सुदिप थापा मगर र आमा पुष्पा माया थापा मगरका पहिलो सन्तान हुन् । उनको जन्म मिति २०७८ साल फागुन २५ गते हो ।

तर सुप्रिमको जन्मसँगै परिवारमा ठूलो संकट आयो । सुत्केरी अवस्थामै उनकी आमाका दुवै मिर्गौला फेल भएपछि उनी दीर्घकालीन बिरामी बन्न पुगिन् । यसले परिवारको खुसीसँगै गहिरो पीडा पनि थप्यो । आमा आफैं अस्वस्थ भएकाले नवजात शिशुको उचित स्याहार गर्न सक्ने अवस्था थिएन ।

घरको आर्थिक अवस्था कमजोर थियो । बुबा दैनिक ज्यालामजदुरी गरेर गुजारा चलाउने भएकाले उपचार खर्च र बालकको हेरचाह दुबै जिम्मेवारी बढ्दै गयो । बाध्यतावश उनी रोजगारीका लागि कहिले काठमाडौं त कहिले भारत जान थाले । यता आमाले माईतीघरमा बस्नुपरेको अवस्था आयो । यसरी सुप्रिम हजुरबुबा र हजुरआमाको संरक्षणमा हुर्किन थाले ।

बाल्यकालमा आमाबुबाको माया, स्नेह र स्तनपानसमेत नपाएका सुप्रिमले एक शिशुले पाउनुपर्ने उचित स्याहार, पोषण र संरक्षण पाउन सकेनन् । उनका दिनहरू प्रायः हजुरआमासँग खेतबारी र मेलापातमै बित्थे ।

समयसँगै सुप्रिम बालविकास केन्द्र जाने उमेरमा पुगेपछि हजुरआमा-हजुरबुबाले उनलाई गाउँकै श्री हरिसिद्धि आधारभूत विद्यालयको बालविकास केन्द्रमा २०८२ साल वैशाख १६ गते भर्ना गरिदिए । तर शिक्षक आन्दोलनका कारण नियमित पठनपाठन जेठ महिनाबाट मात्र सुरु भयो ।

विद्यालयको पहिलो दिन उनी उत्साहित थिए । तर केही समयपछि उनले आफूले सोचेजस्तो खेल सामग्री र वातावरण नपाउँदा विद्यालयप्रति नकारात्मक धारणा बनाउन पुगे । दोस्रो दिनदेखि उनी विद्यालय जान नमान्ने, रुन र झगडा गर्ने गर्न थाले ।

विद्यालयमा खेल सामग्रीको अभाव र बालमैत्री वातावरण नहुँदा उनको रुचि झन् घट्दै गयो । उनी महिनामा एक-दुई पटक मात्र केन्द्र आउने, त्यो पनि हजुरआमाको दबाबमा रुँदै आउने गर्थे । केन्द्रमा बस्न नमान्ने, भाग्ने, कसैसँग नबोल्ने, आफ्ना सामान अरूलाई छुन नदिने जस्ता व्यवहार देखिन थाले । यसरी ६ महिना बित्यो ।

यसैबीच, सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको प्राविधिक सहयोग, चाइल्ड एड नेटवर्क फाउन्डेशनको आर्थिक सहयोग र मन्थली नगरपालिकाको समन्वयमा सञ्चालित ECD Harmony परियोजना अन्तर्गत विद्यालयमा विभिन्न सुधारहरू गरिए ।

कक्षाकोठामा ६ वटा सिकाइ कुना, खेल सामग्री (ब्लक, बल, चित्र कार्ड, मिलान कार्ड, डोमिनो, पजल आदि) तथा आवश्यक स्टेशनरी उपलब्ध गराइयो । साथै सहजकर्तालाई भीम्क सम्बन्धी तालिम दिई खेल, गीत, कथा, कविता र चित्रात्मक विधिबाट सिकाइ सहजीकरण सुरु गरियो ।



एक दिन सुप्रिम रुँदै केन्द्रमा आएका थिए । तर साथीहरू स्वतन्त्र रूपमा खेलिरहेको, शिक्षकले गीत र कथा सुनाइरहेको तथा खेल सामग्री प्रयोग गरेर सिकाइ भइरहेको देखेपछि उनी आकर्षित भए । त्यसपछि उनी विस्तारै नियमित रूपमा केन्द्र आउन थाले ।

अहिले सुप्रिममा उल्लेखनीय परिवर्तन आएको छ । उनी नियमित रूपमा विद्यालय आउने, साथीहरूसँग खेल्ने, शिक्षकसँग संवाद गर्ने, जिज्ञासा राख्ने र सिकाइ क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुने भएका छन् । अक्षर चिन्ने, गन्ने, मिलाउने जस्ता सीपहरूमा पनि प्रगति देखिएको छ ।

अभिभावकका अनुसार अहिले सुप्रिम आफैं खुसी हुँदै विद्यालय जान तयार हुन्छन् । घरमा पनि विद्यालयका गतिविधि, गीत, कथा र खेलहरू उत्साहका साथ सुनाउने गर्छन् ।

आज सुप्रिम केवल विद्यालय फर्किएका मात्र छैनन्, उनी एक आत्मविश्वासी, जिज्ञासु र खुसी बालकका रूपमा विकसित भएका छन् । यो परिवर्तन देखेर शिक्षक, अभिभावक र विद्यालय परिवार सबै अत्यन्त खुसी छन् ।

सेतो गुराँस रास्ट्रिय बालविकास सेवा र ECD Harmony को सानो सहयोगले सुप्रिमको जीवनमा ठूलो परिवर्तन ल्याएको यो कथा प्रेरणादायी उदाहरण बनेको छ ।

# प्रारम्भिक बाल्यावस्थामा बौद्धिक क्षमता विकास र खेलको भूमिका

**उमा घिमिरे**
प्रारम्भिक बालविकास विज्ञ
ghimireuma05@gmail . com
Mobile: ९८४१३९६१०९

**सारांश**

खेल बालबालिकाको जन्मजात गुण हो, जसले जीवनका मूलभूत तत्त्व सामाजिक गुण,सिप र नियम, नेतृत्व लिने र दिने, सहि र गलत छुट्ट्याएर व्यवहारमा उतार्ने, आफूभित्र रहेको क्षमता पत्तालगाई आत्मविश्वास बढाउने, सामूहिक कार्यलाई प्रोत्साहन गरी प्रजातान्त्रिक परिपाटी स्थापना गर्न, भाषा पूर्व लेखाइ तथा पढाइका सिप,समस्याको पहिचान र समाधानको उपाय, खोज, अनुसन्धान समस्या समाधानको रणनीति आदि, अनगिन्ती सिप विकास हुन्छ । यी सबै सिप मस्तिष्कको कार्यकारी कार्यअन्तर्गत रहेका छन्, जसले निष्कर्षमा स्मृति व्यवस्थापन, संज्ञानात्मक लचकता र निरोधात्मक नियमन गर्छ । यी तीन पक्षले कार्यालय सञ्चालनका लागि कार्यकारी समिति झैं मस्तिष्कको कार्यकारी कार्य सञ्चालन गर्छन् । मस्तिष्कको कार्यकारी कार्य (Executive Function) विकासको आधार प्रारम्भिक बाल्यावस्थामा खेलबाट प्राप्त विकास र सिकाइको अवसर हो ।

**परिचय**

मस्तिष्क मानव शरीरको एक जटिल र महत्त्वपूर्ण अङ्ग हो जसले मानिसको शारीरिक, भावनात्मक, र बौद्धिक क्षमतालाई नियन्त्रण र व्यवस्थापन गर्छ । यसले स्वैच्छिक र अनैच्छिक कार्य समानान्तर रूपमा गर्छ, जसमा विचार, स्मरण, भावना, स्पर्श, शारीरिक सिप, दृष्टि, स्वासप्रश्वास, तापक्रम, भोक र शरीरलाई नियमन गने जस्ता हरेक प्रक्रियाको व्यवस्थापन हुन्छ । यसले संवेदी अनुभवहरू (आँखा, नाक, कान, जिब्रो र छाला) र पाँच इन्द्रियद्वारा वातावरणबाट प्राप्त अनुभव र उत्तेजनालाई मस्तिष्कमा पठाउँछ, जसले स्नायुमा तरङ्ग उत्पन्न गर्छ र सोअनुरूप मस्तिष्कले अवधारणा तयारी तथा व्यवहार निर्माण गर्छ । यसमध्ये जीवनका प्रारम्भिक वर्षहरू स्नायु विकास र समन्वयको सक्रिय अवधि हुन्, जसले प्रत्येक सेकेन्डमा दश लाखभन्दा बढी नयाँ स्नायुलाई समन्वय गर्छ । यस अवधिलाई Synaptic Blooming भनिन्छ Martha and Valentine–French २०२१) । प्रारम्भिक बाल्यकालमा मानव मस्तिष्कको ९० प्रतिशत विकास हुन्छ । यस अवधिमा मस्तिष्कको वजन लगभग वयस्क आकारमा पुग्छ, वृद्धि र विकास पनि समानान्तर र यसको कार्य निरन्तर र द्रुत भएको हुन्छ (Lan, and et. ,al. , २०२३) । बौद्धिक विकासको बारेमा छलफल गर्दा मस्तिष्कको कार्यकारी कार्य (Executive Function) अर्को महत्त्वपूर्ण पक्ष हो, जसले संज्ञानात्मक, सामाजिक, र भावनात्मक क्षमतालाई नियमित गर्छ र जीवनचक्रमा विकासका परिणामलाई महत्त्व दिन्छ । किशोरावस्था यसको पूर्ण विकासको महत्त्वपूर्ण समय हो तर प्रारम्भिक अवस्थाको अनुभव नै यो अवस्थामा प्रतिविम्बित हुन्छ (Kiti and et. al. , २०२५) । मस्तिष्कको कार्यकारी कार्य (Executive Function ) संवेग नियन्त्रण र नियमन, स्वःनियन्त्रण

र नियमन र विचारको स्मरण तथा स्मृति व्यवस्थापन हो । Harvard University, २०१९ को अनुसन्धानले यसलाई एयर ट्राफिक कन्ट्रोलले जस्तै मस्तिष्कमा हुनेविचार र सूचनाको आँधिबेहरीलाई नियमन गर्दै, उपयुक्त विचार छनोट,सोअनुसारको व्यवहार प्रदर्शनजस्ता प्रमुख कार्य गर्छ भनी परिभाषित गरेको छ । मस्तिष्कको कार्यकारी कार्यलाई मुख्यतया तीन भागमा विभाजन गरिएको छ ः

**क्रियशील स्मृति** (**Working Memory**)ः क्रियशील स्मृति उच्च संज्ञानात्मक कार्य हो, जसले लामो छोटो अवधिको स्मरणलाई प्रशोधन गरेर आवश्यकताअनुरूप प्रयोग गर्छ । बालबालिकाले बिरालो देख्दा चिनेर म्याउँ गर्नु, वा विद्यार्थीले परीक्षामा पढेको सम्झेर लेख्नु क्रियशील स्मृति हो । यसले स्थायी स्मृतिको भण्डार बाट आवश्यक स्मृतिको समन्वय र प्रयोग वा अवस्थाअनुरूप सामान्यीकरण गर्दै प्रयोग गर्ने,तर्क गर्ने जस्ता बौद्धिक कार्य गर्छ । यसले जानकारीको अस्थायी भण्डार, अनुगमन हेरफेर गर्दै समय सापेक्ष प्रयोग गर्छ । विशेषतः भाषा सिकाइको सन्दर्भमा यसको योगदान महत्त्वपूर्ण छ (Demir, Bora,२०२१) । यसमा भाषा उच्चारण स्मृतिमा थन्क्याउने ,आवश्यक अवस्थामा हेरफेर गर्ने, पढ्ने सुन्ने आवाजको उतार चढाव नियन्त्रण आदि पर्छन् । यसै गरी तस्बिर, स्थान र अन्य दृश्य जानकारी, कल्पना, समन्वय आदि निष्कर्षमा श्रव्य दृश्य दुबैको व्यवस्थापन गर्छ ।

**निरोधात्मक नियन्त्रण** ( **Inhibitory Control**) ः निरोधात्मक नियन्त्रण यस्तो संज्ञानात्मक सिप हो जसले व्यवहार प्रतिक्रिया र आवेग नियमनको कार्य गर्छ, (Kang, and et. al. २०२२) । यो आत्मनियमनको एक नमुना पनि हो, जसले कार्यकारी कार्यको प्रभावकारिता दर्साउँछ । विचारको नियन्त्रण उपयुक्त विचार को छनोट, सामाजिक अन्तरक्रिया, लक्ष्य निर्धारण, ध्यान परिवर्तन,आवेग (रिस, खुःसी, उत्तेजना) नियन्त्रण र नियमन साथै आत्मनियन्त्रण, भावनात्मक नियन्त्रण, साथै अनगिन्ती आन्तरिक तथा बाह्य सूचना छनोट गरी ध्यानाकर्षण गर्छ । विशेषतः भावनाले प्रत्यक्ष रूपमा मनस्थिति परिवर्तन गर्छ,जसले स्मृति, योजना तयारी, निर्णय लिने क्षमतामा प्रभाव पर्छ, सकारात्मक भावनाले स्वस्थ कार्य र नकारात्मक भावनाले कार्यकारी कार्य (Executive Function) लाई प्रभाव पार्छ, (Jose, Jose, and Brendan, २०२४) ।

**संज्ञानात्मक लचिलोपना**(**Cognitive Flexibility**) ः क्रियशील स्मृति, रचतात्मकता, साक्षरता बुद्धिमत्ता,संरचित सिकाइ जस्ता मानसिक क्षमतालाई सामाजिक र संवेगात्मक कारणले प्रभाव पार्छ । समस्या समाधान अत्यन्त जटिल प्रक्रिया हो तर पहिला समस्यालाई पहिचान र समाधान गर्नुपर्ने बाध्यता र दृढ सङ्कल्प महसुस हुनुपर्छ । यसमा बालबालिकाले समस्या समाधानका सिपसँगै चुनौती स्वीकार गर्ने तथा रणनीति तय गर्ने पनि गर्छन् (Schafer, and et. al. , २०२४ ) ।

**पूर्व विद्यालय उमेरमा र खेल** ः

खेल गर्भबाट सुरु भई मृत्यु पर्यन्त रहन्छ त्यसैले खेल्नु मानव प्राणीको जन्मजात प्रवृत्ति हो । खेल र आनन्द एकअर्काको परिपूरक हुन्, जसले सन्तुष्टि र सिकाइको अवसर दिन्छ । प्रारम्भिक उमेरमा खेलले दिने साधारण अनुभवले मस्तिष्कका कोशिकाले एकअर्कामा समन्वय गर्छन् । खेलले मस्तिष्कका सबै भागलाई उत्प्रेरित गर्छ र हुर्कने क्रममा जटिल सञ्जाल बनाउँछ । यसले भविष्यको सिकाइ व्यवहार, भावनात्मक बुद्धिमत्ता र मानसिक

स्वास्थ्यका लागि उच्च संज्ञानात्मक आधार तयार गर्छ । यस अवधिमा खेलका लागि आमाबाबु / हेरचाहकर्ताले पर्याप्त अवसर प्रदान गरेर बालबालिकाको सिकाइको जग बसाल्न सक्छन् (Sitharie, २०२४) ।

कार्यकारी कार्यको विकास गर्भावस्थादेखि नै भए तापनि धेरै अध्ययनले पूर्वबाल्यावस्था यसका लागि अति महत्त्वपूर्ण रहेको देखाएका छन् । बालबालिकाका आफूसँग भएका अनुभवको आधारमा साथीसँग खेल खेल्न खेल्न मन पराउँछन् । खेलका माध्यमबाट उनीहरूले वास्तविक जीवनमा प्रवेश गर्ने कुरा सिक्छन् । यस अवस्थामा पाएका अवसरले भविष्यको बौद्धिक क्षमता र व्यवहारको आधार बनाउँछ । जसरी यस उमेरमा मस्तिष्कका कोषले समन्वय र सञ्जाल बनाउँछ,त्यसैले संज्ञानात्मक परिपक्वताको आधारशिला बनाउने, सामाजिक अनुकूलता, समस्या समाधान, सूचना प्रशोधन संश्लेषण विश्लेषण, चुनौती स्वीकार गर्ने गर्छन् । विशेष गरेर बालबालिकाले खेल खेल्दा जिम्मेवारी लिने, जित्ने रणनीति बनाउने, सचेत तथा ध्यानाकर्षण गरेर खेल्ने, बाधा पहिचान र व्यवस्थापन आदिले कार्यकारी कार्यको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ (Caporaso, Boseovski, and Marcovitch, २०१९) । यसबाहेक खेलले मस्तिष्कको न्युरोट्रान्मिटर सिर्जना र कार्य सुचारु गर्न सहयोग गर्छ, त्यसैले खेल अभ्यास, प्रवर्धन र अर्थपूर्ण परिवर्तनका लागि उपयुक्त साधन हो (Stewart, Thomas, and Lennis, २०१६) ।

## प्रारम्भिक बालबालिकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड

प्रारम्भिक बालबालिकास केन्द्र बालबालिकाको खेल्ने स्थान हो, जहाँ बालबालिकाले विभिन्न प्रकारका खेलद्धारा सर्वाङ्गीण विकाससहित भविष्यको आधार तयार गर्दै अन्तरनिहित क्षमता प्रस्फुटन गर्नुका साथै मस्तिष्कको कार्यकारी कार्यको आधार तयार गर्छन् । सबै बालविकास तथा शिक्षा केन्द्रको अवधारणा र भौतिक पक्ष र सिकाइ क्रियाकलामा एकरूपता ल्याउन प्रारम्भिक बालबालिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन, २०७५) ले बालविकास केन्द्रमा न्यूनतम भौतिक तथा सिकाइ वातावरण निर्धारण गरेको छ । यसमा निम्नानुसारका न्यूनतम सिकाइ वा खेल क्षेत्र हुनैपर्ने गरी सिफरिस गरेको छ :

## सिकाइ क्षेत्रअनुसार सामग्री

प्रारम्भिक बालबालिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले सिकाइका छओटा खेल क्षेत्र तोकेको छ । प्रत्येक क्षेत्रमा कम्तीमा पाँच जना बालबालिकाको समूहलाई खेल्न पुग्ने गरी स्थानीय क्षेत्रमा पाइने कच्चा पदार्थको प्रयोग गरी समुदायका दक्ष व्यक्तिको परिचालनबाट चित्रमा भएका जस्ता सामग्री तयार गर्नुपर्ने सिफारिस गरेको छ ।

### (क) बाहिरी खेल क्षेत्र

पिङ, चकाचुली, ढिकीच्याउ (तलमाथि हुने फल्याक वा बाँस) झुन्डिने ठाउँ, सुरुङ्ग, चिप्लेटी, लिस्नो (माथितल गर्ने), झुन्डिने डोरी, बल, कपडाको रिङ, छनछन आवाज आउने बाजा आदि



अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

(ख) **अभिनय खेल क्षेत्र**



पुतली, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, विद्यालय, ब्लक, भान्छाका सामान, पसलका सामान, सांस्कृतिक पोसाकका लुगा, मखुन्डो, ढिकी जाँतो, पुतलीको घर आदि

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

(ग) **स्वावलम्बनका लागि खेल क्षेत्र**



स्वावलम्बी सिप सिकाउने खेल डोरी बाँध्ने, हुक लाउने, टाँक लगाउने, तुना बाँध्ने, चेन लगाउने, उन्ने, बुन्ने, पट्याउने, च्यात्ने, गाँस्ने, खन्याउने आदि

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

(घ) **विज्ञान खेल क्षेत्र**



खस्रो, चिप्लो र नरम चिज राखेर बनाएको बोर्ड, स्केल, ऐना, माटो, बालुवा खेलका सामान, एक माना, आधा माना, चौथाइ, आधा चौथाइका नाप, तराजु र विभिन्न तौलने वस्तु, विभिन्न आकारको जोडा मिलाउने वस्तुको सेट, तन्किने र नतन्किने चिज, वरिपरि वातावरणमा पाइने बोटबिरुवा, फूल, पात, ढुङ्गा, माटो, विभिन्न आकारमा फलेका तरकारी र फलफूल स्पर्शका सामान हुन् । पानीको खेल, डुब्ने र उत्रने चिज, पग्लिने र नपग्लिने वस्तु, विभिन्न आकारका भाँडा, लिटर, आधा लिटर, मौसम चार्ट, फूल फुल्ने र नफुल्ने बिरुवा, टल्किने र नटल्किने वस्तु आदि

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

(ङ) **गणित सिकाइका लागि खेल क्षेत्र**



बार चार्ट, नाम कार्ड, लामो छोटा काठका टुक्रा, बिल्डिङ ब्लक्स, लप्सीका दाना, चिलाउनेका दाना, ढुङ्गाका टुक्रा, घडी, जोडा, जोडा मिल्ने वस्तु, गेडागुडी, अङ्क बोर्ड, काठका टुक्रा, ब्लक आदि गणित सिकाइका लागि सामग्री हुन् ।

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

**(च) भाषा सिकाइका लागि खेल क्षेत्र**



शरीर, परिवार, चराचुरुङ्गी, बोटबिरुवा, किरा फट्याङ्गा, फूल, अङ्क र अक्षर बोर्ड, विषयवस्तुअनुसारको फ्ल्यास कार्ड, कपडाका सामग्री, शब्दकार्ड, अक्षर कार्ड आदि भाषा सिकाइका लागि खेल सामग्री हुन् । पुतली, फलाटिन बोर्ड, पकेट भएको चार्ट, स्टिक पपेट, जोडी पुतली, परिवार सेट, पपेट, मानिस, जनावर, घरका नमुना, अन्य स्थानीय सामग्री चित्रसहितका कथा, गीत, कविता, कमिक्सका किताब आदि पनि यसमा पर्छन् ।

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३)

**(च) सिर्जनात्मक क्षेत्र खेल क्षेत्र**



रङ, गम, कागज, ब्रस, भुस, मकैको खोस्टा, विभिन्न आकार, रङ्गीन कागज, झिलिमिली कागज, गिलो माटो, रङ्गीन सिसाकलम, सेतो कागज, पुराना पत्रिका, पुराना किताब, बालुवा, फूलका पात, सानो नाङ्लो, ढक्की बिस्कुट र मञ्जन बाकस, घर बनाउने ब्लक्स, काठका टुक्रा, खोया, लठ्ठी आदि

अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३

## प्राम्भिक बालविकास शिक्षक तथा व्यवस्थापनको जिम्मेवारी

प्रारम्भिक बालबालिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले सर्वाङ्गीण विकासका लागि उपयुक्त वातावरण सिफारिस गरेको छ । यसले मस्तिष्कको उच्च संज्ञानात्मक कार्य वा कार्यकारी कार्यलाई पनि सकारात्मक प्रभाव पार्छ । यस पुस्तिकाले सिफारिस गरेको वातावरण सबै केन्द्रमा पाउन मुस्किल अवस्था रहेको छ । नेपाल सरकारको नीति निर्देशिका नेपाल सरकारकै कर्मचारीले लागु नगरेको अवस्था हाल बालविकास तथा शिक्षा केन्द्रमा पाइन्छ ।

## निष्कर्ष

**बालविकास तथा शिक्षा केन्द्रका शिक्षक तथा व्यवस्थापनले निम्नानुसारका कार्य गर्नुपर्छ :**

- प्रारम्भिक बालबालिकास पाठ्यक्रमले निर्धारण गरेको उपलब्धि भित्र रहेर क्रियकलाप गराउनु पर्छ ।
- प्रारम्भिक बालबालिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले सिफारिस गरेको सिकाइका लागि खेल क्षेत्र तयारी र प्रयोगमा ल्याउनुपर्छ ।
- प्रारम्भिक बालबालिकास केन्द्र राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले सिफारिस गरेका सिकाइ क्षेत्रअनुरूपका सामग्री, सिकाइ क्रयाकलाप, मूल्याकनका साधन अपनाउनुपर्छ ।

- अभिभावक शिक्षा योजनाअनुरूप सबै अभिभावकलाई अनिवार्य लिनुपर्ने व्ययवस्था गर्नुपर्छ ।

निष्कर्षमा बालबालिकाले खेलबाट पूर्ण मानव बन्ने कला सिक्ने हुनाले प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा पूर्णतया खेलमा आधारित सिकाइ गर्नुपर्छ । विद्यमान अवस्थामा रहेको संस्थागत र निजी क्षेत्रका असमानता हटाई सबै बालबालिकालाई सिकाइमा एकरूपताका लागि प्रारम्भिक बालविकास पाठ्यक्रम, न्यूनतम मापदण्ड र निरन्तर मूल्याङ्कनका लागि प्रारम्भिक बालविकास सिकाइ मापदण्डको व्यापक प्रयोग गर्नुपर्छ ।

**सन्दर्भ सामग्री**


कार्यकर्ताहरूका लागि आधारभूत तालिम पुस्तिका, प्रकाशकः नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग प्रारम्भिक बाल विकास शाखा सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र, २०७७ बालशिक्षा पाठ्यक्रम, प्रकाशकः नेपाल सरकार, शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुर

प्रारम्भिक बालशिक्षा अपाङ्गतामैत्री खेल सामाग्री सहयोगी पुस्तिका(२०२३), शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रारम्भिक बाल विकास शाखा सानोठिमी, भक्तपुर

*Caporaso, J. S., Boseovski, J. J., & Marcovitch, S. (2019). The individual contributions of three executive function components to preschool social competence. Infant and Child Development, 28(4), 17. Retrieved from <Go to ISI>://WOS:000490551400005. doi:https://doi.org/10.1002/icd.2132*

*Demir, Bora. (2021). Working Memory Model and Language Learning. Shanlax International Journal of Education. 9. 1-8. 10.34293/education.v9iS2-Sep.4366*

*Eberhart, J., Paes, T. M., Ellefson, M. R., & Marcovitch, S. (2023). Executive functions and play. Trends in Neuroscience and Education, 30, 100198. Retrieved from <Go to ISI>://MEDLINE:36925269. doi:https://doi.org/10.1016/j.tine.2023.100198.*

*Harvard University (2019). The "Air Traffic Control" Analogy: It manages multiple, fast-moving information streams, prioritizing tasks and avoiding distractions, Center on the Developing Child, Harvard University, --April, 2019*

*Lally Martha and Valentine-French Suzanne (2021). Lifespan Development-A Psychological Perspective, Creative Commons Attribution- Non Commercial- ShareAlike 4.0*

*Stewart, Anne & Field, Thomas & Echterling, Lennis. (2016). Neuroscience and the Magic of Play Therapy. International Journal of Play Therapy. 25. 4-13. 10.1037/pla0000016*

*Thilakarathna, Sitharie. (2024). THE ROLE OF PLAY IN COGNITIVE AND SOCIAL DEVELOPMENT IN EARLY CHILDHOOD.*